
Annex – 3: Campus Statute



श्री सुकुना बहुमुखी क्याम्पस
(इन्द्रपुर, मोरङ) को
नियमावली २०५४ (पहिलो संशोधन २०६५)

प्रस्तावना

१. त्रिभुवन विश्वविद्यालय नियम २०५० को परिच्छेद ८८ को नियम ३८० को अधीनमा रही सम्बन्धनप्राप्त क्याम्पससम्बन्धी नियम निर्माण गर्न सक्ने प्रत्यायोजित अधिकारका आधारमा सुकुना बहुमुखी क्याम्पस सञ्चालनका लागि यो नियमावली निर्माण गरिएको छ ।

२. यस नियमावलीबाट उच्च माध्यमिक शिक्षा परिषद्को सम्बन्धनलाई प्रतिकूल असर पार्ने छैन ।

परिच्छेद -१

३. नाम र प्रारम्भः

क) यसको नाम : "श्री सुकुना बहुमुखी क्याम्पस नियमावली २०५४ (पहिलो संशोधन २०६५)" हुनेछ ।

ख) यो संशोधित नियमावली सुकुना बहुमुखी क्याम्पस सञ्चालक परिषद्ले अनुमोदन गरेको मितिदेखि लागू हुनेछ ।

परिच्छेद-२

४. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा :

क) 'क्याम्पस' भन्नाले श्री सुकुना बहुमुखी क्याम्पसलाई बुझिनेछ ।

ख) 'विश्वविद्यालय' भन्नाले सम्बन्धन दिने त्रिभुवन विश्वविद्यालय (त्रि.वि.) लाई बुझिनेछ ।

ग) 'सञ्चालक समिति' वा छोटकरीमा 'सं.स.' भन्नाले यस नियमावलीबमोजिम गठित क्याम्पस सञ्चालक समितिलाई बुझिनेछ ।

घ) 'संस्थापक' भन्नाले "श्री सुकुना बहुमुखी क्याम्पस नियमावली २०५४" मा उल्लिखित क्याम्पस स्थापनाकालका क्याम्पस तदर्थ समितिका पदाधिकारी, सदस्यहरू, स्थापनाकालका प्राध्यापकहरू र कर्मचारीहरूसमेतलाई बुझिनेछ।

ङ) 'आजीवन' सदस्य भन्नाले क्याम्पसको परिषद् सदस्यता जीवनभर रहने गरी सदस्यता पाउने व्यक्तिलाई बुझिनेछ ।

च) 'छिमेकी गा.वि.स. वा मा.वि. तथा उच्च मा.वि.' भन्नाले मृगौलिया, सुन्दरपुर, दुलारी, बेलबारी, केराबारी, हरैंचा, लेटाङ र डाँगीहाट गा.वि.स. एवं ती गा.वि.स.हरूमा स्थित सामुदायिक माध्यमिक तथा उच्च माध्यमिक विद्यालयहरूलाई बुझिनेछ ।

छ) 'परिषद्' भन्नाले यस नियमावलीअनुसार गठित क्याम्पस परिषद्लाई बुझिनेछ ।

ज) 'अध्यक्ष' भन्नाले क्याम्पस सञ्चालक समितिका अध्यक्षलाई बुझिनेछ ।

झ) 'क्याम्पसप्रमुख भन्नाले क्याम्पसको शैक्षिक, आर्थिक एवं प्रशासनिक कार्य गर्न नियुक्त गरिएको प्रमुख व्यक्तिलाई बुझिनेछ ।

ञ) 'सहायक क्याम्पसप्रमुख' भन्नाले क्याम्पसप्रमुखको मातहतमा रही क्याम्पसको शैक्षिक, आर्थिक एवं प्रशासनिक कार्यमा सहयोग पुऱ्याउन नियुक्त गरिएको व्यक्तिलाई बुझिनेछ ।

ट) 'शिक्षक' भन्नाले स्थायी, अस्थायी, आंशिक तथा करार सेवामा क्याम्पसमा प्राध्यापनका लागि नियुक्त सबै अध्यापकहरूलाई बुझिनेछ ।

ठ) 'सदस्य सचिव' भन्नाले यस नियमावलीबमोजिम गठित क्याम्पस सञ्चालक समितिको सचिवलाई बुझिनेछ ।

ड) 'कर्मचारी' भन्नाले प्राध्यापन कार्यबाहेक प्रशासनिक, लेखा, पुस्तकालय, प्रयोगशाला तथा क्याम्पससम्बन्धी अन्य काम गर्ने क्याम्पसबाट स्थायी वा अस्थायी नियुक्ति पाएका व्यक्तिलाई बुझिनेछ ।

ढ) 'अक्षयकोष' भन्नाले शिक्षा विकासमा योगदान पुऱ्याउने विभिन्न दाताहरूबाट प्रदत्त रकमको मूलधन खर्च नगरी सो मूलधनबाट प्राप्त ब्याजको रकम मात्र तोकिएको शीर्षकमा खर्च गर्ने गरी स्थापित कोषका साथै क्याम्पसबाट स्थापित अक्षयकोषसमेत बुझिनेछ ।

परिच्छेद -३

५.१ क्याम्पस परिषद्को गठन :

क) क्याम्पस परिषद्को सदस्यताको प्रकार:

क्याम्पस परिषद्का सदस्यहरू निम्न किसिमका हुनेछन् :

१) आजीवन सदस्य

२) संस्थापक सदस्य

३) पदेन सदस्य

४) मनोनीत सदस्य

ख) सदस्यताको प्राप्ति :

क्याम्पस परिषद्को सदस्य बन्न इच्छुक व्यक्तिले क्याम्पस सञ्चालक समितिसमक्ष निवेदन दिनेछन् । सदस्यता प्रदान गर्ने निर्णय सं.स. ले गरेपछि आवश्यक पर्ने सदस्यता शुल्क बुझाएमा सम्बन्धित व्यक्तिलाई सं.सं ले सदस्यता प्रदान गर्नेछ ।

ग) सदस्यतासम्बन्धी परिभाषा र पदावधि :

१) आजीवन सदस्य : क्याम्पसपरिषद्को सदस्यता प्राप्त गर्ने व्यक्ति बाचुन्जेल क्याम्पस परिषद्को सदस्यका रूपमा पदावधि रहने सदस्यलाई आजीवन सदस्य मानिनेछ । यस क्याम्पसको परिषद्मा निम्न व्यक्तिहरूलाई आजीवन सदस्य मानिनेछ :

क) आजीवन सदस्य शुल्क बुझाई सदस्यता प्राप्त गर्ने व्यक्तिहरू ।

ख) आजीवन सदस्यता शुल्कभन्दा बढी मोलिने जमिन क्याम्पसलाई दानस्वरूप उपलब्ध गराउने व्यक्तिहरू (यो व्यवस्था यो विधानको पहिलो संशोधनपछिको हकमा मात्र लागू हुनेछ ।)

ग) यो नियमको संशोधन लागू हुनुभन्दा पहिले नै क्याम्पसलाई जतिसुकै मोलको जग्गा वा रु. २५०००।- वा सोभन्दा माथि नगद वा मोलको जग्गा दान स्वरूप दिने अनुसूची १ अनुसारका दाताहरू ।

घ) अनुसूची खण्डमा उल्लेख भएका अनुसूची २ अनुसार संस्थापक क्याम्पस सञ्चालक तदर्थ समिति र संस्थापक प्राध्यापकहरू तथा अनुसूची ३

अनुसार २०५६/७/१९ सम्म बहाल रहेका सं.सं. का पदाधिकारी तथा संस्थापकहरू ।

ङ) छात्रवृत्तिका लागि स्थापित अक्षयकोषमा रु. २,००,०००।- वा सोभन्दा बढी रकम प्रदान गर्ने दाताहरू ।

५.१.१ पदेन सदस्य : निम्न पदमा रहेका व्यक्तिहरूलाई क्याम्पस परिषद्को पदेन सदस्यता प्रदान गरिनेछ, निजहरूको पदावधि मूल पदमा बहाल रहेसम्म मात्र रहनेछ :

क) क्याम्पस रहेको गा.वि.स.का निर्वाचित अध्यक्ष, उपाध्यक्ष र सम्बन्धित वडाका वडाध्यक्ष,

ख) क्याम्पस रहेको निर्वाचनक्षेत्र तथा छिमेकका निर्वाचनक्षेत्रहरूबाट प्रतिनिधित्व गर्ने व्यवस्थापिका संसद्का सांसदहरू,

ग) क्याम्पस रहेको इलाका तथा छिमेकको इलाकाहरूबाट जिल्ला विकास समितिका लागि निर्वाचित इलाका सदस्यहरू

घ) छिमेकी गा.वि.स. का निर्वाचित अध्यक्षहरू,

ङ) जिल्ला विकास समिति मोरङका निर्वाचित सभापति,

च) प्राध्यापक सङ्घ क्याम्पस एकाइ समितिका सभापति,

छ) क्याम्पसप्रमुख,

ज) व्यापार प्रबन्ध समिति, इन्द्रपुरका अध्यक्ष,

झ) स्ववियु सभापति,

ञ) विश्वविद्यालयका प्रतिनिधि एक जना

ट) जिल्ला प्रशासन कार्यालय मोरङका प्रतिनिधि एक जना,

ठ) क्याम्पस रहेको गा.वि.स.मा रहेका सामुदायिक मा.वि., उच्च मा.वि.हरूका प्रधानाध्यापक वा प्राचार्य एक/एक जना र छिमेकी गा.वि.स.का माध्यमिक वा उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापक वा प्राचार्यहरू ।

५.१.२ मनोनीत सदस्य:

सञ्चालक समितिले क्याम्पसको हितमा आवश्यक ठानेका बुद्धिजीवी, समाजसेवी, शिक्षाप्रेमी, आदिवासी, जनजाति, महिलासमेत समावेश हुने गरी

बढीमा ११ जनालाई परिषद् सदस्य पदमा मानेनीत गर्न सक्नेछ । यसरी मनोनीत व्यक्तिलाई मनोनीत परिषद् सदस्य भनिनेछ र यस्ता सदस्यहरूको पदावधि ३ वर्षको हुनेछ । पदावधिको गणना गर्दा आर्थिक वर्षको सुरु श्रावण १ गतेबाट गरी ३ वर्षको कार्याकाल पुग्ने आषाढ मसान्तसम्म हुनेछ ।

५.१.३ सदस्यता शुल्क :

क) आजीवन सदस्यता शुल्क रु. ७१,०००।-

५.१.४ सदस्यता प्राप्तिका लागि आवश्यक योग्यता :

क्याम्पस परिषद्को सदस्यता प्राप्त गर्नका लागि निम्न योग्यता पुगेको हुनुपर्नेछ :

क) नेपालमा बसोबास गर्ने १८ वर्ष पुगेको नेपाली नागरिक ।

ख) क्याम्पसको विधानलाई निसर्त पालना गर्ने व्यक्ति,

ग) सामाजिक सेवामा प्रतिबद्ध व्यक्ति,

घ) सामाजिक तथा कानुनी हिसाबमा नैतिक पतन हुने अभियोग नलागेको व्यक्ति

५.२ सदस्यता बहाल रहन नसक्ने अवस्था :

निम्न अवस्थामा क्याम्पस सञ्चालक परिषद्को सदस्यता रहनेछैन । सदस्यता रहे नरहेको निर्णय सञ्चालक समितिले गर्नेछ । सञ्चालक समितिमा निर्णयका लागि आफ्नो प्रतिवेदनसहित सं.स. का सचिवले प्रस्ताव गर्नुपर्नेछ । सञ्चालक समितिको निर्णयलाई क्याम्पस परिषद्ले अनुमोदन गर्नुपर्नेछ ।

क) मगज बिग्रेमा वा बौलाएमा ।

ख) टाट पल्टी दामासाहीमा परेको ठहरेमा,

ग) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट सजाय पाएको व्यक्ति भएमा ।

घ) सम्बन्धित सदस्यले आफ्नो पदबाट राजिनामा दिएमा,

ङ) क्याम्पसको हितविपरीत काम गरेको प्रमाणित भएमा ।

च) क्याम्पस परिषद्को पदेन सदस्य रहेको पदमा नरहेमा ।

५.३ क्याम्पस परिषद्को बैठक :

क) क्याम्पस परिषद्को बैठक सामान्यतया वर्षमा एकपटक आर्थिक वर्ष सुरु हुनुअगावै बस्नेछ तर सभाका पच्चीस प्रतिशत सदस्यले विशेष कारण जनाई लिखित माग गरेमा तीस दिनभित्र अध्यक्षले बैठक बोलाउनु पर्नेछ । कुनै कारणवश तोकिएको समयावधिभित्र सञ्चालक परिषद्को वार्षिक बैठक हुन नसकेमा थप एक महिनभित्र बैठक बस्नुपर्नेछ ।

ख) क्याम्पस परिषद्को बैठकका लागि कुल गणपूरक सङ्ख्या ५१ प्रतिशत सदस्यहरूको उपस्थितिलाई मानिनेछ, तर आवश्यक गणपूरक सङ्ख्या अपुग भई दोस्रो पटक बैठक बोलाउनु परेमा ३० प्रतिशत र सो सङ्ख्या पनि अपुग भएमा तेस्रोपटक बोलाइएको बैठकमा उपस्थित सदस्य सङ्ख्यालाई नै गणपूरक सङ्ख्या मानिनेछ ।

ग) परिषद् बैठकको अध्यक्षता क्याम्पस सञ्चालक समितिका अध्यक्षले गर्नेछन् ।

घ) परिषद् बैठकको मर्यादा, बोल्नेक्रम, प्रस्ताव तथा बैठक सञ्चालनको प्रक्रियासम्बन्धी जिम्मेवारी अध्यक्षमा रहनेछ ।

ङ) कुनै पनि प्रस्तावको निर्णय उपस्थित सदस्य सङ्ख्याको बहुमतबाट हुनेछ तर नियमावली संशोधनका हकमा भने गणपूरक सङ्ख्याको २ तिहाइ बहुमत आवश्यक हुनेछ ।

५.४ क्याम्पस परिषद्को काम कर्तव्य र अधिकार:

५.४.१ क्याम्पस सञ्चालक समिति गठन गर्ने ।

५.४.२ क्याम्पस सञ्चालक समितिले पारित गरी पेस गरेको वार्षिक कार्यक्रम र बजेटलाई अनुमोदन गर्ने ।

५.४.३ क्याम्पस सञ्चालनका लागि आवश्यक शैक्षिक भौतिक सामग्री जुटाउन क्याम्पसलाई सहयोग पुऱ्याउने ।

५.४.४ क्याम्पस सञ्चालनका क्रममा सञ्चालक समितिलाई आवश्यक परामर्श सल्लाह र सुझाव दिने ।

५.४.५ क्याम्पसको आन्तरिक हिसाब-किताब रेखदेख गर्न परिषद्का सदस्यहरूमध्येबाट संयोजकसहित ३ जनाको एक लेखा समितिको गठन गर्नेछ ।

५.४.६ सञ्चालक समितिले गरेको कारबाहीको पुनरावेदन हेर्ने र त्यस प्रयोजनका लागि सञ्चालक समितिको बहालवाला पदाधिकारी वा सदस्यहरू नपर्ने गरी क्याम्पस सञ्चालक परिषद्का सदस्यहरूमध्येबाट संयोजकसहित ५ सदस्यीय एक पुनरावेदन समिति गठन गर्नेछ ।

५.४.७ सञ्चालक समितिले प्रस्तुत गरेको लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी आवश्यकताअनुसार परिमार्जन गरी सुझावसहित अनुमोदन गर्ने ।

परिच्छेद-४

सञ्चालक समितिको गठन :

६.१ क्याम्पसलाई व्यवस्थित रूपले सञ्चालन गर्नहुने २१ सदस्यीय समितिको गठन हुनेछ ।

६.२ सञ्चालक समितिमा देहायका पदाधिकारीहरू रहनेछन् :

क) अध्यक्ष	१
ख) उपाध्यक्ष	१
ग) सदस्य सचिव	१
घ) सदस्यहरू	१८

६.३.१ सञ्चालक समितिको गठन विधि देहायबमोजिम हुनेछ :

क) क्याम्पस परिषद्बाट निर्वाचित अध्यक्ष	१
ख) क्याम्पस परिषद्बाट निर्वाचित उपाध्यक्ष	१
ग) क्याम्पस परिषद्बाट निर्वाचित सदस्यहरू	९
घ) प्राध्यापक सङ्घ क्याम्पस एकाइको प्रतिनिधि	१
ङ) सम्बन्धित गा.वि.स.का अध्यक्ष	१
च) सञ्चालक समितिका निवर्तमान अध्यक्ष	१

छ) क्याम्पसस्थित जि.वि.स. इलाकाका सदस्य १

ज) विश्वविद्यालय प्रतिनिधि १

झ) क्याम्पस संस्थापक मा.वि.
(सुकुना माध्यमिक विद्यालय) का प्रधानाध्यापक १

ञ) क्याम्पसप्रमुख सदस्य सचिव १

ट) सञ्चालक समितिबाट मनोनीत सदस्य ३

६.३.२ सञ्चालक समितिमा निर्वाचित हुने पदाधिकारीहरू तथा सदस्यको निर्वाचनका लागि सञ्चालक समितिले ३ सदस्यीय निर्वाचन समिति गठन गर्नेछ । निर्वाचनसम्बन्धी सम्पूर्ण प्रक्रिया निर्वाचन समितिले निर्धारण गर्नेछ ।

६.३.३ निर्वाचित पदाधिकारी तथा सदस्यहरू र पदेन सदस्यहरूसहितको सञ्चालक समितिको बैठकले परिषद्का सदस्यहरूमध्येबाट ३ जना सदस्यहरू मनोनीत गर्नेछ ।

६.४ यसरी गठन भएको सञ्चालक समितिको कार्य अवधि ३ वर्षको हुनेछ । कार्य अवधि गणना गर्दा आर्थिक वर्ष श्रावण १ गतेबाट सुरु गरी ३ वर्षको कार्यकाल पुग्ने आषाढ मासान्तसम्म गणना गरिनेछ ।

६.५ सञ्चालक समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

क) क्याम्पस सञ्चालनका लागि सक्रिय रहने ।

ख) क्याम्पस सञ्चालनका लागि चाहिने आर्थिकस्रोत जुटाउने ।

ग) क्याम्पसको भौतिक एवं शैक्षिक विकासका लागि आवश्यक निर्णयहरू गरी कार्यान्वयन गर्न सक्रिय रहने ।

घ) क्याम्पस प्रमुखको सिफारिसमा सहायक क्याम्पसप्रमुखहरूको नियुक्ति गर्ने ।

ङ) सेवा आयोगको सिफारिसमा शिक्षक तथा कर्मचारिको नियुक्ति एवं बढुवा गर्ने ।

च) क्याम्पसप्रमुख, प्राध्यापकहरू तथा कर्मचारीहरूलाई पुरस्कृत गर्ने, सजाय गर्ने र आवश्यक निर्देशन दिने ।

छ) क्याम्पसप्रमुख, सहायक क्याम्पसप्रमुखहरू, प्राध्यापकहरू तथा कर्मचारीहरूको पारिश्रमिक तथा सुविधाहरू त्रि.वि.को ऐन-नियमका आधारमा निर्धारण गर्ने ।

ज) शिक्षक तथा कर्मचारीहरूको दरबन्दी कायम गर्ने ।

झ) क्याम्पसप्रमुख तथा सदस्यहरूबाट आएका प्रस्तावहरूमा छलफल र निर्णय गर्ने ।

ञ) लेखापरीक्षकको नियुक्ति गरी प्रत्येक वर्ष क्याम्पसको लेखापरीक्षण गराउने ।

ट) वार्षिक बजेट तथा प्रतिवेदनमा छलफल गरी पारित गर्ने ।

ठ) क्याम्पसको आवश्यकताअनुसार उप-समितिहरू गठन गर्ने ।

ड) विभिन्न व्यक्ति वा संस्थाबाट प्राप्त छात्रवृत्तिको समुचित वितरण गर्ने ।

ढ) त्रि.वि.को नियम-विनियमको अधीनमा रही विद्यार्थी भर्ना, शुल्क निर्धारण, छात्रवृत्ति, निःशुल्क छात्रवृत्ति व्यवस्था तथा धरौटी आदिका लागि विनियम बनाउने ।

ण) क्याम्पसको चल अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने ।

त) प्राध्यापकहरूलाई तालिम, अध्ययन, अनुसन्धान र वृत्तिविकासका अवसरहरू उपलब्ध गराउने ।

थ) सद्भाव कायम गरी, गराई क्याम्पसको शैक्षिक वातावरण स्वच्छ राख्ने।

द) विश्वविद्यालय वा अन्य सङ्घ-संस्थाद्वारा आयोजित तालिम, गोष्ठी, सेमिनार एवम् अभिमुखीकरण आदि कार्यक्रमहरूमा तोकिएको मात्रामा प्राध्यापकहरूको सहभागिता गराउने ।

ध) स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनको व्यवस्था मिलाउने ।

न) क्याम्पसप्रमुख र निजको सिफारिसमा शिक्षक तथा कर्मचारीहरूको अध्ययन बिदा, बेतलबी बिदा जस्ता लामो अवधिका बिदा स्वीकृत गर्ने ।

प) त्रि.वि. नियम २०५० को परिच्छेद ५ को दफा २१ (क) (ख) (ग) मा व्यवस्था भएअनुसार सम्बन्धनप्राप्त क्याम्पसका काम कर्तव्य र अधिकारको प्रयोग गर्ने , गराउने ।

फ) क्याम्पसको आर्थिक, शैक्षिक र भौतिक क्षेत्रमा रखेदेख नियन्त्रण गरी क्याम्पस प्रशासनलाई आवश्यक निर्देशन दिने ।

ब) क्याम्पसको संस्थागत विकाससम्बन्धी काम गर्ने, गराउने ।

भ) स्वदेशी वा विदेशी सङ्घ-संस्था वा व्यक्ति वा जनसमुदायबाट अनुदान, दानदातव्य र सहयोग प्राप्त गर्ने ।

म) क्याम्पसमा +२ को शैक्षिक कार्यक्रम सञ्चालन गर्न उच्च माध्यमिक शिक्षा परिषद्को नीति-नियमको परिधिभित्र रही सञ्चालक समितिले छुट्टै आवश्यक विनियम निर्माण गरी लागू गर्ने ।

य) शैक्षिक जनशक्ति विकास केन्द्रबाट सञ्चालित शैक्षिक कार्यक्रम वा अन्य शैक्षिक कार्यक्रम कानुन तथा नीति-नियमको परिधिभित्र रही सञ्चालक समितिले आवश्यक विनियम निर्माण गरी सञ्चालन गर्ने, गराउने ।

र) त्रिभुवन विश्वविद्यालय नियमावली २०५० को अनुसूची ५ (परिच्छेद ८८ को नियम ३८० सँग सम्बन्धित) सम्बन्धन प्राप्त क्याम्पसले पालना गर्नुपर्ने सर्तहरू पालना गर्ने, गराउने ।

६.६ सञ्चालक समितिका पदाधिकारी तथा सदस्यहरूको काम कर्तव्य र अधिकार:

६.६.१ अध्यक्ष :

क) सञ्चालक समिति तथा परिषद्को बैठकको अध्यक्षता गर्ने ।

ख) क्याम्पस प्रशासनसम्बन्धी सञ्चालक समितिबाट भएका निर्णयहरू कार्यान्वयन गराउने ।

ग) क्याम्पसको भौतिक तथा शैक्षिक सामग्री जुटाउन स्थानीय जनशक्ति परिचालन गर्ने ।

घ) बैठकमा मतदान हुँदा बराबरी भएमा निर्णायक मत दिने ।

ङ) सञ्चालक समितिका अधिकार र कर्तव्यहरू पालना गर्ने र गराउने ।

च) आवश्यक निर्देशन दिने ।

छ) क्याम्पस प्रमुखको बिदा स्वीकृत गर्ने ।

६.६.२ उपाध्यक्ष :

क) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने तथा अध्यक्षले गर्ने सबै कामहरू गर्ने ।

ख) अध्यक्षद्वारा प्रत्यायोजन गरिएका कामहरू गर्ने ।

६.६.३ सदस्य सचिव :

क) अध्यक्षको परामर्श लिएर सञ्चालक समितिको बैठक बोलाउने ।

ख) बैठकमा पेस हुने प्रस्तावहरूको सूची तयार पारी सबै सदस्यहरूलाई बैठकअघि नै उपलब्ध गराउने ।

ग) सञ्चालक समितिका तर्फबाट गर्नुपर्ने पत्राचार र सञ्चालक समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने ।

घ) क्याम्पसको भौतिक तथा आर्थिक कारोबार तथा वार्षिक कार्ययोजनालाई अद्यावधिक राख्ने र सं.स.ले चाहेका बखत देखाउने ।

६.६.४ सदस्यहरू :

क) क्याम्पसको सर्वाङ्गीण विकासमा योगदान पुऱ्याउने ।

ख) सञ्चालक समितिको बैठकमा उपस्थित भई प्रस्तुत विषयमा आवश्यक छलफल गरी समुचित निर्णय गर्न भूमिका निर्वाह गर्ने ।

ग) अध्यक्ष, उपाध्यक्ष तथा क्याम्पसप्रमुखलाई क्याम्पसको हित र उन्नतिका लागि आवश्यक सल्लाह र सुझाव दिने ।

घ) क्याम्पस सञ्चालनका लागि आवश्यक पर्ने भौतिक तथा आर्थिक सहयोग जुटाउन सक्रिय रहने ।

ङ) क्याम्पसको रेखदेख, नियन्त्रण र निर्देशन गर्ने ।

च) समय-समयमा क्याम्पसको निरीक्षण गरी आवश्यक सुझाव तथा प्रस्ताव सञ्चालक समितिमा पेस गर्ने ।

छ) सञ्चालक समितिले दिएको जिम्मेवारी इमान्दारीपूर्वक वहन गर्ने ।

६.७ सञ्चालक समितिको बैठक र कार्यविधि:

क) अध्यक्षको परामर्श लिई सदस्य सचिवले आवश्यकताअनुसार बैठक बोलाउने ।

ख) अध्यक्षको तथा उपाध्यक्षको अनुपस्थितिमा उपस्थित सदस्यहरूमध्ये उमेरको ज्येष्ठताका आधारमा ज्येष्ठ सदस्यबाट बैठकको अध्यक्षता गराउने ।

ग) सञ्चालक समितिका १/३ एकतिहाइ सदस्यहरूद्वारा लिखितरूपमा बैठकको माग भएमा सदस्य सचिवले अनिवार्य रूपमा बैठका बोलाउने ।

घ) बैठकको गणपूरक सङ्ख्या ५१ एकाउन्न प्रतिशत हुनेछ तर पहिलो बैठक गणपूरक सङ्ख्या नपुगी स्थगित हुन गएमा दोस्रो पटक बोलाइएको बैठकको गणपूरक सङ्ख्या सम्पूर्ण सदस्य सङ्ख्याको एकतिहाइ हुनेछ ।

ङ) सञ्चालक समितिको निर्णय उपस्थित सदस्यहरूको बहुमतबाट हुनेछ ।

च) सञ्चालक समितिको बैठक वर्षभरमा न्यूनतम ६ पटक बस्नेछ ।

६.८ पद रिक्त हुने अवस्था :

देहायका अवस्थामा सञ्चालक समितिका पदाधिकारी तथा सदस्यहरूको पद स्वत: रिक्त भएको मानिनेछ :

क) मृत्यु भएमा

ख) राजिनामा गरेमा

ग) मगज बिग्रिएमा

घ) सञ्चालक समितिको बैठकमा विनासूचना लगातार तीन पटकसम्म अनुपस्थित रहेमा ।

६.९ पदपूर्तिका व्यवस्था :

माथिको जुनसुकै कारणबाट पद रिक्त भएमा सञ्चालक समितिद्वारा परिषद्का सदस्यहरूमध्येबाट सहवरणका आधारमा पदपूर्ति गर्न सक्नेछ ।

७. सल्लाहकार समिति :

७.१ ५ सदस्यीय एक सल्लाहकार समितिको गठन गर्न सक्नेछ । सल्लाहकार समितिको कार्य अवधि सञ्चालक समितिको अवधिभरि हुनेछ ।

७.२ क्याम्पस सञ्चालक समितिले सल्लाहकार समितिसँग क्याम्पस सञ्चालन र व्यवस्थापनसम्बन्धी विषयहरूमा परामर्श लिन सक्नेछ ।

परिच्छेद -५

८. क्याम्पसप्रमुख र सहायक क्याम्पसप्रमुखको व्यवस्था :

८.१ क्याम्पसप्रमुखको नियुक्ति सञ्चालक समितिले क्याम्पसमा कार्यरत प्राध्यापक, शिक्षकहरूमध्येबाट सामान्यतया ज्येष्ठता र कार्यदक्षताको आधारमा गर्नेछ।

क) क्याम्पसप्रमुखको कार्यकाल ४ वर्षको हुनेछ । कार्यकाल समाप्त भएपछि अर्को कार्यकाल थप्ने वा नथप्ने अधिकार सञ्चालक समितिको हुनेछ।

ख) कार्यक्षमताको अभाव देखिएमा आवश्यक प्रक्रिया पूरा गरी सञ्चालक समितिले क्याम्पसप्रमुखलाई क्याम्पसप्रमुख पदबाट अवकाश दिन सक्नेछ।

ग) क्याम्पसको शैक्षिक, प्रशासनिक र आर्थिक आदि जिम्मेवारी लिई नियमानुसार क्याम्पस सञ्चालनका सबै काम गर्ने जिम्मा क्याम्पसप्रमुखको हुनेछ।

घ) क्याम्पसप्रमुखको सुविधा तथा भत्ता साबिक पदमा खाइपाई आएको तलब नै हुनेछ तर क्याम्पसप्रमुख भई काम गरेबापत निजलाई त्रि.वि.मा भएको व्यवस्थालाई ध्यानमा राखी भत्ता तथा अन्य सुविधा सञ्चालक समितिले निर्णय गरी उपलब्ध गराउनेछ।

ङ) क्याम्पसप्रमुख पदमा नियुक्त शिक्षकको साबिकका पदमा पदाधिकार कायम रहनेछ।

च) क्याम्पसप्रमुख सञ्चालक समितिको पदेन सदस्यसचिव रहनेछ र निज सञ्चालक समितिप्रति सम्पूर्णरूपले जवाफदेही हुनुपर्नेछ।

८.२. काम, कर्तव्य अधिकार

क) क्याम्पसमा विद्यार्थी भर्ना गर्ने, निष्कासन गर्ने जस्ता सम्पूर्ण अधिकार क्याम्पसप्रमुखको हुनेछ।

ख) क्याम्पसका शिक्षक तथा कर्मचारीले आफूले वहन गर्नुपर्ने दायित्व उचित ढङ्गले निर्वाह गरेनगरेको मूल्याङ्कन गर्ने , स्पष्टीकरण लिने जस्ता विभागीय सजाय गर्न सक्ने अधिकार क्याम्पसप्रमुखको हुनेछ तर

विभागीय सजायबाहेकका अन्य कारबाहीका लागि सञ्चालक समितिमा पेस गर्नुपर्नेछ ।

ग) क्याम्पसका प्राध्यापक तथा कर्मचारीको पदोन्नति, पुरस्कार तथा वार्षिक सुविधा वृद्धिका लागि सञ्चालक समितिमा सिफारिस गर्ने ।

घ) शिक्षक तथा कर्मचारीको बिदा स्वीकृति गर्ने, कार्य विभाजन गर्ने तथा सेवाको अभिलेख राख्ने ।

ङ) क्याम्पसभित्र प्रवचन, प्रदर्शन तथा सांस्कृतिक कार्यक्रमका लागि अनुमति दिने तथा आवश्यकताअनुसार समारोहको आयोजना गर्ने ।

च) छात्रवृत्ति वितरण गर्ने एवम् विद्यार्थीका कसुरको मात्रा हेरी सजाय वा माफी दिने ।

छ) सञ्चालक समितिमा शिक्षक कर्मचारी दरबन्दी विवरण र वार्षिक बजेट आवश्यक रायसुझावसाथ पेस गर्ने ।

ज) स्वीकृत ढाँचामा लेखा राख्न लगाउने र आर्थिक प्रशासनसम्बन्धी प्रमुख दायित्व निर्वाह गर्ने ।

झ) आफू क्याम्पसमा अनुपस्थित रहँदा सहायक क्याम्पसप्रमुख र निज पनि अनुपस्थित भए अन्य प्राध्यापकहरूमध्येबाट निमित्त भई काम गर्न तोक्ने ।

ञ) सञ्चालक समिति र त्रि.वि.ले तोकेका अन्य कामहरू गर्ने ।

ट) वार्षिक कार्यक्रम तयार पारी शैक्षिक सत्रको सुरुमा नै क्याम्पसमा अध्यापन गराइने पाठ्यांशको सूची प्रकाशित गर्ने र कक्षाकोठा निर्धारण गर्ने ।

ठ) नियमावलीमा उल्लेख भएको बाहेक शिक्षक तथा कर्मचारीको १ (एक) महिनाभन्दा कमको बेतलबी बिदा स्वीकृत गर्ने ।

ड) एक शैक्षिक सत्रमा आवश्यकताअनुसार बढीमा ५ दिनसम्म स्थानीय बिदा दिने ।

ढ) शिक्षक तथा कर्मचारीको अध्ययनबिदा स्वीकृतिका लागि सञ्चालक समितिमा सिफारिस गर्ने ।

ण) शिक्षक तथा कर्मचारकिो आवश्यक दरबन्दीका लागि सञ्चालक समितिमा सिफारिस गर्ने ।

त) अनुशासनहीन काम गर्ने वा आचारसंहिता विपरीत हुने काम गर्ने विद्यार्थीलाई निष्कासन गर्ने वा अन्य सजायहरू गर्ने ।

थ) विद्यार्थीहरूको योग्यता परीक्षाको व्यवस्था गर्ने तथा विद्यार्थीहरू भर्ना गर्ने ।

द) कक्षाकोठा व्यवस्थापन गर्ने, गराउने ।

ध) पुस्तकालय तथा वाचनालयको व्यवस्था गर्ने गराउने ।

न) विद्यार्थीहरूमा अनुशासन कायम गराई आवश्यकता हेरी अनुशासनसम्बन्धी कारबाही गर्ने ।

प) तोकिएबमोजिम छात्रवृत्ति वितरण गर्ने ।

फ) अतिरिक्त क्रियाकलापको व्यवस्था गर्ने ।

ब) विद्यार्थीहरूको सबै तहका परीक्षाको व्यवस्था गर्ने ।

भ) प्रत्येक चालू शैक्षिक सत्रको पठन-पाठनसम्बन्धी दैनिक कार्यतालिका (Routine) निर्माण गरी कक्षाकोठा तोक्ने ।

म) क्याम्पसमा सामाजिक, सांस्कृतिक वा अन्य रचनात्मक कार्य सञ्चालनका लागि अनुमति दिने ।

य) क्याम्पसका शिक्षक तथा कर्मचारीको अनुशासन कायम गर्ने र आवश्यक परेमा अनुशासनसम्बन्धी कारबाही गर्ने ।

र) शिक्षक तथा कर्मचारिको कार्य विभाजन तथा मूल्याङ्कन गर्ने ।

ल) सेवाको रेकर्ड राख्ने ।

व) क्याम्पसको वार्षिक प्रतिवेदन तयार गरी सञ्चालक समितिमा पेस गर्ने ।

श) आफ्नो अनुपस्थितिमा निमित्त भई काम गराउनका लागि व्यवस्था गर्ने । यसै परिच्छेदको ८.४ (क) अनुसार निमित्त हुने अवस्था नभएमा अन्य शिक्षकहरूमध्येबाट निमित्त व्यवस्था गर्ने ।

ष) शैक्षिक गुणस्तर कायम गर्न क्याम्पसमा रहेका विभाग तथा विभागीय प्रमुखहरूबीच समन्वय गराई आवश्यक कार्य सम्पादन गर्ने ।

स) क्याम्पसको शैक्षिक गुणस्तर उकास्न कम्तीमा त्रैमासिक रूपमा स्टाफबैठक बोलाउने ।

ह) सहायक क्याम्पसप्रमुखका लागि सञ्चालक समितिमा सिफारिस गर्ने ।

क्ष) विषय शिक्षण समितिको अध्यक्षको नियुक्ति गर्ने ।

८.३. सहायक क्याम्पसप्रमुख :

क) क्याम्पसमा अध्यापनरत प्राध्यापकहरूमध्येबाट सहायक क्याम्पसप्रमुखहरूको नियुक्ति क्याम्पसप्रमुखको सिफारिसमा सञ्चालक समितिले गर्न सक्नेछ ।

ख) सहायक क्याम्पसप्रमुखको कार्यावधि तीन वर्षको हुनेछ तर सञ्चालक समितिले उपयुक्त ठानेमा पदावधि थप गर्न वा पदावधि समाप्त हुनुअघि अवकाश दिनसक्नेछ ।

ग) सहायक क्याम्पसप्रमुखको तलब आफ्नो साबिक पदमा खाइपाई आएको तलब नै हुनेछ तर सहायक क्याम्पसप्रमुख भई काम गरेबापतको सुविधा सञ्चालक समितिले तोकेबमोजिम हुनेछ ।

घ) सहायक क्याम्पसप्रमुख प्रथमत: क्याम्पस तहमा सम्बन्धित सङ्कायका लागि जिम्मेवार हुनेछ र सोबाहेक निजले क्याम्पस नियमावलीका अधीनमा रही क्याम्पसप्रमुखद्वारा प्रत्यायोजित कामहरू गर्नेछ ।

ङ) जुन पद वा तहबाट सहायक क्याम्पसप्रमुख पदमा नियुक्त गरिएको हो सोही पदमा निजको पदाधिकार रहिरहनेछ ।

८.४ काम, कर्तव्य र अधिकार

क) क्याम्पसप्रमुखको अनुपस्थितिमा क्याम्पसप्रमुखबाट दिइएको निमित्तको कार्यभार बहन गरी क्याम्पस सञ्चालन गर्ने । निमित्त नदिई अनुपस्थित रहेको अवस्थामा ज्येष्ठताको आधारमा ज्येष्ठ सहायक क्याम्पसप्रमुखले स्वत: निमित्त क्याम्पसप्रमुख भई कार्य सञ्चालन गर्ने ।

ख) क्याम्पसमा क्याम्पसप्रमुखको काममा सहयोग पुऱ्याउने ।

ग) एकभन्दा बढी सहायक क्याम्पसप्रमुख भएमा ज्येष्ठताका आधारमा निमित्त क्याम्पसप्रमुख हुने ।

घ) सहायक क्याम्पसप्रमुख पूर्णरूपले क्याम्पसप्रमुखप्रति उत्तरदायी हुनेछ ।

ङ) सहायक क्याम्पसप्रमुख सम्बन्धित सङ्कायको शैक्षिक प्रशासनका लागि जिम्मेवार हुनेछ ।

च) सहायक क्याम्पसप्रमुखले क्याम्पसको शैक्षिक, प्रशासनिक तथा आर्थिक काममा क्याम्पसप्रमुखलाई सघाउने, आवश्यक सरसल्लाह र सुझाव दिनेछ ।

छ) लगातार १५ (पन्ध्र) दिनभन्दा बढी निमित्त क्याम्पसप्रमुख भई काम गरेमा निजले उक्त अवधिको क्याम्पसप्रमुखले पाउने बराबरको भत्ता पाउनेछ ।

८.५ क्याम्पसप्रमुखले र सहायक क्याम्पसप्रमुखले राजिनामा दिन चाहेमा क्याम्पस सञ्चालक समितिमा पेस गर्नुपर्नेछ । राजिनामा स्वीकृत गरी क्याम्पसका शिक्षकहरूमध्येबाट सञ्चालक समितिले क्याम्पसप्रमुख, सहायक क्याम्पसप्रमुखको नियुक्ति गर्न सक्नेछ । निवर्तमान क्याम्पसप्रमुख र सहायक क्याम्पसप्रमुख पदाधिकार रहेका पदमा कार्यरत हुनेछन् ।

परिच्छेद -६

९.१ क्याम्पस शिक्षक तथा कर्मचारीहरूका सेवा-सर्तहरू:

९.२ क्याम्पसका शिक्षक तथा कर्मचारीहरूका देहायबमोजिम पद र श्रेणी रहनेछन् :

शिक्षकतर्फ :

क) प्राध्यापक

ख) सह-प्राध्यापक

ग) उप-प्राध्यापक

घ) सहायक प्राध्यापक वा शिक्षण सहायक

ङ) प्रशिक्षक

च) उप-प्रशिक्षक

कर्मचारीतर्फ :

क) प्रशासक (राजपत्राङ्कित तृतीय श्रेणीसरह)

ख) लेखापाल (राजपत्र अनङ्कित प्रथम श्रेणीसरह)

ग) हेड क्लर्क (राजपत्र अनङ्कित प्रथम श्रेणीसरह)

घ) सिनियर क्लर्क (राजपत्र अनङ्कित द्वितीय श्रेणीसरह)

ङ) लाइब्रेरियन (राजपत्र अनङ्कित द्वितीय श्रेणीसरह)

च) जुनियर क्लर्क (राजपत्र अनङ्कित तृतीय श्रेणीसरह)

छ) पियन, अर्दली, मेहतर, कुचीकार (श्रेणीविहीन)

विज्ञानसङ्कायतर्फ :

क) ल्याब असिस्टेन्ट (राजपत्र अनङ्कित प्रथम श्रेणीसरह)

ख) ल्याबब्वाइ (पियनसरह)

९.३ दरबन्दीसम्बन्धी व्यवस्था :

१. क्याम्पस सञ्चालक समितिले क्याम्पसका सङ्काय, कक्षा र विषयका आधारमा न्यूनतम शिक्षक तथा कर्मचारी-दरबन्दी सङ्ख्या तोक्नेछ तर न्यूनतम योग्यता यस नियमावलीले निर्धारण गरेअनुसार हुनेछ ।

२. हाल क्याम्पसमा कार्यरत पूर्णकालिक शिक्षक तथा कर्मचारीको पद दरबन्दीअनुसार नै भएको मानिनेछ ।

परिच्छेद -७

१०. सेवाआयोगको व्यवस्था

१०.१ यस क्याम्पसमा काम गर्ने शिक्षक तथा कर्मचारीहरूको नियुक्ति क्याम्पस सेवा आयोगको सिफारिसमा सञ्चालक समितिले गर्नेछ ।

१०.२ सेवा अयोगको गठन सञ्चालक समितिले गर्नेछ ।

१०.३ शिक्षक सेवा आयोग ३ सदस्यीय हुनेछ, आयोगको गठन निम्नानुसार हुनेछ :

क) क्याम्पस प्रमुख : अध्यक्ष

ख) प्राध्यापक सङ्घको प्रतिनिधि : सदस्य

ग) सञ्चालक समितिको प्रतिनिधि: सदस्य

घ) दफा १० उपदफा ३ क, ख र ग बाहेक छनोटप्रक्रिया पूरा गर्न आवश्यक भएमा सम्बन्धित विषयको एक जनासम्म विषयविशेषज्ञ अन्य क्याम्पसबाट आमन्त्रित गर्न सकिनेछ ।

१०.४ कर्मचारी सेवा अयोगमा निम्नलिखित व्यक्तिहरू रहनेछन् :

क) सञ्चालक समितिद्वारा नियुक्त : अध्यक्ष

ख) क्याम्पसप्रमुख : सदस्य सचिव

ग) प्राध्यापक सङ्घको प्रतिनिधि : सदस्य

घ) सञ्चालक समितिका सदस्यहरूमध्ये २ जना : सदस्य

१०.५ योग्यता : शिक्षक तथा कर्मचारीहरूको योग्यताका हकमा त्रिभुवन विश्वविद्यालयले निर्धारण गरेबमोजिम हुनेछ ।

१०.६ सेवा आयोगको काम, कर्तव्य र अधिकार :

क) छनोटका लागि आवश्यक कार्यविधि तयार पार्ने ।

ख) छनोटसम्बन्धी गोपनीयता राख्ने ।

ग) छनोट प्रक्रिया निष्पक्ष, भेदभावरहित र विश्वसनीय बनाउने ।

घ) क्याम्पसबाट माग भई आएका पदहरूका लागि योग्यता पुगेका व्यक्तिहरूमध्येबाट योग्यतम व्यक्तिको (उम्मेदवारको) चयन गरी स्थायी नियुक्तिका लागि सञ्चालक समितिमा सिफारिस गर्ने ।

ङ) क्याम्पसका शिक्षक तथा कर्मचारी नियुक्तिका आधार, कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमता अङ्कविभाजन एवं सिफारिससम्बन्धी प्रक्रिया निर्धारण गरी सञ्चालक समितिबाट स्वीकृत गराई कार्यान्वयन गर्ने ।

१०.७ सेवा आयोगबाट सिफारिस भई स्थायी नियुक्ति पाएका व्यक्तिको परीक्षणकाल एक वर्षको हुनेछ ।

१०.८ क्याम्पसको आर्थिक तथा जिन्सी फाँटसँग सम्बन्धित कर्मचारीले सञ्चालक समितिले तोकेबमोजिम जमानत राख्नुपर्नेछ ।

१०.९ यस क्याम्पसमा स्थायी नियुक्ति पाएका व्यक्तिले क्याम्पसले तोकेका सबै कामहरू इमान्दारीसाथ पूरा गर्नुपर्नेछ । निजले क्याम्पस सञ्चालन हुने समयावधिमा पूर्ण समय दिनुपर्नेछ ।

१०.१० शिक्षक सेवा आयोग र कर्मचारी सेवा आयोगले सञ्चालन गर्ने छनोट तथा पदोन्नतिको प्रक्रिया सञ्चालक समितिद्वारा निर्मित विनियमका आधारमा हुनेछ ।

परिच्छेद -८

११ शिक्षक तथा कर्मचारीहरूको योग्यता, नियुक्ति र सेवाका सर्तहरू:

११.१ योग्यता : यस क्याम्पसमा विभिन्न पदका निम्ति आवश्यक शिक्षक तथा कर्मचारीको न्यूनतम शैक्षिक योग्यता त्रि.वि.ले निर्धारण गरेबमोजिम हुनेछ ।

११.२ नियुक्ति : आवश्यकताअनुसार क्याम्पसले देहायबमोजिमका शिक्षक तथा कर्मचारीहरू नियुक्ति गर्नेछ ।

अ) स्थायी नियुक्ति :

१. क्याम्पसमा रिक्त रहेका वा क्याम्पसले सृजना गरेका कुनै पनि शिक्षक कर्मचारी दरबन्दीमा स्थायी पदपूर्तिका लागि विज्ञापन प्रकाशित गरी सम्बन्धित पद र विषयका निम्ति आवश्यक शैक्षिक योग्यता पूरा गरेका नेपाली नागरिकहरू मध्येबाट खुला वा आन्तरिक प्रतियोगिताद्वारा शिक्षक सेवा आयोग वा कर्मचारी सेवा अयोगको सिफारिसमा आवश्यक सङ्ख्यामा सञ्चालक समितिले शिक्षक तथा कर्मचारिको स्थायी नियुक्ति गर्नेछ ।

२. शिक्षकतर्फ निर्धारित दरबन्दीका आधारमा सुरुको स्थायी नियुक्ति उप-प्राध्यापक पदमा गरिनेछ । खुला प्रतियोगिताका लागि राष्ट्रियस्तरका दैनिक पत्र-पत्रिका र आन्तरिक प्रतियोगिताका लागि स्थानीय पत्र-पत्रिका मार्फत विज्ञापन प्रकाशित गरिनेछ । रिक्त कर्मचारी पदमा पनि यही प्रक्रिया अपनाइनेछ ।

आ) करार नियुक्ति :

१. पूर्णकालीन करार : क्याम्पसलाई आवश्यक भई कुनै कारणबाट स्थायी पदपूर्ति हुन नसकेमा आवश्यक पदका लागि योग्यता पूरा गरेका इच्छुक नेपाली नागरिकलाई सम्बन्धित विषयमा अध्यापन गराउन वा सम्बन्धित क्षेत्रमा काम गराउन खुला वा आन्तरिक प्रतिस्पर्धा प्रक्रियाबाट छनोट गरी करारनामा

सर्तबन्दीमा सञ्चालक समितिले बढीमा एक वर्षका लागि नियुक्ति दिन सक्नेछ ।

२. कोर्स करार : कुनै कारणवश क्याम्पसमा विद्यार्थीसङ्ख्या कम भई कक्षाभार घट्न गएमा र कुनै शिक्षकको करार नवीकरण हुन नसक्ने अवस्था सिर्जना भएमा पुराना करार शिक्षकहरूमध्येबाट ज्येष्ठताका आधारमा नियमअनुसार विषयगत कक्षाभार वितरण गर्दै लगिनेछ । त्यसपछि पनि अझै केही पिरियड बाँकी रहेको अवस्थामा सम्बन्धित विषयको कोर्स पूरा गर्न प्रतिपिरियड मासिक रूपमा निश्चित पारिश्रमिक दिई पूर्णकालीन करार नवीकरण हुन नसकेका त्यस्ता शिक्षकलाई एक शैक्षिक सत्रका लागि कोर्सकरार नियुक्ति दिन सकिनेछ । साथै विशेष परिस्थितिमा विशेष विषय पढाउने गरी कुनै नयाँ व्यक्तिलाई पनि कोर्स करार नियुक्ति दिन सकिनेछ । त्यसका निम्ति दिइने पारिश्रमिक सञ्चालक समितिले विनियममा व्यवस्था गरेबमोजिम हुनेछ ।

३. करार नवीकरण : एक करार अवधि पूरा गरेका शिक्षकलाई क्याम्पसको नियमानुसार सम्बन्धित विषयमा तोकिएको कार्यभार (Period) पुगेमा सोही पदमा अर्को शैक्षिक अवधिका लागि सेवा नवीकरण गरिनेछ ।

इ) अंशकालीन (Period Basis) नियुक्ति :

क) क्याम्पसमा स्थायी वा करार सेवामा नियुक्ति गर्न नसक्ने अवस्थामा क्याम्पसलाई आवश्यक परेमा शैक्षिक योग्यता पूरा गरेका नेपाली नागरिकलाई खुला प्रतिस्पर्धा गराई अंशकालीन (Period Basis) सेवा नियुक्ति दिन सकिनेछ । त्यस्तो नियुक्ति पाएका शिक्षकले दुई शैक्षिकसत्र सेवा पूरा गरेपछि पनि क्याम्पसलाई आवश्यक भइरहेमा अर्थात् नियमबमोजिम पिरियड पुग्ने भएमा निजको कार्यक्षमताको मूल्याङ्कन गर्दै आन्तरिक प्रतिस्पर्धा गराई वार्षिक करार सेवामा नियुक्ति दिन सकिनेछ ।

ख) करार वा आंशिककालीन सेवाका लागि पनि स्थानीय पत्रिकामा विज्ञापन प्रकाशन गरी प्रतिस्पर्धा गराएर मात्र पदपूर्ति गरिनेछ ।

ई) कर्मचारीहरूका हकमा क्याम्पसलाई आवश्यक परी स्थायी पदपूर्ति गर्न नसकेका अवस्थामा विज्ञापन प्रक्रियाद्वारा सञ्चालक समितिले अस्थायी नियुक्ति गर्न सक्नेछ ।

११.३ सेवा सर्तहरू:

क) सबै स्थायी नियुक्तिहरू प्रारम्भमा एक वर्षको परीक्षणकालमा रहने गरी सुरु तलब स्केलमा गरिनेछ । तर नियमबमोजिम बढुवा भएका साथै यसअघि नै करार नियुक्ति पाई क्याम्पसलाई सेवा पुऱ्याएका शिक्षक तथा कर्मचारीलाई परीक्षणकालमा राखिने छैन ।

ख) परीक्षणकाल समाप्त हुनुभन्दा कम्तीमा दुई महिना अगावै क्याम्पसप्रमुखले शिक्षक तथा कर्मचारीको काम र आचरणबारेको प्रतिवेदनसहित सेवा स्थायी गर्ने वा नगर्ने सिफारिस सञ्चालक समितिमा पेस गर्नुपर्नेछ ।

ग) परीक्षण कालभरि सन्तोषजनक रूपमा काम र आचरण देखिएमा त्यस्ता शिक्षक वा कर्मचारीलाई परीक्षणअवधि समाप्त भएपछि सञ्चालक समितिले स्थायी नियुक्ति पाएको सुरु मितिदेखि नै अवधि गणना हुने गरी सम्बन्धित पदको सेवा स्थायी गर्नेछ ।

घ) कुनै स्थायी शिक्षक वा कर्मचारीले क्याम्पसको सेवाबाट अवकाश लिन चाहेमा निजले दुई महिनाअगावै क्याम्पसप्रमुखलाई लिखित जानकारी दिनुपर्नेछ । त्यस्तो जानकारी नदिई सेवा छाडेमा निजसँग क्याम्पसले दुई महिनाको तलब बराबरको रकम निजले पाउने सुविधाबाट कट्टा गरी असुल गर्न सक्नेछ ।

ङ) स्थायी नियुक्ति लिई क्याम्पसमा कार्यरत कुनै पनि शिक्षक वा कर्मचारीलाई आवश्यक परेका बेला क्याम्पसले अर्को सिफ्टमा सरुवा गर्न वा अतिरिक्त पारिश्रमिक दिई दुबै सिफ्टमा काम

लगाउन सक्नेछ । त्यसरी अर्को सिफ्टमा काम गरेबापतको पारिश्रमिक, साप्ताहिक कक्षाभार पूरा भएमा निजले आफ्नो तहगत रूपमा खाइपाई आएको मासिक तलबको ६६ प्रतिशत बराबरको रकम हुनेछ र कक्षाभार कम भई सोही अनुपातका हिसाबले आउने रकम हुनेछ । कक्षाभार जति भए पनि निजले अतिरिक्त एक पिरियड कक्षा लिनुपर्नेछ । अतिरिक्त सिफ्टका लागि निजले छुट्टै अपर्झट एवम् पर्व बिदाबाहेक दसैं खर्च र अन्य बिदाहरू पाउने छैन ।

छ) करार नियुक्ति लिई अविच्छिन्न रूपमा कम्तीमा ७ वर्ष सेवा गरेका शिक्षकलाई क्याम्पसको आवश्यकताअनुसार विषयगत रिक्त स्थायी दरबन्दीमा आन्तरिक प्रतियोगिताको प्रक्रियाद्वारा उपप्राध्यापक पदमा स्थायी नियुक्ति दिन सक्नेछ ।

ज) यस क्याम्पसलाई बाधा पुग्ने गरी समानान्तर अन्य शिक्षण संस्थामा सेयर लगानी भएका कुनै पनि व्यक्तिलाई नयाँ करार दिइने छैन । साथै पहिले नियुक्ति पाएका व्यक्तिले त्यसरी लगानी गरेको वा त्यस्ता शिक्षण संस्थाको कुनै प्रशासनिक पदमा काम गरेको पाइएमा त्यो संस्था छाडेको प्रमाण पेस नगरेसम्म अर्को वर्षका निम्ति निजको करार सेवा नवीकरण गरिने छैन ।

झ) कुनै एक सिफ्टका लागि निर्धारण गरिएका विषयगत कक्षाहरू अर्को सिफ्टमा कार्यभार पुऱ्याउनका निम्ति गणना गरिने छैन । साथै सम्बन्धित विषयका शिक्षकलाई अर्को सिफ्टमा वा अर्को विषय थप गरी कक्षाभार पुऱ्याएर करार नियुक्ति दिइने छैन ।

ञ) सामान्यतया सबै करार नियुक्ति सहायक प्राध्यापक वा शिक्षण सहायक पदमा गरिनेछ तर क्याम्पसको आवश्यकता अनुसार औचित्य पुष्टि गरी सञ्चालक समितिले उपयुक्त ठानेमा सम्बन्धित विषय पढाउने गरी सामान्य योग्यता पुगेका कुनै व्यक्तिलाई उप-प्रशिक्षक वा प्रशिक्षक पदमा अथवा कुनै योग्य व्यक्तिलाई उपप्राध्यापक पदमा पनि करार नियुक्ति दिन

सक्नेछ । प्राविधिक कारणले करार सेवामा शिक्षकहरूलाई स्थायी सेवामा लान नसकिने भएमा आवश्यकता हेरी नवीकरण गर्नुपर्ने गरी नियुक्ति दिन सकिनेछ ।

१२. बढुवासम्बन्धी व्यवस्था:

क्याम्पसमा कार्यरत सबै स्थायी शिक्षक तथा कर्मचारीको योग्यता र दक्षताका आधारमा आवश्यकता अनुसार देहायबमोजिम पदोन्नतिको व्यवस्था गरिनेछ :

१२.१ उपप्राध्यापकबाट सहप्राध्यापक पदमा बढुवा गर्ने :

क) सहप्राध्यापक पदमा विषयगत दरबन्दी सृजना गरी शैक्षिक, बौद्धिक तथा कृतिगत आधारमा मूल्याङ्कनका साथै उपप्राध्यापक पदमा नियुक्ति पाएको मितिले ६ वर्षसम्म अविच्छिन्न सेवा गरेका व्यक्तिलाई सञ्चालक समितिले शिक्षक सेवा अयोगको सिफारिसमा सहप्राध्यापक पदमा बढुवा गर्न सक्नेछ ।

ख) यसरी बढुवा गर्दा विषय र सेवाअवधि पुगेका सङ्ख्यालाई समेत दृष्टिगत गरी सृजना गरिएका दरबन्दीमा आन्तरिक प्रतिस्पर्धा गराई बढुवा गरिनेछ ।

१२.२ सहप्राध्यापकबाट प्राध्यापक पदमा बढुवा गर्ने :

प्राध्यापक पदमा बढुवा गर्दा शैक्षिक, बौद्धिक, कार्यक्षमता, ज्येष्ठता तथा कृतिगत मूल्याङ्कनका आधारमा सहप्राध्यापक पदमा नियुक्ति पाएका मितिले ७ (सात) वर्षसम्म अविच्छिन्न सेवा गरेका व्यक्तिलाई सञ्चालक समितिले शिक्षक सेवा अयोगको सिफारिसमा प्राध्यापक पदमा बढुवा गर्न सक्नेछ ।

१२.३ कर्मचारीको बढुवा गर्ने :

क) क्याम्पसमा कार्यरत कर्मचारीहरूको पदोन्नतिका हकमा कुनै पदमा स्थायी नियुक्ति पाएका मितिले अविच्छिन्न १० वर्षसम्म सेवा गरेकालाई आन्तरिक प्रतिस्पर्धा गराई सोभन्दा माथिल्लो तहमा बढुवा गर्न सकिनेछ तर कुनै पनि कर्मचारीले प्राप्त गरेको आफ्नो अधिकतम

शैक्षिक योग्यताको एक तहभन्दा माथि बढुवा गरिने छैन र यस्तो बढुवा एकपटकभन्दा बढी गरिनेछैन । त्यसभन्दा माथिल्लो पदमा बढुवा गर्दा उसले सम्बन्धित पदका निम्ति आवश्यक शैक्षिक योग्यता पूरा गरेको हुनुपर्नेछ ।

ख) पियन वा सोसरहका श्रेणीविहीन कर्मचारीको बढुवा गरिने छैन तर क्याम्पसमा माथिल्लो तहमा दरबन्दी रिक्त भएमा आवश्यक शैक्षिक योग्यता पुगेका त्यस्ता कर्मचारीलाई आन्तरिक प्रतिस्पर्धा गराई नियुक्ति दिन सकिनेछ । त्यसरी नियुक्ति पाएका कर्मचारीको निजको साबिक पदको सेवाअवधिसमेत गणना गरिनेछ ।

ग) लामो समयसम्म इमान्दरीपूर्वक सेवा पुऱ्याएका कुनै श्रेणीविहीन कर्मचारीलाई क्याम्पसप्रमुखको सिफारिसमा सञ्चालक समितिले ग्रेड थप गर्न वा विशेष भत्ता थप गर्न सक्नेछ ।

घ) सबै प्रकारका कर्मचारीको बढुवा गर्दा क्याम्पसको आवश्यकता हेरी सञ्चालक समितिले तोकेको दबरन्दीका आधारमा मात्र गरिनेछ ।

परिच्छेद -९

१३. कायममुकायमको व्यवस्था :

१३.१ कायममुकायम (छोटकरीमा का.मु) भई काम गर्ने :

क) क्याम्पसप्रमुख पद कुनै कारणबाट ३० दिनभन्दा बढी रिक्त हुन गएमा ज्येष्ठताका आधारमा क्याम्पसमा कार्यरत प्राध्यापकलाई सो पदमा काम गर्न सञ्चालक समितिले कायममुकायम मुकर्रर गर्न सक्नेछ तर विशेष परिस्थितिमा भने विवरण खोली प्रशासनिक तथा लेखा प्रमुखको कामका लागि पनि का.मु. दिन सक्नेछ ।

ख) नियम १३.१.क बमोजिम कायममुकायम भई काम गर्ने प्रशासकीय कर्मचारीहरूका पदको सुरु तलबमान साबिक पदमा खाइपाई आएको रकमभन्दा कम भएमा थप वृद्धि दिई साबिक तलब घट्न दिइनेछैन । क्याम्पसप्रमुखका हकमा भने का.मु. हुँदा क्याम्पसप्रमुखको निर्धारित भत्ता मात्र उपलब्ध गराइनेछ ।

ग) का.मु. भई गरेको सम्पूर्ण कामको जवाफदेही का.मु. भई काम गर्ने उपर नै रहनेछ ।

घ) पूरा वर्षदिन का.मु. भई काम गरेमा वार्षिक वृद्धिसमेत पाउनेछ ।

१३.२ निमित्त भई काम गर्ने :

क) क्याम्पसको क्याम्पसप्रमुख वा प्रशासकीय अधिकार प्रयोग गर्ने व्यक्ति कुनै पनि कारणले ३० दिनभन्दा कम अनुपस्थित रहँदा र त्यस स्थानमा काम गर्ने अर्को व्यक्तिको व्यवस्था नभएको परिस्थितिमा निजको मातहतको ज्येष्ठ शिक्षक वा कर्मचारीलाई क्याम्पसप्रमुखले निमित्त दिन सक्नेछ ।

ख) उपनियम (क) बमोजिम निमित्त भई काम गरेकोमा सो कामको जवाफदेही काम गर्ने उपर नै हुनेछ ।

ग) उपनियम (क) बमोजिम काम गरेबापत १५ दिनभन्दा कम अवधिका लागि कुनै प्रकारको भत्ता दिइने छैन तर १५ दिनभन्दा बढी काम गरेमा काम गरेका पदको सुरु तलबबमोजिम तलब भत्ता दिइनेछ ।

१३.३ पदाधिकारसम्बन्धी व्यवस्था :

शिक्षक तथा कर्मचारीको राजिनामा स्वीकृत भएमा, बर्खास्त गरिएमा, पद खारेज भई अवकाश पाएमा, बढुवा भएमा, पद परिवर्तन भएमा बाहेक अन्य उल्लिखित अवस्थामा शिक्षक कर्मचारीको आफ्नो पदमा पदाधिकार कायम रहनेछ ।

क) त्यस पदमा कामकाज गरिरहँदासम्म,

ख) अर्को पदमा गई कार्यभार सम्हाल्न पाउने म्यादसम्म,

ग) बिदामा बसेका बखत,

घ) निलम्बन रहने बखत,

ङ) कायममुकायम भई काम गरेका बखत,

च) काजमा खटाइएको बखत ।

१३.४ सेवाको सुरक्षा :

देहायका अवस्थामा बाहेक शिक्षक तथा कर्मचारीलाई सफाइको सबुत पेस गर्ने मनासिब मौका नदिई सेवाबाट हटाइने वा बर्खास्त गरिनेछैन ।

क) बिना सूचना कतै गई पत्ता नलागेको वा अन्य कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको अवस्थामा ।

ख) नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएको अवस्थामा ।

ग) अवकाश दिने प्रक्रिया त्रि.वि. नियमानुसार हुनेछ ।

१३.५ क्याम्पसका शिक्षक र कर्मचारीहरूले क्याम्पसप्रमुख मार्फत सञ्चालक समितिमा राजिनामा पेस गर्नुपर्नेछ । राजिनामा सम्बन्धमा क्याम्पस सञ्चालक समितिले निर्णय गर्नेछ ।

परिच्छेद -१०

१४. बिदासम्बन्धी व्यवस्था :

बिदा अधिकारको कुरा होइन, क्याम्पसको काममा बाधा नपुग्ने गरी सुविधाका रूपमा यसको उपभोग गर्न सकिनेछ । बिदाहरू विश्वविद्यालयले निर्धारण गरेबमोजिम हुनेछन् तर सामान्यतया क्याम्पसमा देहायबमोजिम बिदा दिन सकिनेछः

१४.१ भैपरिआउने बिदा वर्षभरिमा ९ दिन ।

दैवीप्रकोप वा आकस्मिक घटना परेकोमा बाहेक पूर्वस्वीकृतिबिना यो बिदा लिन पाइनेछैन । यो बिदा सञ्चित हुँदैन ।

१४.२ पर्वबिदा वर्षभरिमा ६ दिन, यो बिदा सञ्चित नहुने ।

१४.३ घरबिदा वर्षभरिमा ३० दिन ।

क) यो बिदा बर्से वा हिउँदे बिदा बस्न नपाउने शिक्षक वा कर्मचारीले मात्र पाउनेछ । पूर्वस्वीकृतिबिना यो बिदा उपभोग गर्न पाइने छैन । वर्षमा एकपटक घर जाँदा आउँदा लाग्ने बाटोको म्याद पाइनेछ । यस्तो म्याद यातायात साधन नभएको ठाउँका लागि १५ कि.मि र

सवारीसाधन प्रयोग हुनेमा सोहीअनुसार हुनेछ । घरविदा बाटाको म्यादभन्दा कम लिन पाइने छैन ।

ख) घरबिदा १२० दिनसम्म सञ्चित हुनेछ । यसरी सञ्चित भएको बिदामध्ये १२० दिनभन्दा बढी हुने बिदाको हकमा वर्षभरिमा ३० दिनभन्दा बढी नहुने गरी आर्थिक वर्षको अन्त्यमा खाइपाई आएको तलबको हिसाबले हुने रकम एकमुष्ट पाउनेछ ।

ग) कुनै पनि कारणबाट सेवामुक्त भएमा सञ्चित घर बिदाको रकम खाइपाई आएको तलबको हिसाबले एकमुष्ट पाइने छ ।

घ) सेवा अवधिभित्र कुनै शिक्षक वा कर्मचारीको मृत्यु भएमा सञ्चित बिदाको रकम निजले इच्छाएको व्यक्ति भए सो र नभए निजको हकवालालाई दिइनेछ । यस्तो रकम निजले खाइपाई आएको अन्तिम तलबका हिसाबले गणना गरिनेछ ।

ङ) बर्से वा हिउँदे बिदा पाउने शिक्षकलाई सो अवधि वा सार्वजनिक बिदाका दिनहरूमा क्याम्पसले तोकेको काम गराउनु परेमा निजले खाइपाई आएको एक दिनको तलबलाई ७५ प्रतिशतका दरले रकम उपलब्ध गराइनेछ, साथै बर्से बिदा वा हिउँदे बिदा नपाउने कर्मचारीलाई बिदाका दिनहरूमा काम लगाएबापत त्रि.वि. नियमअनुसार अतिरिक्त (ओ.टी.) दिइनेछ ।

४.४ बिरामी बिदा :

क) यस क्याम्पसमा कार्यरत शिक्षक कर्मचारीलाई एक वर्षको सेवाका लागि १५ दिन पूरा तलबी र ३० दिन आधा तलबी बिदा दिइनेछ तर ७ दिनभन्दा बढी बिरामी बिदा बस्नु पर्ने भएमा बिदा स्वीकृत गर्ने अधिकारीले चाहेमा योग्यता पुगेका बहालवाला चिकित्सकको प्रमाण पेस गर्नुपर्नेछ ।

ख) यस नियमबमोजिम प्राप्त हुने बिरामी बिदा ४५ दिनभन्दा बढी सञ्चित भएमा ४५ दिनसम्म सञ्चित राखी बाँकी दिनको तत्काल

खाइपाई आएका तलव स्केलअनुसार सञ्चित बिदाको रकम उपलब्ध गराइनेछ ।

ग) सञ्चित बिरामी बिदाको रकम सेवाबाट अलग हुँदाका बखत खाइपाई आएको तलबस्केल ग्रेडअनुसार एकमुष्ट पाइनेछ ।

घ) सेवाअवधिभित्र कुनै शिक्षक कर्मचारीको मृत्यु भएमा उसको सञ्चित बिरामीबिदाको रकम निजको पदाधिकार रहेको पदको हिसाबले हुने रकम निजले इच्छाएको व्यक्ति वा सो नभए निजको नजिकको हकवालालाई दिइनेछ ।

ङ) कुनै ठूलो रोग लागी उपचार गर्न सञ्चित कुनै पनि बिदाले नपुगेमा ४५ दिनसम्म पछि पाउने बिदाबाट कट्टा हुने गरी पेस्की बिदा दिन सकिनेछ । यस्तो बिदाको सुविधा स्थायी शिक्षक कर्मचारीहरूमा मात्र लागू हुनेछ ।

१४.५ प्रसूति बिदा :

क) क्याम्पसको स्थायी सेवामा रहेका कुनै महिला शिक्षक वा कर्मचारीलाई सुत्केरी हुनुअघि ३० दिन र सुत्केरी भएपछि ४५ दिन गरी जम्मा ७५ दिन प्रसूति बिदा दिइनेछ । तर यो बिदा सेवाअवधिभरमा बढीमा दुई सन्तान जन्माउँदा वा दुई पटक मात्र पाइनेछ ।

ख) अस्थायी वा करारमा नियुक्ति पाएका कुनै महिला शिक्षक वा कर्मचारीको हकमा दुई वर्ष अटुटसेवा पुगेकोमा ६० दिन पूरा तलबी र दुई वर्षभन्दा कम सेवामा रहेकालाई ६० दिनको आधा तलबी बिदा दिइनेछ ।

ग) क्याम्पसमा कार्यरत पुरुष शिक्षक वा कर्मचारीको पत्नी प्रसूति हुँदा त्यस्ता पुरुष शिक्षक वा कर्मचारीलाई सेवा अवधिभरमा एकपटक ७ दिनको प्रसूति-सेवा बिदा दिइनेछ ।

१४.६ क्रियाबिदा :

क्याम्पसमा कार्यरत कुनै शिक्षक तथा कर्मचारको बाबु, आमा, लोग्ने वा स्वास्नी, छोरा वा अविवाहित छोरीको मृत्यु भएको अवस्थामा र आफै क्रिया बस्नुपर्ने भएमा त्यस्ता शिक्षक वा कर्मचारीलाई कुल-धर्मानुसार काजक्रिया

गर्न १५ दिनसम्मको पूरा तलबी क्रियाबिदा दिइनेछ । अविवाहित महिला शिक्षक वा कर्मचारीलाई बाबु वा आमा मर्दा १५ दिनसम्मको क्रिया बिदा दिइने छ । विवाहित महिला शिक्षक वा कर्मचारीको हकमा आफ्नो पति, बुबा आमा, सासूससुराको मृत्यु भएकोमा पनि सो बिदा उपलब्ध गराइनेछ ।

१४.७ अध्ययनबिदा :

क) क्याम्पसको स्थायी सेवामा रहेका कुनै पनि शिक्षक कर्मचारीले ५५ वर्ष उमेर पुगुन्जेलसम्ममा १ पटक अध्ययनबिदा पाउनेछ । तर ५५ वर्ष उमेर नाघेपछि यो बिदा पाइने छैन ।

ख) स्वैच्छिक कार्यक्रमअन्तर्गत अध्ययन गर्नेका हकमा क्याम्पसलाई लाभ हुने कार्यक्रमका निमित्त मात्र यो बिदा दिइनेछ ।

ग) विश्वविद्यालयले माग गरी झिकाएको वा विश्वविद्यालयबाट प्राप्त भएको वैदेशिक छात्रवृत्तिमा विश्वविद्यालयबाट मनोनीत भएको र वृत्तिविकास कार्यक्रमअन्तर्गत छानिएका शिक्षक वा कर्मचारीलाई अध्ययनका लागि पठाइएकोमा १ वर्ष वा सोभन्दा बढी अवधिको उपाधि पाउने कार्यक्रम भएमा अध्ययन बिदा दिइनेछ । तर शैक्षिक उपाधि नपाउने र एक वर्षभन्दा कम अवधिको भए तालिमका लागि काज दिइनेछ । तर दोहोरो तलबभत्ता दिइने छैन ।

घ) अध्ययनबिदा सेवा अवधिभर एक वर्ष वा एक वर्षभन्दा कम अवधिको भए तालिमका लागि काज दिइनेछ ।

ङ) अध्ययनबिदा बस्ने शिक्षक वा कर्मचारीले क्याम्पसले चाहेमा ५ वर्षसम्म आफ्नो सेवा उपलब्ध गराउनुपर्नेछ ।

च) अध्ययन बिदामा बस्ने शिक्षक वा कर्मचारीले बिदा बसेको उद्देश्य विपरीत काम गरे वा लक्ष्य सन्तोषजनक प्राप्त नभएमा क्याम्पसले फिर्ता बोलाउन सक्नेछ ।

छ) उपनियम ७ (ग) बमोजिम जानेबाहेक अन्य कार्यक्रममा अध्ययनबिदा लिन चाहने शिक्षक तथा कर्मचारीले आफ्नो कार्यक्रमको विवरण (विषय, तह, अवधि, परीक्षा आदि) सहित तीन महिनाअगावै निवेदन दिनुपर्नेछ ।)

ज) अध्ययनबिदा बसेका बखत सञ्चित हुने बिरामी बिदा पाइनेछ ।

झ) नियमपूर्वक पाउने सम्पूर्ण बिदा उपभोग गरिसक्दा पनि कुनै शिक्षक कर्मचारी क्याम्पसमा हाजिर हुन नआएमा त्यस्तो शिक्षक वा कर्मचारी सेवाबाट स्वत: हटेको मानिनेछ, साथै निजले क्याम्पसबाट पाउने उपदान आदि सुविधाबाट निजले बिदा बसेको अवधिमा लिएको तलब कट्टा गरी क्याम्पस कोषमा राखिनेछ ।

१४.८ प्राज्ञिक उन्नयनका लागि स्वाध्ययन बिदा:

क्याम्पसको स्थायी सेवामा रही ५ (पाँच) वर्षसम्म लगातार काम गरिसकेका शिक्षकलाई क्याम्पसको काममा बाधा नपुग्ने गरी अनुसन्धान कार्यमा लाग्न वा आफ्नो शैक्षिक योग्यता बढाउन १ (एक) वर्षको स्वाध्ययन बिदा दिइनेछ । यस्तो बिदा प्रत्येक पाँच वर्षको काम पूरा गरिसकेपछि मात्र पाइनेछ । तलबको हकमा भने निजले खाइपाई आएको तलबको ५० प्रतिशत मात्र उपलब्ध गराइनेछ । यस्तो बिदा सञ्चित रहनेछैन । यो बिदा स्वीकृत गराउनुअघि अनुसन्धान कार्य वा शैक्षिक योग्यता वृद्धि आदिको सम्पूर्ण विवरण प्रस्तुत गर्नुपर्ने र बिदा समाप्ति पछि कार्यसमाप्तिको प्रतिवेदन पेस गर्नुपर्नेछ । यस बिदामा बसेका बखत अन्यत्र कतैबाट पारिश्रमिक लिई काम गर्न पाइने छैन तर राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरमा प्राप्त हुने प्राज्ञिक किसिमको चेयर वा फेलोसिपका लागि मनोनयन भई स्वाध्ययनबिदा उपभोग गर्ने शिक्षकलाई तोकिएको पारिश्रमिक लिन वा दिनबाट वञ्चित गरने छैन ।

१४.९ असाधारण बिदा :

कुनै बिदा बाँकी नभई सम्बन्धित शिक्षक कर्मचारीले बेतलबी बिदा पाउन निवेदन गरेमा सम्पूर्ण सेवा अवधिभरमा तीन वर्षको र अस्थायीका हकमा १ पटकमा १ महिनामा नबढाई बढीमा ३ महिनाको असाधारण बेतलबी बिदा सञ्चालक समितिले दिन सक्नेछ तर यस्तो बिदा बस्ने व्यक्तिले बिदाको पूर्वस्वीकृति लिएर मात्र बिदामा बस्न पाउनेछ ।

१४.१० विशेष तलबी बिदा :

क) ५ वर्ष स्थायी सेवाअवधि पूरा गरेका कर्मचारीलाई तीन महिनाको एकपटक तलबी बिदा दिइनेछ । यो बिदा सञ्चित हुनेछैन ।

ख) यो विदा वस्ने कर्मचारीले बिदा बसेको अवधिमा आर्थिक लाभ हुने काम गर्न पाउने छैन । सेवासम्बन्धी दक्षता हासिल गर्ने कार्यक्रममा संलग्न हुनका लागि मात्र यो बिदा दिइनेछ ।

१४.११ स्थानीय बिदा : एक आर्थिक वर्षभित्र स्थानीय आवश्यकता विचार गरी क्याम्पसप्रमुखले वढीमा ५ दिन स्थानीय बिदा दिन सक्नेछ ।

१४.१२ बिदा सञ्चित हुने :

कुनै शिक्षक वा कर्मचारी क्याम्पस सेवाअन्तर्गत एक पदबाट अर्को पदमा सरुवा वा बढुवा नियुक्त भएमा निजको सरुवा वा बढुवा वा नियुक्ति हुँदाका बखत सञ्चित रहेका सबै किसिमका बिदाहरू नयाँ पदमा बहाल हुँदा सञ्चय गरेको बिदा सरह मानिनेछ ।

१४.१३ बिदा उपभोग गर्न पाउने :

यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिबाट अत्यावश्यक सेवा भनी तोकिएका (पाले, चौकीदार) कर्मचारीहरूले कुनै पनि सार्वजनिक बिदा उपभोग गर्न पाउने छैनन् । तर सोबापत निजहरूले एक वर्षमा ७० दिन सट्टा बिदा पाउनेछन् । आर्थिक वर्षको अन्तमा बाँकी रहेका सट्टा बिदाको रकम निजले खाइपाई आएको तलबको अनुपातमा पाउनेछन् ।

१४.१४ बिदा स्वीकृत गर्ने अधिकार :

नियम १४.१, १४.२, १४.३, १४.४, १४.५, १४.६, १४.११ मा उल्लिखित र एक महिनाभन्दा घटीको बेतलबी बिदा क्याम्पसप्रमुखले स्वीकृत गर्न सक्नेछ । तर नियम १४.७, १४.८, १४.९ मा उल्लिखित बिदाहरू सञ्चालक समितिले स्वीकृत गर्नेछ ।

१४.१५ पूर्वस्वीकृति लिएर बिदामा बस्नुपर्ने :

बिरामी, क्रिया र प्रसूती बिदाबाहेक कुनै पनि बिदा पूर्वस्वीकृतिबिना बस्न पाइने छैन । पूर्वस्वीकृति लिनुपर्नेबाहेकका बिदाका हकमा समेत यथाशक्य चाँडो बिदामा बस्ने जानकारी दिई स्वीकृत गराउनुपर्नेछ ।

परिच्छेद -११

१५. तलब, भत्ता र ग्रेडसम्बन्धी व्यवस्था

क) तलब

१. त्रिभुवन विश्वविद्यालयले तोकेको तलबमानलाई आधार बनाई न्यूनतम तलबमान नघट्ने गरी सञ्चालक समितिले शिक्षक तथा कर्मचारीको तलबमान निर्धारण गर्नेछ तर करारसेवामा नियुक्त भएका शिक्षक कर्मचारीको हकमा करारनामामा उल्लेख भएअनुसार हुनेछ ।

२. शिक्षक कर्मचारीको तलब कार्यभारका आधारमा तोकिनेछ ।

३. क्याम्पसप्रमुख तथा सहायक क्याम्पसप्रमुखको तलबभत्ता सञ्चालक समितिले तोकेबमोजिम हुनेछ ।

ख) अतिरिक्त पारिश्रमिक :

क्याम्पसको काममा निर्धारित समयभन्दा बढी अतिरिक्त समय काम गर्नुपर्ने भएमा त्यस्तो काम गर्ने शिक्षक तथा कर्मचारीलाई अतिरिक्त पारिश्रमिक दिइनेछ । अतिरिक्त पारिश्रमिक हिसाब गर्दा सम्बन्धित व्यक्तिले पाउने सुरु तलबमानलाई २१० ले भाग गर्दा हुन आउने रकमलाई प्रतिघण्टा अतिरिक्त पारिश्रमिक मानिनेछ । यस्तो हिसाब गर्दा १ घण्टाभन्दा कम अवधिको पारिश्रमिक दिइने छैन ।

ग) अतिरिक्त भत्ता :

राती पहरा गर्ने, लेखाशाखामा काम गर्ने र अन्य विशेष काम गर्ने शिक्षक वा कर्मचारीलाई सञ्चालक समितिले अतिरिक्त भत्ता दिन सक्नेछ ।

घ) ग्रेड (वार्षिक वृद्धिदर) :

क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीलाई देहायबमोजिम ग्रेडको व्यवस्था गरिने छ :

१. क्याम्पसमा कार्यरत सबै स्थायी शिक्षक तथा कर्मचारीलाई निजले स्थायी नियुक्ति पाएका मितिले एक वर्षको अवधि पूरा गरेपछि प्रचलित नियममा व्यवस्था भएबमोजिम आफ्नो पदअनुसारको सुरु तलबस्केलमा १ ग्रेड थप गरी दिइनेछ । यसरी

प्रत्येक वर्ष पूरा भएपछि क्रमशः एक एक ग्रेड थपिँदै जानेछ । ग्रेडवृद्धिको यसक्रममा 'इफिसिन्सीबार' त्रि.वि.ले तोकेबमाजिम हुनेछ ।

२. माथिल्लो पदमा बढुवा भएका मितिले एक वर्ष पूरा भएपछि नियम (१) मा व्यवस्था भएअनुसार उक्त पदको ग्रेड पाउन थाल्नेछ । त्यसरी प्रत्येक पल्ट बढुवा भएपछि अघिल्लो पदको ग्रेड समाप्त भई बढुवा भएको पदअनुसारको ग्रेड हुनेछ ।

३. त्रि.वि.ले तोकेको तलबमान भएको कुनै पदमा स्थायी रहेका शिक्षक वा कर्मचारीले तलबमान भएको माथिल्लो पदमा नियुक्ति पाएको माथिल्लो तहको तलबमानमा लेखिएको न्यूनतम तलब पाउनेछ । तर निजले साबिकको पदमा पाइरहेको तलब उक्त माथिल्लो पदको तलबमानको न्यूनतम तलबभन्दा कम हुनेछैन ।

४. क्याम्पसबाट स्वीकृति लिई कुनै पनि बिदामा बसेको शिक्षक वा कर्मचारीले आफ्नो पद र स्केलअनुसार पाउनुपर्ने ग्रेड पाउनेछ ।

५. करार सेवामा नियुक्ति पाएको शिक्षकका हकमा जुन तहमा नियुक्ति पाएको हो सोही तहमा तीन वर्षसम्म करार नवीकरण गरिएको भएमा र पुनः करार थप गर्नुपर्ने भएमा सोही तहको एक ग्रेड बराबरको रकम थप गरी चौथोपटकको करार सम्झौता गरिनेछ र त्यसपछि आवश्यकताअनुसार करार नवीकरणसँगै प्रतिवर्ष नियमित रूपमा त्यस्तो ग्रेड अधिकतम ८ वर्षसम्म थप गर्दै लगिनेछ ।

६. अन्य संस्थामा स्थायी सेवामा रही यस क्याम्पसमा करार सेवामा नियुक्ति पाएको शिक्षकका हकमा ग्रेडको व्यवस्था गरिने छैन ।

ङ) दशैँ खर्च :

क्याम्पसमा कार्यरत सम्पूर्ण शिक्षक तथा कर्मचारीलाई भत्ताबाहेक खाइपाई आएको तलब रकमअनुसार एक महिनाको रकम दशैँ खर्चबापत दिइनेछ तर नयाँ नियुक्तिका हकमा दशैँ बिदाभन्दा अघि ६ महिनाको सेवा पूरा भएको हुनुपर्नेछ ।

१६.१ क) क्याम्पसमा स्थायी नियुक्ति पाएका शिक्षक तथा कर्मचारीका निम्ति नियुक्ति पाएको मितिदेखि नै निजले प्रतिमहिना पाउने तलब अङ्कको १० प्रतिशत कट्टा गरी क्याम्पसका तर्फबाट पनि सो बराबरको रकम थप गरी सञ्चयकोषको व्यवस्था गरिनेछ र सो रकम सञ्चयकर्ता प्रत्येक शिक्षक वा कर्मचारीको नाममा कर्मचारी सञ्चयकोष कार्यालयमा जम्मा गरिनेछ ।

१६.२ ख) कर्मचारी सञ्चयकोषमा रकम जम्मा गर्ने, भुक्तानी दिने, ऋण वा सापटी लिनेसम्बन्धी सबै प्रक्रियाहरू कर्मचारी सञ्चयकोषको नियममा व्यवस्था भएबमोजिम हुनेछ । तर अन्य संस्थाहरूमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको दोहोरो सञ्चयकोष जम्मा गरिने छैन ।

१७.१ उपादानको व्यवस्था :

क) क्याम्पसमा कार्यरत सम्पूर्ण कर्मचारीलाई अटुट रूपमा १० वर्षसम्म सेवा गरिसकेपछि १० देखि १५ वर्षसम्म सेवाका लागि प्रतिवर्षको १ महिनाका दरले र १५ वर्षभन्दा माथि काम गरेकालाई प्रतिवर्ष १.५ महिना अर्थात् ४५ दिनको दरले हिसाब गर्दा हुन आउने रकम उपादानस्वरूप दिइनेछ ।

ख) पाँच वर्षसम्म लगातार काम गरेको कुनै पनि शिक्षक कर्मचारी शारीरिक वा मानसिक अस्वस्थताका कारण सेवा त्याग्न बाध्य भएमा वा मृत्यु भएमा निजले गरेको सेवा वर्षमा जति वर्ष थप्दा १० वर्ष पुग्छ थप गरी नियम १५ (क) बमोजिम हुन आउने रकम निज वा निजको नजिकको हकवालालाई दिइनेछ ।

१७.२ उपदानकोषको स्थापना र परिचालन : क्याम्पस सेवामा कार्यरत शिक्षक कर्मचारीलाई अवकाशका समयमा उपदानको व्यवस्था गर्न उपदानकोषको स्थापना र परिचालनको व्यवस्था गरिनेछ । यस कोषको स्थापना र प्रवर्द्धनका लागि क्याम्पसले प्रत्येक वर्ष बिउपुँजी (Seed money) का रूपमा केही रकम यस कोषमा राख्नेछ । यस कोषको सञ्चालन र व्यवस्थापन क्याम्पस निर्मित विनियमका आधारमा हुनेछ ।

१८. औषधोपचार खर्च :

क्याम्पसका स्थायी शिक्षक-कर्मचारीलाई त्रि.वि. नियमबमोजिम औषधोपचार खर्च दिइनेछ ।

१९. मरणोपरान्त अनुदान :

क्याम्पसमा कार्यरत स्थायी व्यक्तिहरूको सेवाअवधिमा मृत्यु भएमा त्रि.वि. नियमानुसार मरणोपरान्त निजको नजिकको हकवालालाई अनुदान दिइनेछ ।

२०. कुनै शिक्षक वा कर्मचारीको क्याम्पसमा कार्यरत रहेकै अवस्थामा मृत्यु भएमा निजको तलब भत्ता, उपदान, औषधि उपचार खर्च, सञ्चयकोष, बिदालगायत नियमानुसार पाउने सम्पूर्ण रकम निजले इच्छाएको व्यक्ति वा निजको निकटतम हकवालालाई दिइनेछ ।

२१. अनिवार्य अवकाश :

१. शिक्षक तथा कर्मचारीलाई निजको उमेर ६३ वर्ष पूरा भएपछि क्याम्पस सेवाबाट अनिवार्य अवकाश दिइनेछ । तर सञ्चालक समितिले निजको सेवा क्याम्पसलाई आवश्यक छ भन्ने महसुस गरेमा एकपटकका लागि बढीमा दुई वर्षसम्म सेवा अवधि थप गर्न सक्नेछ ।

परिच्छेद -१२

२२. शिक्षकको कार्यभार :

क) शिक्षकको कार्यभार त्रि.वि. विनियमअनुसार हुनेछ तर क्याम्पसको आर्थिक अवस्थाका कारण विशेष परिस्थिति उत्पन्न भएमा पूर्णकालिक शिक्षकको साप्ताहिक कार्यभार बढीमा २४ पिरिण्डसम्म हुन सक्नेछ । तर स्नातकोत्तर तहमा साप्ताहिक कक्षाभार सञ्चालक समितिले निर्णय गरेअनुसार हुनेछ ।

ख) अंशकालीन शिक्षकले तोकिएअनुसारको पिरियड अध्यापन गर्नुपर्नेछ । तर अंशकालीन शिक्षकलाई १८ पिरियडभन्दा बढीको कार्यभार दिइने छैन ।

ग) क्याम्पसप्रमुखले दैनिक एक पिरियड र सहायक क्याम्पसप्रमुखले दैनिक २ पिरियड अध्यापन गर्नुपर्नेछ ।

२३. कर्मचारीका हकमा दैनिक ७ घण्टाको कामको समयावधि हुनेछ । तर अंशकालीन वा ज्यालादारी कर्मचारीलाई तोकिएको कार्यभारका आधारमा सञ्चालक समितिले तोकेको पारिश्रमिक दिइनेछ ।

परिच्छेद १३

२४. क्याम्पसको आम्दानीको स्रोत र लेखा :

१. विद्यार्थीहरूबाट प्राप्त हुने मासिक शुल्क, अभिभावकबाट प्राप्त विशेष चन्दा तथा विशेष कार्यक्रमबाट प्राप्त रकमहरू यस क्याम्पसको निश्चित आयस्रोत हुनेछ ।

२. नेपाल सरकार, विश्वविद्यालय अनुदान आयोग एवम् अन्य सङ्घ संस्थाहरूबाट प्राप्त अनुदान क्याम्पसको विशेष आयस्रोत हुनेछ ।

३. क्याम्पसको आय-व्यय ठीक देखिने गरी दोहोरो स्रेस्ताप्रणालीका आधारमा राखिनेछ, क्याम्पसको नाममा बैङ्क खाता खोलिनेछ र उक्त खाता सञ्चालक समितिका अध्यक्ष र क्याम्पसप्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

२५. क्याम्पस कोष :

क्याम्पस सञ्चालक समितिअन्तर्गत 'क्याम्पस कोष' का रूपमा अलग-अलग खाता खोलिनेछ, जसमा क्याम्पसका अन्य सम्पूर्ण रकमहरू राखिनेछन् । तर धरौटी र मुद्दती खाता बेग्लै रहनेछन् ।

२६. दैनिक कार्य सञ्चालनका लागि चाहिने रकमहरू रहन 'दैनिक कार्य सञ्चालन खाता'को रूपमा अलग खाता रहनेछ । जसको सञ्चालन क्याम्पसप्रमुख र लेखापालको संयुक्त दस्तखतबाट हुनेछ । यस खातामा शिक्षक तथा कर्मचारीको तलब, भत्ता, ग्रेड, सञ्चयकोष, मसलन्द आदि क्याम्पसको दैनिक कार्यसञ्चालनमा आवश्यक पर्ने रकमहरू रहनेछन् ।

२७. मुद्दती खाता :

१. क्याम्पसले निश्चित समयावधिका लागि रकम जम्मा गरेको बैङ्क खाता नै मुद्दती खाता भन्ने बुझिन्छ । यसको सञ्चालन क्याम्पसप्रमुख र अध्यक्षबाट हुनेछ ।

२८. अक्षयकोष :

क्याम्पस अक्षयकोषको स्थापना गर्न सकिनेछ । सो कोषमा विभिन्न दाताहरूबाट अक्षयकोषमा रहने गरी क्याम्पस सञ्चालनका निम्ति प्राप्त रकम साथै छात्रवृत्ति प्रदान गर्ने गरी प्राप्त रकम रहनेछ । अक्षयकोषको स्थापना र सञ्चालनसम्बन्धी नियम विनियमद्वारा निर्धारण गरिनेछ ।

२९. धरौटी खाता :

यस खातामा अभ्यास शिक्षण शुल्क, पुस्तकालय धरौटी, प्रयोगात्मक शुल्क जस्ता तत्काल खर्च गर्नुपर्ने रकमहरू रहनेछन् । यसको सञ्चालन क्याम्पसप्रमुख र लेखापालबाट हुनेछ ।

परिच्छेद -१४

३०. खर्चसम्बन्धी व्यवस्था :

१. क्याम्पसको जिन्सी तथा नगदी सञ्चालक समितिबाट पारित वार्षिक बजेटको परिधिभित्र रही खर्च गरिनेछ । आवश्यक परेर तत्काल खर्च गर्नुपर्ने भएमा अध्यक्षको परामर्श लिई खर्च गर्न सकिनेछ, तर यसरी भएको खर्चको विवरण सञ्चालक समितिबाट अनुमोदन गराउनुपर्नेछ ।

२. प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र रजिस्टर्ड लेखापरीक्षकद्वारा लेखापरीक्षण गराउनुपर्नेछ तर कारणवश सो समयभित्र गराउन नसकेमा अवस्था हेरी म्याद थप गर्न सक्नेछ । यसरी म्याद थप गर्दा सामान्यतया अर्को आर्थिक बजेट सञ्चालक समितिबाट पारित हुनुअगावै लेखापरीक्षण प्रतिवेदन पेस भइसक्ने गरी थप्नुपर्दछ ।

३. लेखापरीक्षकको नियुक्ति सञ्चालक समितिले गर्नेछ ।

४. लेखा परीक्षण प्रतिवेदनबाट प्रस्तुत हुन आएको बेरुजुउपर सञ्चालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

३१. खरिदसम्बन्धी व्यवस्था :

क) एक शीर्षकमा रु. १०,०००।- सम्मको मालसामान क्याम्पसप्रमुखले सोझै बजारबाट खरिद गर्न सक्नेछन् ।

ख) रु. १०,०००।- भन्दा माथि रु. ३५,०००।- सम्मको मालसमान खरिद गर्दा ७ दिनको म्याद दिई गोप्य सिलवन्दी कोटेसन लिई खरिद गर्न सकिनेछ ।

ग) रु. ३५,०००।- भन्दा माथिको हकमा १५ दिनको म्याद राखेर टेन्डर माग गरी खरिद गर्न सकिनेछ ।

घ) सिलवन्दी कोटेसन वा सिल्ड टेन्डरमा कबोल गरेको अङ्कको कम्तीमा ५ प्रतिशत धरौटी रकम क्याम्पसको खातामा जम्मा गरी वैङ्कभौचर टेन्डर साथ राखिएको हुनुपर्दछ, तर नेपाल सरकारले निर्धारित गरेको मोल खरिद गर्दा टेन्डर वा कोटेसनको आवश्यकता पर्नेछैन ।

ङ) उपर्युक्त टेन्डर तथा कोटेसनको स्वीकृति सं.स.ले गर्नेछ ।

३२. निर्माणसम्बन्धी व्यवस्था :

१. प्रचलित आर्थिक नियमानुसार क्याम्पसभवन निर्माण, मर्मत सम्भार आदि कार्यको सञ्चालन, रेखदेख, नियन्त्रण गर्न सञ्चालक समितिले निर्माण समितिको गठन गर्न सक्नेछ ।

२. निर्माणसमिति सञ्चालक समितिप्रति उत्तरदायी हुनेछ ।

३३. पेश्कीसम्बन्धी व्यवस्था :

क) क्याम्पसको कुनै पनि कार्यसम्पादनका लागि सामान्यतया पेस्की दिइने छैन । पर्याप्त र उचित कारण भएमा तलब पेस्कीका हकमा सोही वर्षभित्र फर्स्यौट हुने गरी बढीमा तीन महिनाको तलब सञ्चालक समितिले र १ महिनाको तलब क्याम्पसप्रमुखले दिन सक्नेछ ।

ख) भ्रमण-पेस्कीको हकमा तोकिएको काम र लाग्ने समयका आधारमा पेस्की दिइनेछ । यसरी दिएको पेस्की काम समाप्त भएको १५ दिनसम्ममा फर्स्यौट गराइसक्नुपर्नेछ ।

३४. भ्रमणभत्तासम्बन्धी व्यवस्था :

क) क्याम्पसको काममा काज खटाउनुपर्दा क्याम्पसप्रमुखको हकमा अध्यक्ष र अन्य शिक्षक कर्मचारीका हकमा क्याम्पसप्रमुखले काज खटाउन

सक्नेछ तर विदेशमा काज खटाउनुपर्दा सञ्चालक समितिले मात्र खटाउनेछ ।

ख) भ्रमण खटाउँदा तोकिएको फाराममा भ्रमण आदेश दिनुपर्नेछ । भ्रमण आदेश दिँदा सकेसम्म कम खर्च लाग्ने र समयसमेत तोकी आदेश दिनुपर्नेछ ।

ग) भ्रमण जाने व्यक्तिलाई यातायात खर्च बाहेक दैनिक भ्रमण भत्ता र अन्य खर्च सञ्चालक समितिले तोकेबमोजिम दिइनेछ ।

घ) यातायातको साधन उपलब्ध नहुने र पैदलयात्रा गर्नुपर्ने ठाउँमा भ्रमणमा जानुपर्दा सञ्चालक समितिले तोकेबमोजिमको भत्ता दिइनेछ ।

ङ) भ्रमणबापत फर्केको दिनको आधा भ्रमण भत्ता र क्याम्पस रहेको १५ कि.मि. क्षेत्रभित्र भ्रमण भत्ता पाइने छैन ।

च) जिल्लाको सदरमुकाम, राजधानी, महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाभित्र भ्रमणमा जाँदा ३५ प्रतिशत थप भत्ता पाइनेछ । तर विदेशमा जाँदा भने सोही मुलुकको प्रचलित मुद्रामा हुन आउने रकम भ्रमण भत्ताबापत पाइनेछ ।

परिच्छेद -१५

३५. विषयशिक्षण समिति :

३५.१ त्रि.वि.मा व्यवस्था भएबमोजिम क्याम्पसप्रमुखले साधारणतया कम्तीमा पाँचजना शिक्षकहरू कार्यरत रहेको विषयका निमित्त प्रत्येक विषयमा विषयगत शिक्षण समिति गठन गर्नेछन् तर पाँच जनाभन्दा कम विषयगत शिक्षकहरू रहेका विषयहरूका निमित्त संयुक्त शिक्षण समिति रहनेछ ।

३५.२ शिक्षणसमितिको अध्यक्ष पदमा साधारणतया पदगत ज्येष्ठताका आधारमा प्राध्यापक, सह-प्राध्यापक तथा पूर्णकालीन, करार शिक्षकहरू मध्येबाट क्याम्पसप्रमुखले नियुक्ति गर्नेछन् र सोको जानकारी सञ्चालक समितिलाई दिनेछन् । सो विभागमा सम्बन्धित विषय पढाउने सबै शिक्षकहरू सदस्य रहनेछन् ।

३५.३ शिक्षणसमितिका अध्यक्षको पदावधि सामान्यतया दुई वर्षको हुनेछ तर क्याम्पसप्रमुखले उपयुक्त ठानेमा अरू एक अवधि थप गर्न सक्नेछन् । करार शिक्षकका हकमा भने एक वर्षे करारअवधि रहने हुँदा सोहीअनुसार निजको अवधि १ वर्ष मात्र रहनेछ । तर क्याम्पसप्रमुखले आवश्यक ठानेमा करार नवीकरणसँगै अरू एक पटकसम्म अवधि थप गर्न सकिनेछ ।

३५.४ शिक्षणसमितिका अध्यक्षको भत्ता त्रि.वि.मा व्यवस्था भएबमोजिम सञ्चालक समितिले निर्णय गरी उपलब्ध गराउनेछ ।

३५.५ सामान्यतया शिक्षणसमितिको बैठक महिनामा एक पटक बस्नेछ तर आवश्यक परेमा सोभन्दा बढीपटक पनि बस्न सक्नेछ ।

३५.६ शिक्षणसमितिका सदस्यहरू आफ्नो विषयगत शैक्षिक कार्यक्रमका लागि शिक्षण समितिका अध्यक्षप्रति जवाफदेही हुनेछन् र शिक्षण समितिका अध्यक्ष विभागीय शैक्षिक कार्यक्रमका लागि सहायक क्याम्पसप्रमुख तथा क्याम्पसप्रमुखप्रति जवाफदेही हुनेछन् ।

३६. विषय शिक्षणसमितिका अध्यक्षको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

३६.१ सम्बन्धित शिक्षण समितिका शिक्षकहरूको कार्यविभाजन गर्ने ।

३६.२ सम्बन्धित शिक्षणसमिति अन्तर्गतका प्रयोगशाला, कार्यशाला आदिको रेखदेख, नियन्त्रण र स्याहार सम्भार गर्ने, गराउने ।

३६.३ तोकिएको समयभित्र निर्धारित पाठ्यक्रमअनुसारको पठनपाठन पूरा भए, नभएको हेर्ने र पूरा हुन नसक्ने भएमा कारणसहित समयमै क्याम्पसप्रमुखसमक्ष प्रतिवेदन पेस गर्ने ।

३६.४ आफ्नो समितिको आवश्यक पर्ने शैक्षिक सामग्रीको सूची शैक्षिक सत्रको सुरुमै क्याम्पसप्रमुखसमक्ष पेस गर्ने ।

३६.५ वार्षिक परीक्षाफल प्रकाशित भइसकेपछि विषयगत परीक्षाफल मूल्याङ्कन प्रतिवेदन क्याम्पसप्रमुखसमक्ष पेस गर्ने ।

३६.६ सम्बन्धित शिक्षण समितिका सदस्यहरूको राय लिई सम्बन्धित विषयहरूको अध्ययन तथा अनुसन्धान कार्य सञ्चालन गर्ने, साथै शैक्षिक गुणस्तर वृद्धिका लागि प्रयत्नशील रहने ।

३६.७ पाठ्यक्रमबारे कुनै अस्पष्टता महसुस भए सम्बन्धित निकायमा स्पष्टताका लागि पत्राचार गर्ने र आवश्यक देखिएमा सुझाव दिने ।

३६.८ यस नियमावलीको अधीनमा रही क्याम्पसप्रमुखले तोकेको अन्य कामहरू गर्ने ।

३६.९ शैक्षिक-प्रशासनिक कार्यमा सहायक क्याम्पसप्रमुख तथा क्याम्पसप्रमुखलाई आवश्यक सहयोग पुऱ्याउने ।

परिच्छेद -१६

३७. सजाय तथा पुनरावेदन :

क) उचित र पर्याप्त कारण भएमा सञ्चालक समितिले क्याम्पसका शिक्षक तथा कर्मचारीलाई त्रि.वि. शिक्षक तथा कर्मचारी सेवासम्बन्धी नियम २०५० को परिच्छेद १० को नियम ८२ देखि ८८ सम्मका नियमहरू बमोजिम क्याम्पस सञ्चालक समितिले क्याम्पस स्थानीय व्यवस्थाअनुसार नियम बनाउनेछ ।

ख) कुनै शिक्षक कर्मचारीलाई आफूले पाएको सजायमा चित्त नबुझे सबुत प्रमाणसहित माथिल्लो तह (क्याम्पसप्रमुखले कारवाही गरेका भए सञ्चालक समितिमा र क्याम्पसप्रमुखलाई सजाय भएको भए नियम ५, ४, ६ अनुसार गठित पुनरावेदन समितिमा) सजायको सूचना पाएको ३५ दिनभित्र पुनरावेदन गर्न सक्नेछ ।

ग) कुनै शिक्षक वा कर्मचारीलाई सेवाबाट हटाउने आदेश बदर भई निज पुनःसेवामा कायम भएको अवस्थामा निजलाई सेवाबाट बर्खास्त गरिएको मितिदेखि पुनःकायम भएको मितिसम्मको पूरा तलबभत्ता र वार्षिक पाउने भए सोसमेत दिइनेछ ।

परिच्छेद -१७

३८. शिक्षक तथा कर्मचारीको अचारसंहिता :

क) क्याम्पसबाट गोपनीयता कायम गरेका विषयहरू प्रत्यक्ष वा परोक्ष रूपमा सञ्चारमाध्यमहरूमा दिन वा प्रकाशित गर्न पाइने छैन ।

ख) क्याम्पसका कुनै शिक्षक वा कर्मचारी स्थानीय वा संसदीय निकायमा उम्मेद्वार हुने भएको अवस्थामा मनोनयनपत्र दाखिला गर्नुअघि राजिनामा दिनुपर्नेछ ।

ग) अख्तियार पाएका कुनै व्यक्तिले आफ्नो नाता पर्ने कुनै कर्मचारीका बारेमा निर्णय लिनुपरेमा आफूभन्दा माथिको तहमा वस्तुस्थिति स्पष्ट गरी बेहोरा प्रस्तुत गर्नुपर्नेछ । स्वयम् आफैले आफ्नो नातेदारको सम्बन्धमा निर्णय लिनुहुँदैन ।

घ) अख्तियारवालाको स्वीकृतिबिना कुनै पनि शिक्षक वा कर्मचारीले छात्रवृत्तिका लागि कुनै पनि ठाउँमा आवेदन गर्नुहुँदैन ।

ङ) आफ्ना विद्यार्थीहरूलाई सल्लाह दिने र क्याम्पसमा आइपरेका सबै खाले समस्या समाधान गर्न क्याम्पस प्रशासनलाई सहयोग गर्नु सम्पूर्ण शिक्षक तथा कर्मचारीको कर्तव्य हुनेछ ।

च) राष्ट्रिय विकास सेवा कार्यक्रममा भाग लिनु क्याम्पसका शिक्षक-कर्मचारीको कर्तव्य हुनेछ ।

छ) क्याम्पसका कुनै पनि शिक्षक-कर्मचारीले क्याम्पसहाताभित्र वा बाहिर आफ्नो आचरण शुद्ध राखी नैतिकता र पवित्र भावनाले काम गर्नुपर्नेछ ।

ज) क्याम्पसका कुनै पनि शिक्षक तथा कर्मचारीले क्याम्पस तथा राष्ट्रिय सम्पत्तिको हानि नोक्सानी गर्नुहुँदैन ।

झ) शिक्षक तथा कर्मचारीको सहभागितामा माथि उल्लिखित आचार संहिताका विषयहरूका साथै थप आचारसंहिता निर्माण गरिनेछ ।

परिच्छेद १८

३९. शिक्षक तथा कर्मचारीको मूल्याङ्कन :

१. क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीको मूल्याङ्कन कार्य सम्पादन मूल्याङ्कनका आधारमा देहायबमोजिम हुनेछ :

क) तलब तथा ग्रेडवृद्धि वा पदोन्नति ।

ख) उच्च शिक्षा प्राप्तिका लागि पठाउने ।

ग) जिम्मेवारीपूर्ण प्रशासनिक कामका लागि सिफारिस गर्ने ।

घ) विभूषण तथा पुरस्कारका लागि सिफारिस गर्ने ।

ङ) योग्यता र शैक्षिक विशिष्टता भएको व्यक्तिको सेवालाई विस्तृत गर्ने र त्यस्ता व्यक्तिको छनोट गरी आगन्तुक प्राध्यापकका रूपमा देश-विदेशका विशिष्ट शिक्षण-संस्थामा पठाउने ।

च) तलब वृद्धि या पदोन्नति रोक्का गर्ने, तलब, भत्ता, पद वा श्रेणी घटाउने ।

छ) शिक्षणको स्तर बढाउन, योग्यता वृद्धि गर्न उचित अवसर प्रदान गरिँदा पनि सुधार गर्न नसके सेवाबाट अवकाश दिने ।

२. सम्पूर्ण शिक्षक तथा कर्मचारीको मूल्याङ्कनसम्बन्धी अभिलेख गोप्य रूपमा क्याम्पसप्रमुखले राख्ने र क्याम्पसप्रमुखको मूल्याङ्कनको अभिलेख सञ्चालक समितिका अध्यक्षले राख्ने । मूल्याङ्कनको अन्तिम निर्णय भने सञ्चालक समितिले गर्नेछ ।

परिच्छेद १९

४०. विद्यार्थी आचारसंहिता :

१. क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूले देहायबमोजिमको आचारसंहिता पालन गर्नुपर्नेछ :

क) विश्वविद्यालयका अध्ययन संस्थान वा आङ्गिक क्याम्पस वा सम्बन्धनप्राप्त क्याम्पस अथवा सम्बद्ध महाविद्यालय र बाहिर जुनसुकै अवस्थामा पनि नियम र अनुशासनमा रहनुपर्नेछ ।

ख) राष्ट्रियताको विकास र संवर्द्धनका लागि प्रयत्नरत रहनुपर्दछ ।

ग) देशको प्रचलित व्यवस्थाअनुसार आचरण गर्नुपर्दछ ।

घ) सम्बन्धित पदाधिकारीबाट जारी गरी तत्काल लागू भएको नियमको पूरा पालना गर्नुपर्दछ ।

२. क्याम्पसप्रमुखको स्वीकृतिविना विद्यार्थीहरूले देहायका काम कारबाही गर्न पाइने छैन :

क) क्याम्पसहाताभित्र कुनै पनि सभाको आयोजना गर्ने ।

ख) बाहिरका व्यक्तिलाई आमन्त्रित गर्न वा बोल्न दिन ।

ग) नाच, गान, नाटक वा कुनै किसिमको खेल र मनोरञ्जनात्मक कार्यक्रम देखाउन तथा आयोजना गर्न ।

घ) क्याम्पसहाताभित्र शैक्षिक वातावरण धमिलिने गरी गाली-गलौज गर्न, हुलहुज्जत गर्न, कुनै पनि किसिमका हातहतियार लिई जम्मा हुन र सामूहिक वा व्यक्तिगत फोटो लिन ।

३. क्याम्पस सञ्चालक समितिको निर्णय वा क्याम्पसप्रमुखबाट पूर्वस्वीकृति नलिई क्याम्पसको नाममा क्याम्पसभित्र वा बाहिर कुनै किसिमको नाच, गान, नाटकको आयोजना तथा चन्दा सङ्कलन आदि गर्न पाइनेछैन ।

४. विद्यार्थीहरूले अन्य विद्यार्थी, शिक्षक, कर्मचारी वा कुनै पदाधिकारीलाई बोलेर, लेखेर र इसाराद्वारा तथा हुलहुज्जत गरी बेइज्जत गर्न पाउने छैनन् ।

५. विद्यार्थीहरूले क्याम्पसका पुस्तक, फर्निचर, वैज्ञानिक उपकरण आदि कुनै पनि चल-अचल सम्पत्तिको हानिनोक्सानी वा दुरुपयोग गर्नुहुँदैन ।

६. माथि नियम ४०.१,२,३,४ र ५ मा लेखिएका आचरणसम्बन्धी नियमहरू उल्लङ्घन गरेमा त्यस्तो उल्लङ्घन गर्ने विद्यार्थीलाई क्याम्पसप्रमुख वा सञ्चालक समिति वा सम्बन्धित निकायले देहायबमोजिम कारबाही गर्नेछ :

क) कसुरको मात्रा हेरी रु. १००।- मात्र जरिवाना र कुनै सम्पत्ति हानिनोक्सानी गरेको भए नोक्सान भएको समानको पूरै रकम असुलउपर गर्नसक्नेछ ।

ख) बढीमा एक हप्तासम्मका लागि कक्षाबाट निलम्बन गर्ने ।

ग) कुनै निश्चित समयका लागि क्याम्पसबाट निष्कासन गर्ने ।

घ) कसुर हेरी पूरै अवधिका लागि निष्कासन गर्ने ।

७. माथि नियम ४०.६ को ग र घ बमोजिम निष्कासन गरिएमा क्याम्पसप्रमुखले सो कारबाहीको विवरण त्रि.वि.का शिक्षाध्यक्षकामा अविलम्ब पठाउनुपर्नेछ ।

८. नियम ४०.६ ग र घ अनुसार निष्कासन भएको विद्यार्थीले सम्बन्धित निकायमा पुनरावेदन गर्न सक्नेछ ।

९. यी नियममा अन्यथा लेखिएकोमा बाहेक आचरणसम्बन्धी कारबाहीमा सञ्चालक समिति वा क्याम्पसप्रमुखको निर्णय अन्तिम हुनेछ ।

१०. परीक्षासम्बन्धी आचरण त्रि.वि.ले तोकबमोजिम हुनेछ ।

परिच्छेद २०

४१. पुस्तकालय र प्रयोगशालासम्बन्धी व्यवस्थापन :

४१.१ पुस्तकालयसमिति :

१. क्याम्पसको पुस्तकालयको व्यवस्थापन प्रभावकारी बनाउन पुस्तकालय सञ्चालक समितिको गठन देहायबमोजिम हुनेछ :

क)	सहायक क्याम्पसप्रमुख	अध्यक्ष
ख)	विषयशिक्षणसमितिका अध्यक्षहरू	सदस्य
ग)	क्याम्पस सञ्चालक समितिको प्रतिनिधि	सदस्य
घ)	पुस्तकालयप्रमुख	सदस्य सचिव

४१.२ पुस्तकालय व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

क) क्याम्पस पुस्तकालय सञ्चालनसम्बन्धी नीति, योजना र कार्यक्रम तर्जुमा गर्ने ।

ख) पुस्तकालयको सुरक्षा र विकासका लागि साधन, स्रोत जुटाउनका लागि योजना क्याम्पस सञ्चालक समितिमा पेस गर्ने ।

ग) पुस्तकालयको भौतिक संवर्द्धन, विकास तथा जनशक्ति तयार गर्न क्याम्पस सञ्चालक समितिलाई सहयोग गर्ने ।

घ) लाइब्रेरियन र पुस्तकालय-कर्मचारीलाई पुस्तकालय-विज्ञान विषयमा तालिममा पठाउने ।

ङ) त्रिभुवन विश्वविद्यालयका अध्ययन संस्थान, विभिन्न क्याम्पसहरूको पुस्तकालय व्यवस्थापनको अध्ययन गर्ने ।

च) पुस्तकालयको कार्यव्यवस्था तर्जुमा गरी सञ्चालक समितिबाट स्वीकृत गराई सञ्चालक समितिसमेतको निर्देशन र सहयोगमा कार्य व्यवस्थालाई कार्यान्वयनमा ल्याउने ।

छ) विषयशिक्षण समितिबाट प्राप्त पुस्तकहरूको सूचीका आधारमा खरिद गर्नुपर्ने पुस्तकहरूको सङ्ख्या, विवरण, खरिद गर्दा लाग्ने अनुमानित खर्च विवरण क्याम्पसप्रमुखसमक्ष पेस गर्ने ।

ज) पुस्तकालय सञ्चालन विधि तथा अन्य व्यवस्था पुस्तकालय सञ्चालनसम्बन्धी निर्देशिकाअनुसार गर्ने गराउने ।

४१.३ प्रयोगशाला व्यवस्थापन समिति :

४१.३.१ प्रयोगशालाको माध्यमद्वारा प्रयोगात्मक शैक्षिक कार्यक्रम सञ्चालन गर्नु , गराउनुपर्ने, क्याम्पसका विभिन्न सङ्कायहरूमा स्थापित प्रयोगशालालाई व्यवस्थित गर्ने, आवश्यक उपकरणहरू खरिद गर्ने र साधन-स्रोतसम्पन्न प्रयोगशालाको विकास गर्ने कार्यका लागि ५ सदस्यीय प्रयोगशाला व्यवस्थापन समितिको गठन देहायबमोजिम हुनेछ :

क) सञ्चालक समितिले तोकेको सहायक क्याम्पसप्रमुख अध्यक्ष-१

ख) प्रयोगात्मक विषय सम्बद्ध विषय शिक्षण समिति अध्यक्षहरूमध्येबाट सदस्य -१

ग) क्याम्पस सञ्चालक समितिको प्रतिनिधि सदस्य -१

४१.३.२ प्रयोगशाला व्यवस्थापन समितिको बैठकले आफूमध्येबाट सदस्य सचिवको निर्वाचन गर्नेछ ।

४१.४ बैठकको विधि तथा निर्णयप्रक्रिया समितिले निर्धारण गरेअनुसार हुनेछ ।

४१.५ प्रयोगशाला व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

क) क्याम्पस प्रयोगशाला व्यवस्थापनसम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा गरी क्याम्पस सञ्चालक समितिमा पेस गर्ने ।

ख) प्रयोगशाला सुधार र विकासका लागि वित्तीय तथा अन्य साधन परिचालन गर्ने, गराउने ।

ग) प्रयोगशालाको भौतिक विकासका लागि सञ्चालक समितिलाई सक्रिय बनाउने ।

घ) प्रयोगशालाका लागि आवश्यक उपकरणहरू, फर्निचर तथा सामग्रीहरूका लागि आवश्यक सूची सञ्चालक समितिमा पेस गर्ने ।

ङ) प्रयोगशालाका लागि आवश्यक रासायनिक पदार्थ तथा अन्य सामग्रीहरूको खरिदसम्बन्धी नीति र कार्यक्रम तर्जुमा गरी सञ्चालक समितिबाट स्वीकृत गराउने ।

च) प्रयोगशालाको सुरक्षा, सम्भार र संरक्षण गर्ने गराउने ।

परिच्छेद २१

४२. बजेटसम्बन्धी व्यवस्था :

प्रत्येक आर्थिक वर्षको सुरुमा आगामी आर्थिक वर्षका निम्ति चाहिने आय-व्ययको अनुमानित विवरण तयार गरी क्याम्पसप्रमुखले सञ्चालक समितिमा पेस गर्नुपर्नेछ । क्याम्पस सञ्चालक समितिले पारित गरेको वार्षिक बजेटअनुसार क्याम्पसको कार्य सञ्चालन हुनेछ ।

परिच्छेद २२

४३. प्राध्यापक सङ्घ र विद्यार्थी युनियन :

त्रिभुवन विश्वविद्यालयका आङ्गिक क्याम्पससरह यस क्याम्पसमा सम्बन्धित नियम-विनियमको अधीनमा रहने गरी क्याम्पस प्राध्यापक सङ्घ एकाइ समिति र स्वतन्त्र विद्यार्थी युनियनलाई मान्यता प्रदान गरिनेछ ।

परिच्छेद २३

४४. विनियम बनाउन सक्ने :

क्याम्पसका विभिन्न कार्य सञ्चालनका लागि त्रि.वि. क्याम्पस नियमावलीका अधीनमा रही आवश्यक विनियमहरू सञ्चालक समितिले बनाई जारी गर्न सक्नेछ ।

४५. नियमावली संशोधन :

क) यस नियमावलीमा उल्लेख भएका कुरा यसै नियमावलीबमोजिम र नभएका कुराहरूमा सञ्चालक समितिले निर्णय गरेबमोजिम हुनेछ ।

ख) यस नियमावलीमा थपघट केही गर्नुपरेमा अथवा नियम संशोधन गर्नु पर्ने भएमा सञ्चालक समितिबाट निर्णय भएअनुसार हुनेछ ।

ग) संशोधनप्रस्ताव ल्याउँदा सञ्चालक समितिका सदस्यहरूमध्ये कम्तीमा एक तिहाइ सदस्यहरूबाट आएको प्रस्तावउपर छलफल गरी दुई तिहाइ सदस्यहरुबाट अनुमोदन भएपछि मात्र नियमावलीमा संशोधन हुनेछ ।

घ) संशोधित नियम सञ्चालक परिषद्को बैठकबाट अनुमोदन भएपछि मात्र लागू हुनेछ ।

ङ) यस नियमावलीमा उल्लेख भएका शिक्षक तथा कर्मचारीका सेवा तथा सुविधाहरू क्याम्पसको आर्थिक र भौतिक स्थिति मुताबिक क्रमशः सञ्चालक समितिका निर्णयबाट प्रदान गर्दै लगिनेछ, तर हाल प्रदान गरिएको सुविधामा भने कटौती हुनेछैन ।

च) क्याम्पसको धरौटीबापत राखिएको मूल रकम क्याम्पसले स्थायी स्वीकृति नपाएसम्म खर्च गर्न पाइने छैन ।

छ) यस नियमावलीका नियम-उपनियमको व्याख्या सञ्चालक समितिले गर्नेछ र सो व्याख्या नै अन्तिम मानिनेछ ।

परिच्छेद २४

४६. क्याम्पसको चल अचल सम्पत्तिका सम्बन्धमा :

क्याम्पस सञ्चालन हुन नसकी बन्द भएमा यस क्याम्पसको चल अचल सम्पत्ति नेपाल सरकार वा यस क्याम्पसलाई सम्बन्धन दिने सार्वजनिक विश्वविद्यालयको स्वामित्वमा जानेछ ।

४७. स्पष्टीकरण र बचाउ :

यो नियमावली लागू हुनुभन्दा अगाडि भए गरेका सबै काम-कारबाहीहरू यसै नियमावलीअनुसार भए गरेको मानिनेछ ।

अनुसूची

अनुसूची १

जग्गादाता र चन्दादाताहरू

क) जग्गादाता:

क्र.सं.	जग्गादाताको नाम	ठेगाना
१.	श्री पदमबहादुर पौडेल	इन्द्रपुर-४, मोरङ
२.	श्री डिल्लीराम ढकाल	" ४ "
३.	श्री डि. रत्नबहादुर खड्का	" ४ "
४.	श्री नेत्रप्रसाद ढकाल	" ४ "
५.	श्री डिल्लीप्रसाद आचार्य	" ४ "
६.	श्री अम्बरबहादुर घिमिरे खत्री	" ३ "
७.	श्री तुलसीप्रसाद ढकाल	" ४ "
८.	श्री माधवप्रसाद ढकाल	" ४ "
९.	श्री पीताम्बर ढकाल	" ४ "
१०.	श्री भीमप्रसाद मास्के	" ४ "
११.	श्री त. हर्कनारायण प्रधान	" ४ "
१२.	श्री चन्द्रप्रसाद तिम्सिना	" ४ "
१३.	श्री नन्दकुमारी खड्का	" ४ "
१४.	श्री गङ्गादेवी खड्का	" ४ "
१५.	श्री कमलप्रसाद दाहाल	" ४ "
१६.	श्री सोमप्रसाद दाहाल	" ४ "
१७.	श्री हरिश्चन्द्र आचार्य	" ४ "
१८.	श्री पुष्पबहादुर अधिकारी	" ४ "
१९.	श्री नैनकुमारी अधिकारी	" ४ "
२०.	श्री कुलबहादुर थापा	" ४ "
२१.	श्री विष्णुकुमारी थापा	इन्द्रपुर ४ मोरङ
२२.	श्री तिलकप्रसाद ढकाल	" ४ "

२३.	श्री गणेशराज मास्के	"	४	"
२४.	श्री हरि दङ्गाल	"	४	"
२५.	श्री दुर्योधन चम्लागाईं	"	३	"
२६.	श्री टेकराज मास्के	"	४	"
२७.	श्री बुद्धिमान श्रेष्ठ	"	४	"
२८.	श्री चन्द्रबहादुर गुरुङ	"	१	"
२९.	श्री देवेन्द्रकुमार मास्के	"	२	"
३०.	श्री इन्द्रप्रसाद खतिवडा	"	४	"
३१.	श्री खुदमाया ढकाल	"	४	"
३२.	श्री हेमबहादुर थापा	"	४	"
३३.	श्री मीनबहादुर लिम्बू	"	३	"
३४.	श्री हरि वैरागी दाहाल	मादी रामबेनी-संखुवासभा		
३५.	श्री मकरनन्द पराजुली	इन्द्रपुर-४, मोरङ		
३६.	श्री पुष्पराज ढकाल	"	४	"
३७.	श्री पार्वतीदेवी ढकाल	"	४	"
३८.	श्री देवीप्रसाद आचार्य	"	४	"
३९.	श्री प्रेमप्रसाद तिम्सिना	"	४	"
४०.	श्री देवकुमारी तिम्सिना	"	४	"
४१.	श्री जितबहादुर धिमाल	"	४	"
४२.	श्री कृष्णप्रसाद पौडेल	"	४	"
४३.	श्री रामप्रसाद कोइराला	"	४	"
४४.	श्री गजेन्द्रकुमार प्रधान	"	२	"
४५.	श्री नारायणप्रसाद उप्रेती	"	२	"
४६.	श्री पूर्णप्रसाद ढकाल	"	४	"
४७.	श्री हरिप्रसाद ढकाल	"	४	"
४८.	श्री राजेन्द्रकुमार पौडेल	"	४	"
४९.	श्री धनमाया खतिवडा	"	४	"

ख) चन्दादाता:

क्र.सं.	चन्दादाताको नाम	ठेगाना
१.	श्री कृष्णप्रसाद सुवेदी	इन्द्रपुर-४, मोरङ
२.	श्रीमती विष्णुमाया श्रेष्ठ	" ४ "
३.	श्रीमती पन्ना मास्के	विराटनगर-६, मोरङ
४.	इ. श्री धनप्रसाद श्रेष्ठ	काठमाडौं-३२
५.	श्री टीकाराम गौतम	इन्द्रपुर-८, मोरङ
६.	श्री हेमचन्द्र घिमिरे	" १ "
७.	श्री खिलबहादुर श्रेष्ठ	" ८ "

अनुसूची -२

क) संस्थापक क्याम्पस तदर्थ समितिको नामावली :

क्र.सं.	नाम	पद
१.	श्री लक्ष्मीप्रसाद प्रसाई	अध्यक्ष
२.	श्री हर्कनारायण प्रधान	उपाध्यक्ष
३.	श्री मेदिनीप्रसाद बराल	सचिव
४.	श्री उदयनारायण काफ्ले	सह-सचिव
५.	श्री बमबहादुर थापा	कोषाध्यक्ष
६.	श्री रमानाथ गौतम	सदस्य
७.	श्री गोविन्दप्रसाद फुयल	"
८.	श्री चन्द्रबहादुर गुरुङ	"
९.	श्री वीरबहादुर खुलाल	"
१०.	श्री उत्तरबहादुर लिम्बू	"
११.	श्री योगराज कार्की	"
१२.	श्री मीनबहादुर लिम्बू	"
१३.	श्री विचारसिंह कन्दङ्वा	"

१४.	श्री पीतकुमार श्रेष्ठ	"
१५.	श्री रामकृष्ण दनुवार	"
१६.	श्री नेत्रप्रसाद रिमाल	"
१७.	श्री अर्जुनकुमार श्रेष्ठ	"
१८.	श्री गोविन्द घिमिरे	"
१९.	श्री भोलानाथ बजगाईं	"
२०.	श्री मानबहादुर बस्नेत	"
२१.	श्री शान्ता कट्टेल	"

अनुसूची -२

ख. संस्थापक प्राध्यापकको नामावली :

क्र.सं.	नाम	पद
१.	श्री रामप्रसाद काफ्ले	क्याम्पसप्रमुख
२.	श्री पीतकुमार श्रेष्ठ	सहायक क्याम्पसप्रमुख
३.	श्री मेदिनीप्रसाद बराल	सहायक प्राध्यापक
४.	श्री अमृतप्रसाद आचार्य	उपप्राध्यापक
५.	श्री एकराज भट्टराई	उपप्राध्यापक
६.	श्री लक्ष्मीकुमार श्रेष्ठ	उपप्राध्यापक
७.	श्री प्रेमबहादुर तामाङ	उपप्राध्यापक
८.	श्री मोहनप्रसाद काफ्ले	उपप्राध्यापक

अनुसूची-३

२०५६/०७/१९ मा वहाल रहेका सं.स. का पदाधिकारी तथा सदस्यहरू


क्र.सं.	नाम	पद
१.	श्री लक्ष्मीप्रसाद प्रसाईं	अध्यक्ष
२.	श्री चन्द्रबहादुर गुरुङ	उपाध्यक्ष
३.	श्री केदारप्रसाद गुरागाईं	सचिव
४.	श्री मानबहादुर बस्नेत	सदस्य
५.	श्री उदयनारायण काफ्ले	"
६.	श्री देवेन्द्रकुमार मास्के	"
७.	श्री नेत्रप्रसाद रिमाल	"
८.	श्री विश्वेश्वर ढकाल	"
९.	श्री अर्जुनकुमार श्रेष्ठ	"
१०.	श्री हरिप्रसाद घिमिरे	"
११.	श्री परशुराम सुवेदी	"
१२.	श्री नवीन थापा मगर	"
१३.	श्री बमबहादुर थापा	"
१४.	श्री नारायणप्रसाद चुँडाल	"
१५.	श्री दुर्गाबहादुर राई	"
१६.	श्री उचितनारायण खवास	"
१७.	श्री भोलानाथ बजगाईं	"
१८.	श्री रामप्रसाद काफ्ले	"
१९.	श्री पीतकुमार श्रेष्ठ	"
२०.	श्री असित राई	"
२१.	श्री मेदिनीप्रसाद बराल	"

मिति २०६६ साल जेठ १३ गते बुधवारका दिन बसेको यस सुकुना बहुमुखी क्याम्पस सञ्चालक समितिको बैठकले सुकुना बहुमुखी क्याम्पस नियमावली (संशोधनसहित-२०६५) लाई प्रमाणित गरियो ।

क्र.सं.	नाम	पद	हस्ताक्षर
१.	श्री चन्द्रबहादुर गुरुङ	अध्यक्ष	
२.	श्री उद्धवप्रसाद रिजाल	उपाध्यक्ष	
३.	श्री बमबहादुर थापा	सदस्य	
४.	श्री देवेन्द्रकुमार मास्के	"	
५.	श्री तुलसीप्रसाद ढकाल	"	
६.	श्री पीताम्बर ढकाल	"	
७.	श्री कृष्णप्रसाद दाहाल	"	
८.	श्री हरिप्रसाद घिमिरे	"	
९.	श्री हरि दँगाल	"	
१०.	श्री मानबहादुर बस्नेत	"	
११.	श्री उदयनारायण काफ्ले	"	
१२.	श्री रामबहादुर इवारम	"	
१३.	श्री गोपालबहादुर थापा	"	
१४.	श्री केदारप्रसाद गुरागाईं	"	
१५.	श्री पीतकुमार श्रेष्ठ	"	
१६.	श्री एकराज भट्टराई	"	
१७.	श्री सूर्यप्रसाद लम्साल	"	
१८.	श्री रामप्रसाद काफ्ले (क्याम्पसप्रमुख)	सदस्य-सचिव	

Annex 4: Teacher Selection Guidelines

सुकुना बहुमुखी क्याम्पस
कोसीहरैँचा, मोरङ



शिक्षक सेवा आयोग विनियम-२०७२

सुकुना बहुमुखी क्याम्पस

शिक्षक सेवा आयोग विनियम २०७२

प्रस्तावना:

सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर मोरङ्गको नियामवली २०५४ (पहिलो संशोधन २०६५) को परिच्छेद-७ को नियम १० अनुसार गठित शिक्षक सेवा आयोगले सञ्चालन गर्ने छनौटका लागि छनौट कार्यविधि, प्रक्रिया, नियुक्तिको आधार कार्य सम्पादन मूल्याङ्कन सम्बन्धमा विनियम निर्माण गर्न आवश्यक भएकोले नियमावलीको परिच्छेद ७ नियम १०ले दिएको अधिकार प्रयोग गरी क्याम्पस सञ्चालक समितिद्वारा यो विनियम निर्माण गरिएको छ।

परिच्छेद-१
प्रारम्भिक

१.१ संक्षिप्त नाम र प्रारम्भ

क) यो विनियमको नाम सुकुना बहुमुखी क्याम्मस शिक्षक सेवा आयोग विनियम २०७२ रहेको छ।

ख) यो विनियम २०७२ साल फाल्गुण महिना देखि लागू हुने छ।

१.२ परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियममा

क) 'क्याम्पस' भन्नाले श्री सुकुना बहुमुखी क्याम्पस कोशी हरैंचा नगरपालिका-०४, मोरङ्ग सम्झनुपर्छ।

ख) 'सेवा आयोग' भन्नाले सुकुना बहुमुखी क्याम्पस शिक्षक सेवा आयोग सम्झनुपर्छ।

ग) 'प्रतियोगिता' भन्नाले सेवा आयोगद्वारा लिइने आन्तरिक प्रतियोगिता र खुल्ला प्रतियोगिता सम्झनु पर्छ।

घ) 'लिखित परीक्षा' भन्नाले सेवा आयोगद्वारा लिइने प्रतियोगितात्मक लिखित परीक्षा सम्झनु पर्छ।

ङ) 'शिक्षक' भन्नाले सुकुना बहुमुखी क्याम्पसका शिक्षक सम्झनु पर्छ। यस शब्दले सेवा आयोगको प्रतियोगितामा सम्मिलित हुन न्युनतम योग्यता पुगेका उम्मेद्वार शिक्षक वा व्यक्ति समेत जनाउछ ।

च) 'अनुसूची' भन्नाले यसै प्रक्रियाको अनुसूची सम्झनु पर्छ ।

छ) 'योग्यता' भन्नाले शिक्षक पदमा नियुक्तिको लागि तोकिएको पदमा चाहिने न्यूनतम शैक्षिक योग्यता सम्झनु पर्दछ ।

ज) 'अङ्क' भन्नाले सेवा आयोगबाट आयोगको छनौट प्रक्रियाका लागि तोकिए बमोजिम विभिन्न आधारमा दिइने अङ्क सम्झनु पर्दछ ।

१.३ सुकुना बहुमुखी क्याम्पस नियिमावली अन्तर्गतको प्रयुक्त शब्द र वाक्यांशहरु यस विनियममा प्रयुक्त भएकोमा विषय वा प्रसङ्गवस अर्को अर्थ नलागेमा ती शब्द र वाक्यांहरुको व्याख्या सोही अनुरुप गरिनेछ ।

परिच्छेद-२
सिफारिस सम्बन्धी कारवाही

२.१ विनियममा अन्यथा स्पष्ट व्यवस्था भएकोमा बाहेक सञ्चालक समितिले पदपूर्तिको लागि तोकी पठाएको पद, पदको संख्या र प्रतियोगिताको किसिमका आधारमा सेवा आयोगले शिक्षक पदमा नियुक्तिको लागि सिफारिस सम्बन्धी कारवाही सुरु गर्नेछ । तोकिएको समयभित्र सिफारिसको कारवाही टुङ्गो लगाईसक्नेछ ।

२.२. विज्ञापन र आवेदन फारम

क) नियुक्तिको लागि सिफारिस गर्नुपर्ने शिक्षक पद र त्यसको किसिम तथा संख्या, सबै प्रकारको न्यूनतम योग्यता, प्रतियोगिताको किसिम समेत खुलाई सेवा आयोगले सिफारिस गर्ने पदहरुको विज्ञापन पत्रपत्रिकामा समेत प्रकाशित गरिनेछ ।

ख) विज्ञापन बमोजिम आवेदन दिने म्याद पत्रिकामा छापिएको मितिदेखि कम्तीमा १५ दिन राखिने छ। त्यस पछि दोब्बर दस्तुर तिरेर ७ दिन सम्म आवेदन फारम भर्ने म्याद कायम रहनेछ ।

ग) विज्ञापन बमोजिम न्युनतम योग्यता पुग्ने उमेद्दवारहरुले आवेदन फारम तोकिएको म्याद भित्र सेवा आयोगको कार्यालयमा बुझाइ सक्नु पर्नेछ ।

घ) म्यादभित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा विज्ञापनमा उल्लेखित सर्तहरु पूरा नभएको आवेदन फारममा कुनै कारबाही गरिने छैन ।

ङ) शिक्षक पदहरुको लागि सेवा आयोगबाट यस प्रक्रियाका आवश्यकताहरु पूर्ति हुने गरी आवेदन फारमहरु तोकिनेछन् ।

च) सेवा आयोगले प्रतियोगिता का लागि आवेदकहरुमध्ये बाट योग्य उम्मेद्वारको नामावली प्रतियोगिता हुने दिन भन्दा घटीमा १५ दिन अगाडि प्रकाशित गर्नेछ ।

ङ। सेवा आयोगमा दाखिला भइसकेका आवेदन, आवेदन दस्तुर र सम्बन्धित संलग्न कागजात फिर्ता गरिने छैन ।

ञ। सेवा आयोगले 'अंशकालीन करार' अस्थायी शिक्षक र प्रशिक्षकको नियुक्तिका लागि समेत सिफारिस गर्न सक्नेछ ।

परिच्छेद-३
प्रतियोगिताका प्रकार

३.१ सेवा आयेगले देहायमा उल्लेखित प्रतियोगिताका आधारमा शिक्षक पदमा नियुक्तिको लागि सिफारिस गर्नेछ ।

क। खुल्ला प्रतियोगिता :

खुल्ला प्रतियोगिताको लागि तोकिएको शैक्षिक तथा अन्य योग्यता पुगेका क्याम्पस सेवामा रहेका वा क्याम्पस सेवा बाहिरका व्यक्तिलाई सेवा आयोगले खुल्ला प्रतियोगितामा सम्मिलित गराउनेछ ।

ख। आन्तरिक प्रतियोगिता :

आन्तरिक प्रतियोगिताको लागि तोकिएको शैक्षिक तथा अन्य योग्यता पुगेका क्याम्पस सेवामा रहेका शिक्षकलाई मात्र सेवा आयोगले आन्तरिक प्रतियोगितामा सम्मिलित गराउने छ। आन्तरिक प्रतियोगितामा हाल आफू कार्यरत रहेको पद भन्दा एक तह माथिको पदका लागि मात्र आवेदन दिन सकिनेछ । यस व्यवस्था अनुसार क्याम्पस सञ्चालक समितिले अन्यथा व्यवस्था गरेकोमा बाहेक जो जून विषयको पदमा कार्यरत रहेको छ सोही विषयको आफू कार्यरत पद भन्दा एक तह माथिको पदमा मात्र आवेदन दिन सकिनेछ ।

ग। उम्मेद्वार हुन नपाउने अवस्था :

देहायका अवस्थामा कुनै पनि व्यक्ति सेवा आयोगबाट लिइने प्रतियोगिताकालागि उम्मेद्वार हुन वा रहन पाउने छैन :

अ) भविष्यमा सरकारी सेवाको वा विश्वविद्यालय सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बरर्खास्त गरिएको व्यक्ति ।

आ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको व्यक्ति ।

इ) गैर नेपाली नागरिक ।

ई) विज्ञापन प्रकाशित भएको मिति सम्म ४५ वर्ष ननाघेको व्यक्ति तर क्याम्पसको स्थायी, अस्थायी र करार सेवाका बहालवाला व्यक्तिलाई उमेरको हद लाग्नेछैन ।

परिच्छेद-४

सिफारिसका आधार तथा पूर्णाङ्क विभाजन

४.१ उप प्राध्यापक शिक्षक पदमा नियुक्तिका लागि सेवा आयोगबाट सिफारिस गर्ने आधार र तिनको पूर्णाङ्क विभाजन देहाय बमोजिम हुनेछ । लिखित परीक्षमा उत्तीर्ण भई अन्तर्वार्ताको सूचीमा नाम परेपछि मात्र अन्य आधारका अङ्क गणना हुनेछ ।

आधार	पूर्णाङ्क
लिखित परीक्षा	७०
शैक्षिक योग्यता	७०
अनुसन्धान तथा कृति प्रकाशन	२२
शिक्षण सेवा अनुभव	८
अन्तर्वार्ता	३०
जम्मा	**२००**

सुरु नियुक्ति हुने उपप्राध्यापक पदको लागि शैक्षिक योग्यता सम्बन्धी व्यवस्था अनुसूची १ बमोजिम हुनेछ।

४.२ शैक्षिक योग्यताको सम्वन्धमा अन्य व्यवस्था :

क) शैक्षिक पदमा सुरु नियुक्ति हुने उम्मेद्वारले आफ्नो सम्पूर्ण शैक्षिक योग्यताको लागि यसै दफामा उल्लेख भए बमोजिम अङ्क पाउनेछ ।

ख विद्यावारिधि उपाधि र एम फिल उपाधि मध्ये कुनै एक उपाधिको मात्र अङ्क पाइने छ। एमफिल उपाधिमा CGPA-C भन्दा तलका CGPA लाई अङ्क प्रदान गरिने छैन ।

ग। कम्पार्टमेण्टल परीक्षा उत्तीर्ण गरी प्राप्त शैक्षिक योग्यता वा उपाधिका लागि तृतीय श्रेणीको अङ्क दिइने छ ।

घ। एक वा एक भन्दा बढी तह नाघी स्नातकोत्तर भन्दा अगाडिका शैक्षिक उपाधि हासिल गरेका उमेद्वारहरुका लागि बीचका तहहरुको द्वित्तीय श्रेणीको अङ्क प्रदान गरिनेछ ।

ङ। कुनै श्रेणी नखुलेको शैक्षिक योग्यता वा उपाधिलाई द्वित्तीय श्रेणीको अङ्क दिइने छ ।

४.३ शिक्षक पदमा नियुक्तिका लागि सेवा आयोगबाट सिफारिस गर्ने आधार र तिनको पूर्णाङ्क विभाजन अनुसूची १-७ मा भएको व्यवस्थाको अधीनमा रहने गरी देहाय बमोजिम हुनेछ ।

क) खुल्ला प्रतियोगिता अन्तर्गत देहायका पदमा नियुक्तिको सिफारिसको लागि निर्धारित पूर्णाङ्क

आधार	प्राध्यापक / सह-प्राध्यापक	प्रशिक्षक	उप प्रशिक्षक, सहायक प्रशिक्षक
१. शैक्षिक योग्यता	८०	७०	७०
२. अनुसन्धान कृति प्रकाशन	८०	०	०
३. शिक्षण सेवा अनुभव	२०	५	०
४. तालिम	०	५	१०
५. लिखित परीक्षा	०	१००	१००
६. अन्तर्वार्ता	२०	२०	२०
जम्मा	**२००**	**२००**	**२००**

ख) आन्तरिक प्रतियोगिता अन्तर्गत देहायका शिक्षक पदमा नियुक्तिको सिफारिसको लागि निर्धारित पूर्णाङ्क

आधार	प्राध्यापक	सह-प्रध्यापक	वरिष्ठ प्रशिक्षक, प्रशिक्षक र उप-प्रशिक्षक
१. शैक्षिक योग्यता	६०	६५	७०
२. अनुसन्धान कृति प्रकाशन	३२	२७	१२
३. शिक्षण सेवा अनुभव	८०	८०	८०
४. तालिम	०	०	१०
५. कार्य सम्पादन मूल्याङ्कन	८	८	८
६. अर्न्तवार्ता	२०	२०	२०
जम्मा	**२००**	**२००**	**२००**

ग) करार, कोष करार र अंशकालिन कार्यरत सहायक प्राध्यापक, शिक्षण सहायक, उप-प्रशिक्षक, प्रशिक्षकहरुलाई रिक्त दरवन्दीमा करार वा स्थायी र अस्थायी नियुक्तिका लागि परिच्छेद ४.१ अनुसार कार्यरतहरु वीच प्रतियोगिता सञ्चालन गर्न सकिनेछ ।

४.४ पूर्णाङ्क विभाजन सम्बन्धी अन्य व्यवस्था :

शिक्षक पदमा नियुक्तिका लागि सेवा आयोगको प्रतियोगितामा सम्मिलित न्यूनतम योग्यता पुगेका उम्मेद्वारहरुको देहायका सम्वन्धमा पूर्णाङ्क विभाजन देहाय बमोजिम हुनेछ ।

क) शैक्षिक योग्यताका सम्वन्धमा अनुसूची १ बमोजिम ।

ख) अनुसन्धान तथा कृति प्रकाशन सम्वन्धमा अनुसूची २ बमोजिम ।

ग) क्याम्पस शिक्षण सेवा अवधि कार्य अनुभव सम्वन्धमा अनुसूची ३ बमोजिम ।

घ) तालिमका सम्वन्धमा अनुसूची ४ बमोजिम ।

ङ) लिखित परीक्षा सम्बन्धमा अनुसूची ५ बमोजिम ।

च) कार्य सम्पादन मूल्याङ्कन सम्वन्धमा अनुसूची ६ बमोजिम ।

छ) अन्तर्वार्ता सम्वन्धमा अनुसूची ७ बमोजिम ।

परिच्छेद-५
सिफारिस

५.१ योग्ताक्रमको सूची तथा सिफारिससम्बन्धी व्यवस्था :

क) उमेद्वारहरुले (Mrit list)विभिन्न आधार शिर्षकमा प्राप्त गरेको प्राप्ताङ्क तालिकीकरण गरी योग्यता सूची तयार गरिने र तोकिएको दरवन्दीको आधारमा नतिजा प्रकाशन गरिनेछ । सिफारिसमा परेका प्रत्येक उम्मेद्वारले प्राप्त गरेको कुल अङ्क प्रकाशित गरिनेछ । तर बैकल्पिक सूचीमा परेका उम्मेद्वारले प्राप्त गरेको अङ्क प्रकाशित हुने छैन ।

ख) वैकल्पिक उम्मेद्वार सिफारिस गर्ने:

१. कुनै पदको लागि खुल्ला प्रतियोगितात्मक परीक्षा अनुसार सिफारीसमा पर्ने उम्मेद्वारको योग्यताक्रम सूची प्रकाशित गर्दा त्यस्तो पदका विज्ञापनमा उल्लेखित पद संख्याको प्राप्त भए सम्म बढीमा १५% सम्म र घटीमा १ जना सम्म उमेद्वारको नाम बैकल्पीक सूचीमा राख्न सकिनेछ ।

२. वैकल्पिक सूचीबाट देहायको अवस्थामा नियूक्तिका लागि योग्यता क्रम अनुसार सिफारिस गरिनेछ।

क) सिफारिस गरिएका उम्मेद्वारले नियुक्तिको सूचना पाएको वा सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियुक्ति नलिएमा वा

ख) नियुक्ति बुझेर पनि ७ दिन भित्र क्याम्पसमा हाजिर हुन नगएमा वा

ग) सिफारिस गरिएका उमेद्वारको मृत्यु भई वा निजले राजिनामा दिई वा निजका माथिल्लो पदमा नियुक्ति भई सिफारिस गरिएको मितिले १ वर्ष भित्रै निजले नियुक्ति लिएको पद रिक्त हुन आएमा

घ) माथि खण्ड जुन सुकै कुरा लेखिएको भएतापनि आयोगले उमेद्वारलाई सिफारिस गरको मितिले १ वर्ष नाघे पछि कुनै पनि वैकल्पिक उमेद्वारलाई नियुक्तिको लागि सिफरिस गरिने छैन।

३. बराबर अङ्क प्राप्त गरेका उमेद्वारहरुको योग्यता सूची सम्वन्धी व्यवस्था :

खुल्ला प्रतियोगितामा उम्मेद्वारहरुको कुल प्राप्ताङ्क बराबरी हुन गएमा लिखित परीक्षामा प्राप्त गरेका बढी अङ्कको आधारमा योग्यता क्रम सूची निर्धारण गरिने छ । तर लिखित परीक्षामा प्राप्त गरेको अङ्क पनि बरावर भएमा शैक्षिक योग्ताको महलमा प्राप्त गरेको बढी अङ्कको आधारमा योग्यताक्रम सूची निर्धारण गरिनेछ । सो पनि बराबर भएमा अर्न्तवार्ता विशेषज्ञ समूहबाट प्राप्त गरेको बढी अङ्कको आधारमा र सो पनि बराबर भएमा उप-प्राध्यापक पदका निमित्त तोकिएको न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर तहमा प्राप्त गरेको बढी प्रतिशत अङ्कको अधारमा योग्यता क्रम सूची निर्धारण गरिनेछ ।

४. दुवै पत्रका उत्तर पुस्तिकाहरु अलग अलग विशेषज्ञकोमा मूल्याङ्कनार्थ पठाई छ र दुवै उत्तर पुस्तिकाको प्राप्ताङ्क जोडी कुल प्राप्ताङ्क गरेर लिखित परीक्षामा उर्त्तीण भएका उमेद्वारहरुको योग्यताक्रम निर्धारण गरिनेछ । आन्तरिक प्रतियोगितामा आफूले प्राप्त गरेको अङ्क

५. आन्तरिक प्रतियोगिता द्वारा नियूक्तिको लागि लिखित परीक्षा उत्तीर्ण ५०% हुनेछ । लिखित परीक्षामा उत्तीर्ण हुने दुवै पत्रहरुमा प्राप्त गरेको अङ्कको योग लिखित परीक्षाको कूल पूर्णाङ्क ७० को ५०% (३५ अंङ्क) हुनु पर्नेछ ।

५.२. क्याम्पस शिक्षण सेवाको जेष्ठता निम्न लिखित आधारमा निर्धारण गरिनेछ ।

क) आवेदक शिक्षक पदभन्दा एक तह मुनिको शिक्षक पदको नियूक्तिको मितिको जेष्ठता

ख) खण्ड १ बमोजिम जेष्ठता नछुटिएमा सुरु स्थायी नियुक्ति मिति

ग) खण्ड १ र २ बमोजिम जेष्ठता नछुटिएमा उमेरको जेष्ठता

परिच्छेद-६

विविध

६.१. सिफारिस बदर हुने अवस्था :

क) प्रतियोगितामा सम्मिलित कुनै उमेद्वारले झुठ्ठा विवरण दिएमा वा लिखित परीक्षा वा अर्न्तवार्तामा कुनै अनियमित कार्य वा मर्यादा भङ्ग गरेमा सेवा आयोगले त्यस्तो उमेद्वारलाई निजको कसुर हेरी सेवा आयोगबाट लिइने कुनै पनि प्रतियोगितामा कुनै खास अवधिको लागि भाग लिन नपाउने गरी अयोग्य घोषित गर्न सक्नेछ ।

ख) प्रतियोगितामा सम्मिलित कुनै उमेद्वारले नतिजालाई प्रभावित पार्ने गरी झुठ्ठा विवरण दिई सिफारिस भएको पाइएमा निजको सिफारिस स्वतः रद्ध हुनेछ ।

ग) उमेद्वारको मुल्याङ्कन तालिकामा कुनै भुलचुक भई पहिले सिफारिस वा नियुक्ती समेत भई सकेको कुनै उमेद्वार सिफारिस वा नियुक्ती हुन नसक्ने अवस्था प्रमाणित हुन आएमा सेवा आयोगले त्यस्ता उमेद्वारको सिफारिस बदर गर्न सक्नेछ ।

घ) आन्तरिक प्रतियोगीतामा सम्मिलित हुन आवेदन दिइएका कुनै उमेद्वारले अन्तिमि नतिजा प्रकाशन हुनु पूर्व नै क्याम्पस सेवाबाट राजीनामा दिएमा वा कुनै पनि कारणले क्याम्पस सेवाबाट अवकास पाएमा त्यस्ता उम्मेद्वारको आवदेन फारम तथा सिफारिस भईसकेको भए त्यस्ता सिफारिस समेत स्वतह रद्ध हुनेछ।

६.२. प्रतियोगितामा भाग लिन नपाउने अवस्था :

१. आन्तरिक प्रतियोगीतको लागि :

देहायको अवस्थामा देहायको अवधि भर कुनै पनि शिक्षक सेवा आयोगबाट प्रकाशित विज्ञापन अनुसार कुनै पनि प्रतियोगितामा सामेल हुन पाउने छैन ।

क) निलम्बन भएमा निलम्वन अवधिभर ।

ख) बढुवा रोक्का गरिएको भएमा त्यसरी रोक्का भएको अवधि भर ।

ग) तलव बृद्धि रोक्का भएको वा तलव घटाएको भए सो भएको मितिले १ वर्ष सम्म ।

घ) हालको पदमा तिन पटक सम्म नसियत पाएको भए अन्तिम पटक नसियत पाएको मितिले १ वर्ष सम्म ।

ङ) विषाय परिर्वतन भएको भए सो परिर्वतन भएको मितिले १ वर्ष सम्म ।

६.३ व्याख्या र बाधा अड्काउ फुकाउने अवस्था :

क) यस शिक्षक नियुक्ति सिफारिस प्रक्रियामा स्पष्ट उल्लेख भएको व्यवस्था वाहेक अन्यको हकमा सेवा आयोगले निर्णय गरे बमोजिम हुनेछ ।

ख) यो प्रक्रियाको अन्तिम व्याख्या र बाधा अड्काउ फुकाउने अधिकार सेवा आयोगलाई हुनेछ ।

अनुसूची -१

शैक्षिक योग्यताको अङ्क विभाजन र अन्य व्यवस्था

१.१. खुल्ला प्रतियोगिताको प्रयोजनार्थ

क) प्राध्यापक र सह-प्राध्यापकका लागि शैक्षिक योग्यताको पूर्णाङ्क ८० यसै अनुसूचीको १-३ को अन्य व्यवस्थाको अधिनमा रहने गरी देहाय बमोजिम विभाजन हुनेछ ।

शैक्षिक योग्यता	प्रथम श्रेणी	द्वित्तीय श्रेणी	तृत्तीय श्रेणी
प्रवेशिका परीक्षा	५	४.५	४
प्रवीणता प्रमाण पत्र तह	१०	५.५	५
स्नातक तह	१५	१४.५	१४
स्नातकोत्तर	२०	१६	०
एम फिल वा विद्यावारिधि	CGPA:A वा सो सरह (A र A–) ६	CGPA:B वा सो सरह (B र B+) ५	CGPA:C वा सो सरह (C) ४
	३०		

१.१. ख) उप प्राध्यापक पदका लागि शैक्षिक योग्यताको पूर्णाङ्क ७० (सत्तरी) यसै अनुसूचीको १.३ को अन्य व्यवस्थाका अधीन रहने गरी देहाय बमोजिम विभाजन हुनेछ ।

शैक्षिक योग्यता	प्रथम श्रेणी	द्वित्तीय श्रेणी	तृत्तीय श्रेणी
प्रवीशका परीक्षा	४	३	२
प्रवीणता प्रमाण पत्र तह	८	६	४
स्नातक तह	१३	१०	७
स्नातकोत्तर	२०	१६	१२
विद्यावारिधि	२५	०	०

१.१. ग) प्रशिक्षक पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता स्नातक तोकिएको पदको लागि निर्धारित पूर्णाङ्क ७० (सत्तरी) यसै अनुसूचीको १.३ को अन्य व्यवस्थाको अधीनमा रहने गरी देहाय बमोजिम विभाजन हुनेछ।

शैक्षिक योग्यता	प्रथम श्रेणी	द्वित्तीय श्रेणी	तृत्तीय श्रेणी
प्रवेशिका परीक्षा (एस.एल.सी.)	१०	७	४
प्रवीणता प्रमाण पत्र तह	१८	१४	१०
स्नातक तह	३०	२५	२०
अतिरिक्त उपाधि (स्नात्तकोत्तर ग्याजुएट डिप्लोमा वा सो भन्दा माथि)	१२	११	१०

१.१. घ) प्रशिक्षक पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता प्रवीणता प्रमाणपत्र तोकिएको पदको लागि निर्धारित पुर्णाङ्क ७० यसै अनुसूचीको १.३. को अन्य व्यवस्थाको अधीन तर्फ बमोजिम विभाजन हुनेछ ।

शैक्षिक योग्यता	प्रथम श्रेणी	द्वित्तीय श्रेणी	तृत्तीय श्रेणी
प्रवेशिका परीक्षा (एस.एल.सी.)	२३	२०	१७
प्रवीणता प्रमाण पत्र तह	३५	३०	२५
अतिरिक्त उपाधि वा सो भन्दा माथि	१२	११	१०

१.१. ङ) उप प्रशिक्षक तथा सहायक प्रशिक्षक पदका लागि आवश्यक शैक्षिक योग्यता स्नातक तोकिएको पदको लागि निर्धारित पूर्णाङ्क ७०(सत्तरी) यसै अनुसूचीको १.३ को अन्य व्यवस्था अधीनमा रहने गरी देहाये बमोजिम विभाजन हुनेछ ।

शैक्षिक योग्यता	प्रथम श्रेणी	द्वित्तीय श्रेणी	तृत्तीय श्रेणी
प्रवेशिका परीक्षा (एस.एल.सी.)	१०	७	४
प्रवीणता प्रमाण पत्र तह	१८	१४	१०
स्नातक	३०	२५	२०
अतिरिक्त उपाधि (स्नाकोत्तर वा पोष्ट ग्याजुएट डिप्लोमा वा सो भन्दा माथि)	१२	११	१०

१.१. च) उप-प्रशिक्षक तथा सहायक प्रशिक्षक पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता प्रवीणता प्रमाणपेत्र तोकिएको पदको लागि निर्धारित पूर्णाङ्क ७० (सत्तरी) यसै अनुसस्चीको १.३ को अन्य व्यवस्थाको अधीनमा रहने गरी देहाय बमोजिम विभाजन हुनेछ ।

शैक्षिक योग्यता	प्रथम श्रेणी	द्वित्तीय श्रेणी	तृत्तीय श्रेणी
प्रवेशिका परीक्षा (एस.एल.सी.)	२३	२०	१७
प्रवीणता प्रमाण पत्र तह	३५	३०	२५
अतिरिक्त उपाधि (स्नातक वा सो भन्दा माथि)	१२	११	१०

१.२. आन्तरिक प्रतियोगिता प्रयोजनार्थ :

क) प्राध्यापक पदको आन्तरिक प्रतियोगिताको प्रयोजनार्थ शैक्षिक योग्यताको पूर्णाङ्क ६० (साठी) यसै अनुसूचीको १.३ को अन्य व्यवस्थाको अधिनमा रहने गरी देहाय बमोजिम विभाजन हुनेछ ।

शैक्षिक योग्यता	प्रथम श्रेणी	द्वित्तीय श्रेणी	तृत्तीय श्रेणी
प्रवेशिका परीक्षा	३	२.५	२
प्रवीणता प्रमाण पत्र तह	७	६.५	६
स्नातक	१३	१२.५	१२
स्नातकोत्तर	२५	२१	०
एम फिल वा	CGPA:A वा सो सरह (A र A–) ६	CGPA:B वा सो सरह (B र B+) ५	CGPA:C वा सो सरह (C) ४
विद्यावारिधि	१२		

ख) सह-प्राध्यापक पदको आन्तरिक प्रतियोगिताको प्रयोजनार्थ शैक्षिक योग्यताको पूर्णाङ्क ६५ (पैसठ्ठी) यसै अनुसूचीको १.३ को अन्य व्यवस्थाको अधीनमा रहने गरी देहाय बमोजिम विभाजन हुनेछ ।

शैक्षिक योग्यता	प्रथम श्रेणी	द्वित्तीय श्रेणी	तृत्तीय श्रेणी
प्रवेशिका परीक्षा	४ (चार)	३.५	३
प्रवीणता प्रमाण पत्र तह	८	७.५	७
स्नातक	१६	१५.५	१५
स्नातकोत्तर	२५	२१	०
एम फिल वा	CGPA:A वा सो सरह (A र A–) ६	CGPA:B वा सो सरह (B र B+) ५	CGPA:C वा सो सरह (C) ४
विद्यावारिधि	१२		

ग) वरिष्ठ प्रशिक्षक, प्रशिक्षक र उप-प्रशिक्षक आन्तरिक प्रतियोगिताको प्रयोजनार्थ शैक्षिक योग्यताको पूर्णाङ्क ७० (सत्तरी) यसै अनुसूचीको १.३ को अन्य व्यवस्थाको अधीनमा रहने गरी देहाय बमोजिम विभाजन हुनेछ ।

शैक्षिक योग्यता	प्रथम श्रेणी	द्वित्तीय श्रेणी	तृत्तीय श्रेणी
प्रवेशिका परीक्षा	१०	७	३
प्रवीणता प्रमाण पत्र तह	१८	१४	१०
स्नातक	३०	१४	१०
अतिरिक्त उपाधि (स्नाकोत्तर वा पोष्ट ग्र्याजुएट डिप्लोमा वा सो भन्दा माथि)	१२	१०	८

घ) वरिष्ठ प्रशिक्षक, प्रशिक्षक र उप-प्रशिक्षक वा सो सरहका पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता प्रवीणता प्रमाण-पत्र ताकिएको पदको लागि निर्धारित पूर्णाङ्क ७० (सत्तरी) यसै अनुसूचीको १.३ को अन्य व्यवस्थाको अधीनमा रहने गरी देहाय बमोजिम विभाजन हुनेछ ।

शैक्षिक योग्यता	प्रथम श्रेणी	द्वितीय श्रेणी	तृतीय श्रेणी
प्रवेशिका परीक्षा	२३	२०	१७
प्रवीणता प्रमाण पत्र तह	३५	३०	२५
अतिरिक्त उपाधि (स्नाकोत्तर वा पोष्ट ग्याजुएट डिप्लोमा वा सो भन्दा माथि)	१२	१०	८

१.३. शैक्षिक योग्यताको सम्वन्धमा अन्य व्यवस्था :

क) शिक्षक पदमा शुरु नियुक्ति हुने उम्मेद्वारले आफ्नो सम्पूर्ण शैक्षिक योग्यताको लागि यसै अनुसूचीमा उल्लेख भए बमोजिम अङ्क पाउने छ।

ख) कम्पार्टमेण्टल परीक्षा उत्तीर्ण गरी प्राप्त शैक्षिक योग्यता वा उपाधिको लागि तृतीय श्रेणीको अङ्क दिइनेछ ।

ग) एक वा एकभन्दा बढी तह नाघी स्नात्तकोत्तर तह भन्दा अगाडिका शैक्षिक उपाधि हासिल गरेका उम्मेद्वारका लागि बीचका तहरुको द्वितीय श्रेणीको अङ्क प्रदान गरिने छ। स्नातक पछि स्नात्तकोत्तर तह उर्तिण नगरी सिधैं सम्वन्धित विषयमा विद्यावारिधि गर्नेहरुको हकमा स्नात्तकोत्तर तह र विद्यावारिधि दुवै उपाधिको अङ्क प्रदान नगरी एक तहको मात्र अङ्क प्रदान गरिनेछ । क्याम्पस सेवा आयोगमा अनुभव गणना गर्न र अङ्क दिने प्रयोजनका लागि मात्र उक्त विद्यावारिधि उपाधि (स्नात्तकोत्तर तह उत्तीर्ण नगरी गरको विद्यावारिधि उपाधि) स्नात्तकोत्तर तह द्वित्तिय श्रेणी सरह मान्य हुनेछ । स्नात्तकोत्तर तह उत्तीर्ण गरी विद्यावारिधि गरेको अवश्थामा मात्र स्नातकोत्तर तह र विद्यावारिधि दुवै उपाधिमा अङ्क प्रदान गरिनेछ ।

घ) कुनै श्रेणी नखुलेको शैक्षिक योग्यता वा उपाधिलाई द्वित्तीय श्रेणीको अङ्क दिइनेछ ।

ङ) अतिरिक्त उपाधिको हकमा यसै अनूसूचीमा तोकिए बमोजिम हुनेछ ।

च) भिन्न विषयको समान तहको एक भन्दा बढी शैक्षिक योग्यता वा उपाधि हासिल गरेको भए पनि आवेदित पदसँग सम्वन्धित एक शैक्षिक योग्यता वा उपाधिको मात्र अङ्क दिइनेछ ।

छ) विज्ञापन प्रकाशित हुनु भन्दा पहिलेको मितिसम्म पुरा नभएका तथा आवेदन फारममा उल्लेख नभएका शैक्षिक उपाधिहरुको अङ्क दिइनेछैन ।

ज) त्रिभुवन विश्वविद्यालय वाहेक अन्य विश्वविद्यालयबाट प्राप्त गरको शैक्षिक उपाधि (श्रेणी वा ग्रेड समेत खुलको) त्रि.वि.बाट मान्यता भएको प्रमाणित प्रतिलिपि पनि पेश गर्नु पर्नेछ । अन्यथा आवेदन फारम स्वीकार गरिने छैन ।

झ) शैक्षिक उपाधिमा अङ्क दिने प्रयोजनका लागि मात्र चिकित्सा शास्त्र अन्तर्गतको सम्बन्धित विषयको DM वा MCH उपाधि विद्यावारिधि उपाधि सरह मान्य हुनेछ । विद्यावारिधि (PH.D) उपाधि, एम.फिल (M.Phil) उपाधि र DM र MCH उपाधि मध्ये कुनै एक उपाधिको मात्र अङ्क पाइनेछ । एम फिल उपाधिमा CGPA –C भन्दा तलको CGPA लाई अङ्क प्रदान गरिने छैन । सम्बन्धित विषयको एम फिल र सम्बन्धित विषयको विद्यावारिधि उपाधिमा मात्र अङ्क प्रदान गरिनेछ ।

ञ) कुनै पनि भाषा/साहित्य विषयमा विद्यावारिधि गर्नेहरुको हकमा जुन भाषा/ साहित्यका पदहरुमा पदोन्नतिका लागि आवेदन दिने हो सोही भाषामा शोधपत्र लेखी विद्यावारिधि गरेको अवस्थामा मात्र अङ्क प्रदान गरिनेछ ।

अनुसूची-२

अनुसन्धान तथा कृति प्रकाशनको पूर्णाङ्क विभाजन र अन्य व्यवस्था

२.१. विभिन्न पदका लागि निर्धारित अनुसन्धान तथा कृति प्रकाशनको पूर्णाङ्क विभाजन यसै अनुसूची २.२. को अन्य व्यवस्थाको अधीनमा रहने गरी देहाय बमोजिम विभाजन हुनेछ ।

क) खुल्ला प्रतियोगीताको लागी:

पद	सम्बन्धित विषयको पाठ्यपुस्तक वा सन्दर्भ ग्रन्थ		सम्बन्धित विषयको अनुसन्धानात्मक /सन्दर्भ ग्रन्थ		सम्बन्धित विषयको प्रतिवेदन		पिएचडी शोध निर्देशन		स्नातकोत्तर तहको शोध निर्देशन		प्रकाशित लेख						अधिकतम अङ्क
											विषयगत अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित लेख		विषयगत अनुसन्धानात्मक लेख		विषयगत साधारण लेख		
	अ	आ	अ	आ	अ	आ	अ	आ	अ	आ	अ	आ	अ	आ	अ	आ	
प्राध्यापक	३	६	६	२४	३	१२	५	१०	१	५	३	१२	२.५	२५	१	५	८०
सह-प्राध्यापक	५	१०	६	१८	५	१५	५	१०	१	५	३	६	३	३०	१	८	८०

अ= प्रति एकाई वापतको अधिकतम अङ्क ।

आ= यस महल अर्न्गत अधिकतम आर्जन गर्न सकिने अङ्क

ख) आन्तरिक प्रतियोगीताको लागि

पद	सम्बन्धित विषयको पाठ्यपुस्तक वा सन्दर्भ ग्रन्थ		सम्बन्धित विषयको अनुसन्धानात्मक / सन्दर्भ ग्रन्थ		सम्बन्धित विषयको प्रतिवेदन		पिएचडी शोध निर्देशन		स्नातकोत्तर तहको शोध निर्देशन		प्रकाशित लेख						अधिकतम अङ्क
											विषयगत अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित लेख		विषयगत अनुसन्धानात्मक लेख		विषयगत साधारण लेख		
	अ	आ	अ	आ	अ	आ	अ	आ	अ	आ	अ	आ	अ	आ	अ	आ	
प्राध्यापक	२.५	५	४	८	२.५	५	५	१०	१	५	३	६	२.५	१२.५	१	४	३२
सह-प्राध्यापक	३	६	४	८	३	६	५	१०	१	५	३	६	२.५	५	१	५	२७
वरिष्ठ प्रशिक्षक, उप-प्राध्यापक प्रशिक्षक, उप-प्रशिक्षक	४	४	५	५									३	६	१	५	१२

अ = प्रति एकाई वापतको अधिकतम अङ्क ।

आ= यस महल अर्न्गत अधिकतम आर्जन गर्न सकिने अङ्क

- **अनुसन्धान तथा कृति प्रकाशनका सम्वन्धमा थप अन्य व्यवस्था :**

१. अनुसन्धान तथा कृति प्रकाशितको अङ्क आन्तरिक प्रतियोगिताको हकमा आवेदित पद भन्दा एक तह मुनिको पदमा लेखिएको पुस्तक, अन्य अनुसन्धान कार्य आदि बापत मात्र प्रदान गरिनेछ । खुल्ला प्रतियोगिताको हकमा क्याम्पस सेवा बाहिरका व्यक्तिको लागि यी बन्देज लागु हुने छैन तर क्याम्पस सेवामा रहेका शिक्षकले खुल्ला प्रतियोगितामा सामेल हुन चाहेमा हाल आफु कार्यरत रहेको पदमा लेखिएका पुस्तक, कृति, अनुसन्धान कार्य आदि पेश गर्न सक्नेछन् ।

२. समाचार पत्रहरुमा छापिएका लेखहरुको मुल्याङ्कन गरिने छैन । साथै सम्पादन कार्य, अनुवाद कार्य तथा संकलन कार्य मात्र भएको कृतिहरु तथा एब्स्ट्रयाक्टको मूल्याङ्कन गरिने छैन ।

३. बहुलेखकको नाममा प्रकाशित कृतिको मूल्याङ्कन गर्दा उक्त कृतिको पूर्णाङ्कको आरमा दामासाहिले बरावर अङ्क दिइने छ।

४. पिएच डी को शोधपत्र पुस्तकको रुपमा प्रकाशित भए पनि सो पुस्तकको कुनै अङ्क दिईने छैन ।

५. अनुसन्धान तथा कृति मूल्याङ्कन गराउदा क्याम्पस सेवा आयोगले सम्वन्धित विषयका कम्तीमा ३ जना विशेषज्ञहरु समावेश भएको कृति मूल्याङ्कन समिति गठन गरी सोही समितिबाट अनुसन्धान

तथा कृति मुल्याङ्कन गराउने छ । यसरी विज्ञहरुको छनौट गर्दा सम्भव भए सम्म सम्वन्धित विषयका विषय समितिका अध्यक्षलाई समावेश गर्ने व्यवस्था गरिनेछ । मूल्याङ्कन समितिमा त्रि.वि. सँग विशेषज्ञहरुको माग गर्न सकिनेछ ।

६. ललीतकला, संगीत आदि विषयमा सम्वन्धित व्यक्तिले सिंजना गरेको कला संगीत आदि कार्यको मूल्याङ्कन सेवा आयोगले विशेषज्ञ समेत राखी मूल्याङ्कन समितिबाट गराने छ।

७. विद्याबारिधि तहका सोध निर्देशन गरी सो सोध कार्य पूरा भई उपाधि प्रदान गरिएको प्रतिलाई शोध निर्देशनको ५ अङ्कका दरले अधिकतम अङ्क १० प्रदान गरिनेछ । उपरोक्त अङ्क आन्तरिक प्रतियोगितको हकमा आवेदित पद भन्दा एकतह मुनिको पदमा हुँदा गरको सोध निर्देशन कार्य वापत मात्र प्रदान गरिनेछ भने खुल्ला प्रतियोगिताको हकमा क्याम्पस सेवा बाहिरका व्यक्तिको लागि यो बन्देज लागु हुने छैन तर क्याम्पस सेवामा रहेका शिक्षकले खुल्ला प्रतियोगितामा सामेल हुन चाहेमा हाल आफु कार्यरत रहेको पदमा गरेको शोध निर्देशन कार्य बापत मात्र अङ्क प्राप्त गर्नेछ । यसका निमित्त सोधार्थीको नाम, शोध शीर्षक तथा शोध कार्य पुरा भई उपाधि प्रदान गरिएको मिति (वर्ष, महिना र गते) उल्लेख गरी सम्वन्धित निकायबाट लेखिएको सक्कल पत्र नै पेश गर्नु पर्नेछ । आन्तरिक प्रतियोगितामा त्रि.वि.का संकाय अध्ययन संस्थानहरुमा नाम दर्ता गरी विध्यावारिधि शोध कार्य (पिएच डी) गर्ने शोधार्थीहरुको मुख्य शोध निर्देशक भई सोध निर्देशन गरेको भएमा मात्र विद्यावारिधि (पिएच डी) सोध निर्देशन वापतको अङ्क प्राप्त गर्न सकिनेछ ।

८. स्नातकोत्तर तहका शोध निर्देशन गरी सो शोध कार्य पुरा भई उपाधि प्रदान गरिएको प्रति शोध निर्देशनको एक (१) अङ्कका दरले तोकिएको पुर्णांक सम्म अङ्क प्रदान गरिएको छ । उपरोक्त अङ्क आन्तरिक प्रतियोगिताको हकमा आवेदित पद भन्दा एक तह मुनिको पदमा हुँदा गरेको शोध निर्देशन कार्यबाट मात्र प्रदान गरिनेछ भने खुल्ला प्रतियोताको हकमा क्याम्पस सेवा बाहिरका व्यक्तिको लागि यो बन्देज लागु हुने छैन तर क्याम्पस सेवामा रहेका शिक्षकले खुल्ला प्रतियोगितामा सामेल हुन चाहेमा हाल आफु कार्यरत रहेको पदमा गरेको शोध निर्देशन कार्य बापत मात्र अङ्क प्राप्त गर्नेछ । यसका निमित्त शोधार्थीको नाम, शोध शीर्षक तथा शोध कार्य पूरा भई मौखिक परीक्षा सम्पन्न भएको मिति (वर्ष महिना र गते) उल्लेख गरी सम्वन्धित निकायबाट लेखिएको सक्कल पत्र नै पेश गर्नु पर्नेछ । आन्तरिक प्रतियोगितामा क्याम्पसका विभागहरुमा सम्वन्धित विषयका विद्यार्थीहरुको मुख्य शोध निर्देशक भई स्नातकोत्तर तहको शोध निर्देशन गरेको भएमा मात्र शोध निर्देशन वापतको अङ्क प्राप्त गर्न सकिनेछ ।

९. विज्ञापन प्रकाशन भई सकेपछि प्रकाशित भएका अनुसन्धान तथा कृति प्रकाशन एवं सोध निर्देशन कार्यको मुल्याङ्कन गरिने छैन ।

१०. अनुसन्धान केन्द्रमा कार्यरत शिक्षकहरुको अनुसन्धान वापत छुट्याइएको अङ्क प्राप्त गर्न आफू कार्यरत अनुसन्धान केन्द्र बाहेक अन्य क्षेत्रबाट गरको अनुसन्धान प्रतिवेदन मात्र पेश गर्न सकिनेछ ।

११. आवेदकले आफ्ना कृतिहरुलाई जुन प्रकार अन्तर्गत मूल्याङ्कनका निमित्त पेश गरको छ सोही प्रकार अन्तर्गत रहेरमात्र अङ्कन गरिनेछ । आवेदकले माग गरेको भन्दा भिन्न प्रकारमा गएर कुनै पनि कृतिको मूल्याङ्कन गरिने छैन ।

१२. माथि २.१ क र ख का प्रत्येक महलमा जति कृति संख्या उल्लेख गरिएकोछ आवेदकले त्यतिनै संख्यामा थप बढी कृतिहरु बुझाउन सक्नेछ । आवेदकले पेश गरेका सवै कृतिहरुको मूल्याङ्कन गरी प्रत्येक महलमा उल्लेखित अधिकतम अङ्कमा नबढ्ने गरी अङ्क प्रदान गरिनेछ ।

१३. सम्वन्धित विषयको पाठ्यपुस्तक अङ्कन गरिने न्यूनतम आधार ।

क) पाठ्यक्रममा उल्लेखित विषय बस्तुको ढकाई (Cover) ।
ख) विषय वस्तुको गहिराई ।
ग) भाषा
घ) तह अनुरुप विषय वस्तुको प्रस्तुतीकरण
ङ) आवश्यक चार्ट, चित्र, तालिका

नोटः पाठ्य पुस्तक सन्दर्भ ग्रन्थ भन्नाले त्रि.वि.को स्नातक तह वा सो भन्दा माथिका शैक्षिक कार्यक्रमका लागि उपायोगी पुस्तक सम्झनु पर्दछ । अनुसन्धान ग्रन्थ /सन्दर्भ ग्रन्थलाई आवेदकले पाठ्यपुस्तकको महलमा पेश गरेमा उक्त पुस्तकलाई पाठ्यपुस्तको महलमा पनि अङ्कन गरिनेछ । त्रि.वि.को सम्वन्धित विषयको विषय समितिबाट मान्यता प्राप्त पाठ्यपुस्तकमात्र मुल्याङ्कनमा पर्नेछ । पाठ्यपुस्तक बापत अङ्क प्राप्त गर्न त्रि.वि.को सम्वन्धित विषय समितिबाट त्रि.वि.को कुनै निश्चित तहको कुनै निश्चित पत्रको निश्चित विषयको पाठ्य पुस्तकका रुपमा प्रयोग गर्न सकिने भनि मान्यता प्रदान गरिएको विवरण सहित आधिकारिक व्यक्तिबाट लेखिएको पत्र पुस्तकमा संलग्न हुनु पर्नेछ ।

१४. सम्वन्धित विषयको अनुसन्धानात्मक सन्दर्भ ग्रन्थ अङ्कन गरिने न्यूनतम आधार ।

क) मौलिक खोजी वा अनुसन्धानमा आधारित
ख) सम्वन्धित विषयलाई योगदान पुग्ने
ग) विषय वस्तुको गहिराई
घ) भाषाको प्रस्तुतीकरण
ङ) आवश्यक चार्ट, चित्र, तालिका

नोट : कुनै निश्चित पाठ्यक्रमा मात्र आधारित भएर लेखिएका पुस्तकहरुको प्रकार अन्तर्गत अङ्कन गरिने छैन ।

१५. विषयगत अनुसन्धानात्मक प्रतिवेदन अङ्कन गरिने न्युनतम आधार

क) विषयगत सम्वन्धित

ख) उद्देश्य अनुसन्धान विषय वस्तुको संगठन र प्रस्तुतीकरण
ग) अनुसन्धान विधिको स्पष्टता
घ) विश्लेषण र विवेचनाको गहनता
ङ) निष्कर्ष वा प्राप्तिहरुमा आधारित सुझाव ।

१६. अन्तराष्ट्रिय जर्नलमा प्रकाशित अनुसन्धानात्मक लेख तथा अनुसन्धानात्मक लेख अङ्कन गर्ने न्यूनतम आधार ।

क) शीर्षक र विषयको सम्वन्ध
ख) उद्देश्य अनुरुप विषयवस्तुको संगठन र प्रस्तुतीकरण
ग) अनुसन्धान विधिको स्पष्टता
घ) विश्लेषण
ङ) मौलिकता

टिप्पणी : अध्ययनको पृष्ठभूमि वा परिचय वा सम्दर्भ विधि वा अध्ययन प्रक्रिया र प्राप्तिहरु नभए यस प्रकार अतर्गत अङ्कन गरिने छैन ।

१७. साधारण लेख अङ्कन गर्ने न्यूनतम आधार
क) शीर्षक र विषयको सम्वन्ध
ख) प्रस्तुतीकरण
ग) मौलिकता

नोट : अनुसन्धानात्मक लेखलाई आवेदकले साधारण लेखक पेश गरेमा उक्त लेखलाई साधारण लेखका रुपमा पेश गरिनेछ । पुस्तक समीक्षालाई पनि साधारण लेखका रुपमा मुल्याङ्कन बुझाउन सकिनेछ ।

१८. अनुसन्धान प्रतिवेदनका साथमा अनुसन्धान गराउने संस्थाको अनुसन्धान पुरा भएको मिति तथा उक्त अनुसन्धान प्रतिवेदन मुल्याङ्कन भई स्विकृत भएको भन्ने विवरण सहितको आधिकारिक पत्र सक्कल नै अनुसन्धान प्रतिवेदनमा नै संलग्न भएको हुनु पर्नेछ । यस्तो अधिकार पत्र सम्लग्न नभएको अनुसन्धान प्रतिवेदनको मूल्याङ्कन गरिने छैन ।

१९. आवेदकले आवेदन फारम सगै पेश गर्न ल्याएका अनुसन्धानात्मक र अन्य कृतिहरुको सूची आवेदन फारमका साथै तोकिए बमोजिमको ढाँचामा समेत उल्लेख गरी पेश गर्नु पर्ने छ । आवेदकले पेश गरेको अनुसन्धानात्मक र अन्य कृतिहरुको सूची अन्तर्वार्ताको सूचना प्रकाशित गरेपछि सबैको जनकारीका लागि सार्वजनिक गरिनेछ । उक्त सूची हेर्न चाहने इच्चुक उम्मेदवारले आयोगमा अनुरोध गरेमा आयोगले उक्त कृतिहरुको सूची हेर्न पाउने व्यवस्था मिलाइने छ ।

२०. कृति मुल्याङ्कन गर्ने प्रयोजनका लागि नेपाल भित्र छापिएको वा प्रकाशित भएको कुनै पनि जर्नल अन्तराष्ट्रिय जर्नलका रुपमा गणना गरिने छैन । नेपाल बाहिरबाट प्रकाशित जर्नलका सम्वन्धमा

विषयगत अन्तराष्ट्रिय जर्नलको बर्गीकरणमा पर्ने वा नपर्ने सम्वन्धमा सम्वन्धित विषयका विशेषज्ञहरु सम्मिलित कृति मूल्याङ्कन समितिको निर्णयले गरे अनुसार हुनेछ ।

२१. जर्नल / पत्रिकाको एक अंश (Issue) बाट एक उम्मेद्वारको एउटा लेख मात्र मुल्याङ्कन हुन्छ ।

२२. प्रश्नोत्तरका रुपमा तयार पारिएका वा गाइड जस्ता कुनै पनि पुस्तकहरुमा अङ्कन गरिने छैन ।

२३. ISBN नम्बर अंकित नभएको पुस्तक मुल्याङ्कन गरिने छैन ।

२४. पुस्तकमा स्पष्ट रुपमा प्रथम संस्करण मिति उल्लेख भएको हुनु पर्नेछ । प्रथम संस्करण उल्लेख नगरी संस्करण मात्र लेखिएका पूतकहरु मूल्याङ्कनमा पर्ने छैनन् । साथै पूस्तकमा प्रकाशकको सम्पर्क गर्न मिल्ने ठेगाना उल्लेख भएको हुनु पर्नेछ ।

आवेदन फारमसाथ बुझाउनु पर्ने अनुसन्धानात्मक र अन्य कृतिहरुको सूचीको ढाँचा

ओवेदित पद — विज्ञापन न

ओवेदकको नाम — विषय :

क. पाठ्यपुस्तक वा सन्दर्भ पुस्तक वा प्रकाशित अनुसन्धान प्रतिवेदन ।

क्र.सं.	पुस्तकको नाम	पाठ्यपुस्तक वा सन्दर्भ पुस्तक वा प्काशित अनुसन्धान प्रतिवेदन	प्रकाशनको नाम	प्रकाशन वर्ष	एक्लै वा संयुक्त लेखन

ख. लेखहरु

क्र.सं.	लेखको शीर्षक	<u>प्रकार</u> अन्तराष्ट्रिय जर्नलमा प्रकाशित लेख वा विषायगत अनुसन्धानात्मक लेख वा विषायगत साधारण लेख	पत्रिकाको नाम वर्ष र अङ्क	प्रकाशन वर्ष	प्रकाशन को नाम	एक्लै वा संयुक्त लेखन

ग) सोध निर्देशन्

क्र.सं.	विद्यार्थीको नाम	शोधपत्रको शिर्षक	तह स्नातकोत्तर पीएच.डी.	सोधपत्र पुरा गरेको मिति

आवेदकको हस्ताक्षर

अनुसूची ३

शिक्षण सेवा अनुभव बापतको अङ्क

३.१ आन्तरिक प्रतियोगिताको लागि :

शिक्षण सेवा अनुभव बापतको निर्धारित पुर्णाङ्क यसै अनुसूची ३.२ को अन्य व्यवस्थाको अधीनमा रहने गरी देहाय बमोजिम विभाजन हुनेछ ।

पद	आवेदित पद भन्दा एक तह मुनि काम गरे बापत प्रति वर्ष आर्जन गर्ने अङ्क	सोविक पद (हाल आफु कार्यरत पद) भन्दा तल्ला पदहरुमा काम गरे बापत प्रति वर्ष आर्जन गर्ने अङ्क	प्राप्त गर्न सकिने अधिकतम अङ्क
प्राध्यापक	४	३	८०
सह प्राध्यापक	४	३	८०
उप-प्राध्यापक, वरिष्ठ प्रशिक्षक प्रशिक्षक र उपप्रशिक्षक	५	४	८०

३.२ आन्तरिक प्रतियोगिताका लागि शिक्षण सेवा अनुभवसम्वन्धमा थप अन्य व्यवस्था :

१. सेवा अवधि गणना गर्दा जम्मा हुन आउने अवधिमा वर्ष र महिना भन्दा घटी अवधिको लागि अङ्क दिईने छैन । नोकरी अवधिको गणना गर्दा अटुट रुपमा गरेको अवधिलाई मात्र गणना गरिनेछ । यसरी गणना गर्दा उम्मेदवार आफु वहाल रहेको पद र सो भन्दा तल्लो पदहरुमा काम गरको अवधिको अलग अलग हिसाव गरी अङ्क दिइने छ । महिना पछि शेष आउने दिनहरुको गणना हुने छैन ।

२. असाधारण विदा (वेतलवी विदा) बसेको अवधि वा विश्वविद्यालयबाहिर बेतलवी काजमा गएका शिक्षकहरुको हकमा सेवा अनुभवनको अङ्क दिने प्रयोजनका लागि सो असाधारण विदा (बेतलवी विदा) र वेतलवी काज अवधि गणना गरिने छैन ।

३. अङ्क दिने प्रयोजनका निमित्त सेवा अवधि गणना गर्दा क्याम्पसको शिक्षण सेवामा रही अटुटरुपमा गरेको स्थायी सेवा र स्थायी सेवासँग जोडिएको क्यापम्स शिक्षण सेवामा रही गरेको अटुट रुपको अस्थायी वा पूर्णकालिन करार सेवा अवधि समेत गणना गरिने छ । विज्ञापन प्रकाशित हुनुभन्दा अगाडिसम्मको सेवा अवधिमात्र अङ्क दिने प्रयोजनका निमित्त गणना गरिनेछ ।

४. क) उप प्राध्यापक पद र सो भन्दा माथिको शैक्षिक पदका लागि अङ्क दिने प्रयोजनका लागि अनुभव गणना गर्दा क्याम्पसमा करार, अस्थायी वा स्थायी सहायक प्राध्यापक पदमा रही गरेको शिक्षण अनुभवदेखि अङ्क दिइनेछ ।

ख) सहायक प्रध्यापक भन्दा तलका शैक्षिक पदहरुमा रही शिक्षण कार्य गर्ने क्याम्पसका शिक्षकहरुको हकमा उप प्राध्यापक पद र सो भन्दा माथिको शैक्षिक पदका लागि अङ्क दिने प्रयोजनका लागि अनुभव गणना गर्दा सम्वन्धित विषयमा स्नातकोत्तर तह उर्तीर्ण गरेपछि गरेको शिक्षण अनुभव देखि मात्र अङ्क दिइने छ । (यहाँ उल्लेख भएको "स्नातकोत्तर तह उर्तीण गरेपछि" भन्नाले निजले स्नातकोत्तर तहका सवै पाठ्यांशहरु (शोधपत्र समेत) उर्तीण गरी ट्रान्सकृप्ट प्राप्त गरेको मिति पछि भन्ने बुझ्नु पर्दछ ।

प्रस्तुत तालिकाअनुसार गत वर्षकोभन्दा यस वर्ष विद्यार्थीबाट प्राप्तहुने आम्दानी वृद्धि हुने अनुमान गरिएको छ । यसरी अनुमानित आम्दानीमा वृद्धिहुने मुख्य कारणमा यस वर्ष बी.बी.ए. प्रथम सेमेष्टरमा दुई सेक्सन हुने, बी. बी. ए. तेस्रो सेमेष्टर सञ्चालन हुने, एम.बी.एस. प्रथम र दोस्रो सेमेष्टरमा विद्यार्थी सङ्ख्या बढ्ने, एम. एड. प्रथम सेमेष्टरमा विद्यार्थी सङ्ख्या वृद्धिहुने, एम.एड. वार्षिक प्रणालीको तुलनामा सेमेष्टर प्रणालीको वार्षिक शुल्क बढि भएको, +२ तहमा दुई सेक्सन थप भएको, एम. बी. एस. र एम. एड. चौथो सेमेष्टरमा पुगेको, +२ तह कक्षा ११

र स्नातक तहको प्रथम, द्वितीय, तृतीय र चौथो वर्षमा प्रति विद्यार्थी मासिक रु. १००/- का दरले मासिक शुल्कमा वृद्धि गरी कार्यान्वयन गरिएको, बी.बी.ए. दोस्रो सेमेष्टरका विद्यार्थीहरूले यस वर्ष परीक्षा फाराम भरेको, आईसीटी सातौँ र आठौँ समेष्टर सञ्चालन भएको र गत वर्षभन्दा यस वर्षमा पहिलो सेमेष्टरमा विद्यार्थी सङ्ख्या बढ्ने अनुमान गरिएको, गत वर्षमा भन्दा यस वर्ष कुल विद्यार्थी सङ्ख्या वृद्धिहुने अनुमान गरिएको र यस वृद्धिले प्रवेश शुल्क, पुस्तकालय शुल्क, खेलकुद शुल्क, क्याम्पस विकास शुल्क तथा विविध शुल्क समेत बढ्ने अवस्था रहेको देखिन्छ ।

२. वि.वि. अनुदान आयोगबाट प्राप्त अनुदान तथा अन्य आय

(क) विश्वविद्यालय. अनुदान आयोगबाट प्राप्त हुने अनुमानित अनुदान

यस शीर्षकअन्तर्गत विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त हुने नियमित अनुदान रु. १८,००,०००/-, तालिम तथा सेमिनार सहयोग रु. ३,००,०००/-, Tracer study report वापत रु. १०,००,०००/-, स्रोत परिचालन अन्तर्गत DLI_2 को आ. व. २०७५/२०७६ को ३४,९८,०००/-, DLI_2 को आ. व. २०७६/२०७७ को ७२,७२,५४०/-, कार्यसम्पादन, शैक्षिक कार्यक्रम परिमार्जन, Priority Program वापत र वेवसाइट अध्यावधिकरण वापत रु. २५,००,०००/- र उच्च शिक्षा परियोजना (HERP) वापतका विभिन्न कार्यक्रम वापत रु. २३,९०,०००/- गरी जम्मा रु. १,८७,६०,५४० प्राप्तहुने अनुमान गरिएको छ । यो रकम कुल आयको १० प्रतिसत रहेको छ । यस उप शीर्षक वापतको रकम तथा विवरण तालिका नं. ३ को क्रमसङ्ख्या १ मा उल्लेख गरिएको छ ।

(ख) अन्य क्षेत्रबाट प्राप्तहुने अनुमानित आय

त्यसै गरी अन्य अनुदान तथा आयअन्तर्गत सुन्दरहरैँचा नगरपालिका, प्रदेश सरकार, निर्वाचन क्षेत्र पूर्वाधार विकास कोष, र सुन्दरहरैँचा नगरपालिकाभित्रका सहकारीहरूबाट प्राप्तहुने, सामुदायिक वन उपभोक्ता समूह तथा दाताहरूबाट छात्रवृत्तिका लागि प्राप्तहुने अनुदान, दातृ निकाय तथा राजदुतावास मार्फत बस खरिदका लागि प्राप्तहुने अनुमान गरिएको रकम, अभ्यास शिक्षण पुस्तिका बिक्री, जर्नल बिक्री, क्यान्टिन भाडा, बैङ्क ब्याज, चन्दा सहयोग प्राप्तहुने अनुमानित रकम समावेश गरिएको छ । यसरी विश्वविद्यालय अनुदान आयोगबाहेक अन्य अनुदान तथा अन्य आयबाट यस वर्ष रु. ३,८३,४०,०००/- आम्दानी हुने अनुमान गरिएको छ । यो अनुमान कुल आम्दानीको २१% हुनेछ । यस उप शीर्षक वापतको रकम तथा विवरण तालिका नं. ३ क्रमसंङ्ख्या २ मा उल्लेख गरिएको छ ।

क्याम्पस प्रमुख

(ग) अघिल्लो वर्षको जिम्मेवारी र पाउनु पर्ने

यस उप शीर्षक अन्तर्गत गत आ. व. २०७५/०७६ को बैङ्क मौज्दात रु. १,५५,६७,५७८/१६, पेश्की जिम्मेवारी रकम रु. ४४,०८,६९५/- र आ. व. २०७४/०७५ मा विश्वविद्यालय अनुदान आयोगको स्रोत परिचालन DLI_2 अन्तर्गत काम सम्पन्न भईसकेको हुँदा पाउनु पर्ने रकम रु. ५३,८४,४५१/- गरी जम्मा रु. २,५३,६०,७२४/१६ प्राप्तहुने अनुमान गरिएको छ । उक्त रकम कुल अनुमानित आम्दानीको १४% रहने छ । यस उप शीर्षक वापतको रकम तथा विवरण तालिका नं. ३ क्रमसंङ्ख्या ३ मा उल्लेख गरिएको छ ।

तालिका ३ : आव २०७६/२०७७ को समष्टिगत अनुमानित अनुदान तथा अन्य आम्दानी

सुकुना बहुमुखी क्याम्पस,सुन्दरहरैँचा,मोरङ
२०७६/०७७ को समष्टिगत अन्य आम्दानी विवरण

क्र.सं.	विवरण	आ.व. २०७५।२०७६ को अनुमानित	आ.व. २०७५।२०७६ को वास्तविक	२०७६।२०७७ को अनुमानित
१	**वि. वि. अनुदान आयोग**	**१३१७८६४८**	**४९८१९२५**	**१,८७,६०,५४०**
	क. नियमित अनुदान	१४६००००	१७६६९२५	१८,००,०००
	ख. तालिम सेमिनार	१५००००	०	३,००,०००
	ग. कार्य सम्पादन अनुदान	२००००००	२२०००००	२५,००,०००
	घ. स्रोत परिचालन अनुदान	८२६८६४८	०	१,०७,७०,५४०
	ङ. Graduate List र Tracer Report बाट	१३०००००	१०१५०००	१०,००,०००
	च. HERP कार्यक्रमबाट प्राप्त हुने	०	०	२३,९०,०००
२	**अन्य अनुदान तथा आय**	**३१९७६६००**	**१०३२२०१८**	**३,८३,४०,०००**
	क. नगरपालिका	१७५००००	०	३४,००,०००
	ख. प्रदेश सरकारबाट	२१९०००००	३५०००००	१,००,००,०००
	ग. निर्वाचन क्षेत्र पूर्वाधार विकास कोष	२००००००	१८७७०००	२०,००,०००
	घ. अन्य अनुदान	२२००००	२६९८०५	३,००,०००
	ङ. सहकारी संस्थाबाट सभाहल निर्माणार्थ	१६०००००	०	१४,००,०००
	च. छात्रवृत्तिका लागि दाताबाट/सामुदायिक बन	३०००००	२२१०००	६,००,०००
	छ. दातृ निकाय बाट(बस खरिदका लागि) दुतावास	०	०	१,५०,००,०००
	ज. अभ्यास शिक्षण पुस्तिका बिक्री आय	६००००	०	६०,०००
	झ. क्यान्टिन भाडा	६००००	२४५००	६०,०००
	ञ. सामग्रि बिक्री आय	२००००	०	२०,०००
	ट. जर्नल बिक्री आय	०	०	१,००,०००
	ठ. बैङ्क व्याज आय(अक्षयकोष ब्याज समेत)	२७०००००	३३१३३३१.९८	४४,००,०००
	ड. चन्दा सहयोग/ अनुदान	१००००००	६९७१११	५,००,०००
	ढ. अन्य आय (ल्यापटप)	३६६६००	४१९२७०	५,००,०००
३	**अघिल्लो वर्षको जिम्मेवारी सारेको**	**२५३६०५६१.६८**	**२०६८६८४५.०२**	**२,५३,६०,७२४.१६**
	क. बैङ्क जिम्मेवारी	२३८१४८२६.७	१६२७८१५०.०२	१,५५,६७,५७८.१६

	ख. पेस्की जिम्मेवारी	१५४५७३५	४४०८६९५	४४,०८,६९५
	ग. पाउनुपर्ने विवि अनुदान आयोग			५३,८४,४५१
	कुल जम्मा	**७,०५,१५,८०९.६८**	**३,५९,९०,७८८.००**	**८,२४,६१,२६४.१६**

३. धरौटी आय

यस शीर्षक अन्तर्गत तोकिएका कार्यहरू गर्नका लागि विद्यार्थीहरूबाट क्याम्पसले धरौटीप्राप्त गर्ने शीर्षकहरू जस्तै : त्रि.वि./उ.मा.शि प..दर्ता तथा परीक्षा, प्रयोगशाला तथा पुस्तकालय धरौटी, त्रिवि सम्बन्धन, स्ववियु धरौटी र सेक्युरिटी डिपोजिट वापतको आम्दानी समावेश गरिएको छ । यस शीर्षक वापत प्राप्तहुने आम्दानी वास्तविक रुपमा क्याम्पसको आम्दानी होइन । यस शीर्षक वापत प्राप्तहुने आम्दानी सम्बन्धित निकायमा भुक्तानि गरिन्छ । यस शीर्षक अन्तर्गत यस वर्ष रु. ८८,३६,७९०।- रकम प्राप्त हुने अनुमान गरिएको छ जुन कुल आम्दनी रकमको ५% हुनेछ । यस शीर्षकको आम्दानी विवरण तालिका नं.४ मा प्रस्तुत गरिएको छ ।

तालिका ४ : आ व २०७६/२०७७ को अनुमानित धरौटी आम्दानी

सुकुना बहुमुखी क्याम्पस सुन्दरहरैंचा, मोरङ
आ.व. २०७६।२०७७ को धरौटी तथा दायित्व तर्फको आम्दानी

सिनं	बिवरण	आ.व. २०७५।२०७६ को अनुमानित	आ.व. २०७५।२०७६ को वास्तविक	आ.व. २०७६।२०७७ को अनुमानित
१	त्रि.वि./उ.मा.शि.प.दर्ता	४८८४००	४३०६७०	५,९८,६००
२	त्रि.वि./उ.मा.शि.प.परीक्षा	४३३५२५०	६०१९०९३	५०,०८,७१५
३	पुस्तकालय धरौटी	८९८०००	११५६७००	९,५१,५००
४	प्रयोगशाला धरौटी	१७७०००	१४२५००	१,५४,०००
५	स्वतन्त्र विद्यार्थी युनियन	३१३२००	२७२३००	३,०७,५००
६	अन्य विद्यार्थी धरौटी	१०६६७००	९९१२८०	१०,३९,४००
८	त्रि.वि./उ.मा.शि.प्रयोगात्मक परीक्षा	२०६१२५		१,७७,०७५
	जम्मा	**७४८४६७५**	**९०१२५४३**	**८२,३६,७९०**
९	सेक्युरिटी डिपोजिट	०	४७२१२३.०	६,००,०००
१०	आय तथा अन्य कर	०	१९०१८६५.०	०
११	दिनुपर्ने तलब भत्ता	०	३९०००.०	०
१२	निर्माण/खरिद सम्बन्धी दायित्व	०	७०९४४५.०	०
१३	अभ्यास शिक्षण/परीक्षा धरौटी	०	९०१३.०	०
१४	बचत बृद्धि/ प्राध्यापक कोष	०	४४२६४२.०	०
	जम्मा	**०**	**३५७४०८८**	**६,००,०००**
	कुल जम्मा	**७४८४६७५**	**१२,५८,६६३१**	**८८,३६,७९०**

ख) खर्चको प्रस्तुति तथा खर्चको

क्याम्पस प्रमुख

तालिका ५ :आ.व. २०७६।०७७ को अनुमानित समष्टिगत खर्च विवरण

सुकुना बहुमुखी क्याम्पस सुन्दरहरैंचा, मोरङ

आ.व. ०७६।०७७ को अनुमानित समष्टिगत व्यय विवरण

सि.नं.	विवरण	आ.व. २०७५।२०७६ को अनुमानित	आ.व. २०७५।२०७६ को वास्तविक	आ.व. २०७६।२०७७ को अनुमानित	कैफियत
१	पूँजीगत खर्च	३९५३००००	१,५२,३२,७७७	५,२०,५०,०००	२८%
२	क्याम्पस कोष	२६६०५०००	२,८२,३२,७७७	४,१२,५०,०००	२२%
३	सञ्चालन खर्च	७७५९६०९५.६८	६,५१,०५,८३७	८,०७,४७,२३४.१६	४३%
४	धरौटी तथा दायित्व	१३१०८६८९	९७,११,०८८	१,२७,२४,१७०	७%
जम्मा		**१५,६८,३९,७८४.६८**	**११,८२,८२,४७९**	**१८,६७,७१,४०४.१६**	१००%

माथि प्रस्तुत गरिको आम्दानीका शीर्षकहरूबाट प्राप्त हुने रकमलाई क्याम्पसको पुँजीगत विकास र विस्तार अन्तर्गत भवन निर्माण, यातायातका साधन खरिद, फर्निचर खरिद, निर्माण र व्यवस्थापन, पुस्तक, कार्यालय उपकरण, वैज्ञानिक तथा शैक्षिक उपकरणको व्यवस्था, पानी तथा विद्युत र पुस्तकालय स्तरिकरण, अन्य निर्माण, विविध सम्पत्ति खरिद तथा क्याम्पस कोष वृद्धिका लागि रकम विनियोजन गरिएको छ । त्यसैगरी क्याम्पसको सालबसाली हुने सञ्चालन खर्च अन्तर्गत प्राध्यापक तथा कर्मचारीको तलव भत्ता, कार्यालय सञ्चालन, आन्तरिक परीक्षा, वृत्ति विकास, क्याम्पस बसको व्यवस्थापन, तालिम, सेमिनार तथा गोष्ठी, क्षमता अभिवृद्धिका लागि अवलोकन भ्रमण, अनुसन्धान क्षमताको विकास, प्रकासन, विज्ञापन तथा प्रचारप्रसार र दैनिक साधारण खर्चका लागि रकम विनियोजन गरिएको छ । यसका अतिरिक्त धरौटी तथा दायित्वको खर्च समावेश गरिएको छ । यि सबै शीर्षकहरूका लागि जम्मा खर्च रु. १८,६७,७१,४०४/१६ रकम विनियोजन गरिएको छ ।

१) पुँजीगत खर्च तथा कोष व्यवस्थापन

(क) पुँजीगत खर्च

यस शीर्षक अन्तर्गत क्याम्पसको भौतिक विकास तथा विस्तार, कार्यालय उपकरण, फर्निचर, शैक्षिक उपकरण, पुस्तक खरिद तथा अन्य विविध सम्पत्तिमा गरिने खर्चका रकमहरू विनियोजन गरिएको छ । पुँजीगत खर्च अन्तर्गतका उप शीर्षक र विनियोजित रकम तालिका नं. ६ को क्रमसङ्ख्या १ मा प्रस्तुत गरी तल व्याख्या गरिएको छ ।

क्याम्पस प्रमुख

तालिका ६ : आ व २०७६/२०७७ को अनुमानित पुँजी तथा कोष व्यवस्थापन

सुकुना बहुमुखी क्याम्पस **सुन्दरहरैंचा, मोरङ**

आ.व. २०७६/०७७ पुँजीगत खर्च तथा कोषको विवरण

सि.नं.	बिवरण	आ.व. २०७५।२०७६ को अनुमानित	आ.व. २०७५।२०७६ को वास्तविक	आ.व. २०७६।२०७७ को अनुमानित
१	**पूँजीगत खर्च**	**३९५३०००० **	**१५२३२७७७**	**५,२०,५०,०००**
	जग्गा खरिद	०	०	०
	भवन निर्माण	२८७०००००	८१८९२५०	२,२३,००,०००
	छात्रावासको DPR तयारी	०	०	१,००,०००
	सवारी साधन	०	०	१,५०,००,०००
	फर्निचर	२९०००००	१०४०४६६	३०,००,०००
	कार्यालय उपकरण	१५०००००	७४५७०९	२५,५०,०००
	पुस्तक	१०००००	८४१२८८	१०,००,०००
	पुस्तकालय स्तरीकरण	०	०	५,००,०००
	Research Management Cell	३०००००	०	५,००,०००
	वैज्ञानिक तथा शैक्षिक उपकरण	३४८००००	३६८७०३७	२५,००,०००
	पानी तथा विद्युत व्यवस्था	२५००००	१३४७२४	२२,००,०००
	अन्य निर्माण	१३०००००	३०६४००	२१,००,०००
	विविध सम्पत्ति	१०००००	२८७९०३	३,००,०००
२	**क्याम्पस कोष**	**२६६०५०००**	**२८२३२७७७**	**४,१२,५०,०००**
	छात्रवृत्ति कोष	१०००००		२०,००,०००
	सामान्य जगेडा कोष	५०००००	१००००००	२,००,००,०००
	उपदान कोष	३०००००		५०,००,०००
	ह्रासकट्टी कोष	६०००००		६७,५०,०००
	दाताहरूबाट प्राप्त कोष	५२२५०००	३०००००	०
	पूँजीगत सम्पत्ति कोष	३३८००००	१५२३२७७७	१५,००,०००
	धरौटी खाता	३०००००		६०,००,०००
	कुल जम्मा	**६६१३५०००**	**४३४६५५५४**	**९,३३,००,०००**

१.१) भवन निर्माण ..... **(जम्मा रु.२,२३,००,०००/-)**

भवन निर्माणका लागि प्रदेश सरकारबाट प्राप्तहुने अपेक्षा गरिएको र क्याम्पसको आन्तरिक स्रोत समेत परिचालन गरी क्याम्पस परिसरभित्र प्राथमिक उपचार कक्ष सहीतको अतिथि गृह निमार्ण गर्न रु.१,१०,००,०००/-, क्याम्पस स्रोत र विश्वविद्यालय अनुदान आयोगको स्रोत परिचालन अनुदानबाट विज्ञान भवनको माथिल्लो (तेस्रो)

तलामा निमार्ण (ट्रष्ट, टिना, गारो, भ्याल ढोका, गृल समेत) गर्न रु. ६०,००,०००/- र निर्वाचन क्षेत्र पूर्वाधार विकास कोषबाट सोही तलाको सिलिङ र टायल्सको काम सम्पन्न गर्न रु. २०,००,०००/- रकम विनियोजन गरिएको छ ।

यसका साथै शिक्षण भवनको माथिल्लो तलामा बी. बी. ए. काक्षाकोठा निर्माण तथा व्यवस्थापन गर्न सुन्दरहरैंचा नगरपालिकाबाट प्राप्तहुने अनुदान मध्ये रु. १८,००,०००/- रकम विनियोजन गरिएको छ । क्याम्पस स्रोतको परिचालन गरी प्रशासनिक भवनको तेस्रो तलामा निर्मित सभा कक्ष र शिक्षण भवनको माथिल्लो तलामा रङरोगन गर्न रु.१५,००,०००/- रकम विनियोजन गरिएको छ । यसरी भवन निर्माण शीर्षकमा जम्मा रु.२,२३,००,०००/- रकम विनियोजन गरिएको छ । उक्त रकम कुल बजेटको १२% रहेको छ ।

१.२) सवारी साधन ..... (जम्मा रु.१,५०,००,०००/-)

यस शीर्षक अन्तर्गत क्याम्पस विद्यार्थीहरूलाई यातायात सुविधा उपलब्ध गराउने उद्देश्यका लागि सङ्घीय सरकार मार्फत वा अन्य दातृ निकाय मार्फत छिमेकी मित्रराष्ट्रका राजदुतावासमा प्रस्तावना पेशगरी प्राप्तहुने अनुदानबाट बस खरिद गर्न रु. १,५०,००,०००/- रकम विनियोजन गरिएको छ ।

१.३) फर्निचर .....(जम्मा रु.३०,००,०००/-)

यस शीर्षकअन्तर्गत बी. बी. ए. कक्षा, सेमिनार कक्ष र कार्यालय तथा विभागहरूमा फर्निचर व्यवस्थापन गर्नका लागि सुन्दरहरैंचा नगरपालिकाबाट प्राप्तहुने कुल अनुदान रकम मध्येबाट बाँकी रहेको रु. १६,००,०००/- र क्याम्पस स्रोतबाट रु. १४,००,०००/- गरी जम्मा रु. ३०,००,०००/- रकम विनियोजन गरिएको छ ।

१.४) कार्यालय उपकरण .....(जम्मा रु.२५,५०,०००/-)

यस शीर्षकअन्तर्गत विश्वविद्यालय अनुदान आयोगको स्रोत परिचालन अनुदानबाट थप सि.सि.टि.भि क्यामेरा जडान तथा व्यवस्थापनका लागि रु. १,०५,०००/-, डेस्कटप कम्प्युटर खरिदका लागि रु. ४,८०,०००/-, DSLR क्यामेरा खरिदका लागि रु. १,००,०००/-, बी. बी. ए. कक्षामा AC मेसिन खरिद र व्यवस्थापनका लागि रु. ५,००,०००/-, क्याम्पस स्रोतबाट मल्टिमेडिया प्रोजेक्टर खरिद तथा व्यवस्थापनका लागि रु. ६,१५,०००/- तथा सेमिनार कक्षका लागि आवस्यक पर्ने AC मेसिन खरिद र व्यवस्थापनका लागि रु. ७,५०,०००/- गरी जम्मा रु. २५,५०,०००/- रकम विनियोजन गरिएको छ ।

१.५) पुस्तकालय, पुस्तक र RMC व्यवस्थापन .....(जम्मा रु.२०,००,०००/-)

यस शीर्षकअन्तर्गत पुस्तक खरिदका लागि विश्वविद्यालय अनुदान आयोगको स्रोत परिचालन अनुदान तर्फबाट रु. ५,००,०००/- र क्याम्पस स्रोतबाट रु. ५,००,०००/- गरी जम्मा रु. १०,००,०००/- रकम विनियोजन गरिएको छ । यसका साथै क्याम्पस स्रोतबाट पुस्तकालय तथा अनुसन्धान व्यवस्थापन एकाइ (RMC) कक्ष क्षमता स्तरीकरण र तिनीहरूको प्रभावकारिताका लागि रु. १०,००,०००/- रकम विनियोजन गरिएको छ ।

यसरी पुस्तक खरिद, पुस्तकालय स्तरीकरण र RMC व्यवस्थापनका लागि रु. २०,००,०००/- रकम विनियोजन गरिएको छ ।

१.६) वैज्ञानिक तथा शैक्षिक उपकरण .....(जम्मा रु.२५,००,०००/-)

यस शीर्षकअन्तर्गत विश्वविद्यालय अनुदान आयोगको स्रोत परिचालन अनुदानबाट विज्ञान प्रयोगशालाका सामग्रि खरिदका लागि रु. १०,००,०००/-, प्राध्यापक तथा कर्मचारीहरूको सूचना तथा सञ्चार प्रविधिमा पहुँच विस्तार गरी कार्यक्षमता अभिवृद्धि गर्न ल्यापटप खरिद गर्ने कार्यका लागि रु. १०,००,०००/- रकम विनियोजन गरिएको छ । यसका साथै क्याम्पस स्रोतबाट इ-लाइब्रेरी व्यवस्थापन तथा जेष्टर लगायतका इ-जर्नल खरिद र त्यसका लागि आवश्यक पर्ने अन्य उपकरणका लागि रु.५,००,०००/- रकम विनियोजन गरिएको छ । यसरी बैज्ञानिक तथा शैक्षिक उपकरणका लागि जम्मा रु. २५,००,०००/- रकम विनियोजन गरिएको छ ।

१.७) पानी तथा विद्युत व्यवस्था .....(जम्मा रु.२२,००,०००/-)

यस शीर्षक अन्तर्गत विश्वविद्यालय अनुदान आयोगका स्रोत परिचालनबाट जेनेरेटर खरिदका लागि रु.९,००,०००/-, इन्भर्टर खरिदका लागि रु.३,००,०००/- र क्याम्पस स्रोतबाट विद्युत वेरिङका लागि रु.५,००,०००/- तथा विद्युत ट्रान्सफरमरका लागि रु.५,००,०००/- गरी जम्मा रु.२२,००,०००/- रकम विनियोजन गरिएको छ ।

१.८) अन्य निर्माण .....(जम्मा रु.२१,००,०००/-)

यस शीर्षक अन्तर्गत क्याम्पस स्रोतको परिचालन गरी कार्यालय व्यवस्थापनमा रु.७,००,०००/-, खेल मैदान व्यवस्थापनमा रु.४,००,०००/-, मोटरसाइक स्टैण्डका लागि रु.५,००,०००/- र अन्य निर्माणका लागि रु.५,००,०००/- गरी जम्मा रु.२१,००,०००/- रकम विनियोजन गरिएको छ ।

१.९) विविध सम्पत्ति निर्माण .....(जम्मा रु.४,००,०००/-)

यस शीर्षक अन्तर्गत विश्वविद्यालय अनुदान आयोगको स्रोत परिचालनबाट घाँसकट्ने मेसिन खरिदका लागि रु.१,५०,०००/-, क्याम्पस स्रोतबाट छात्रावासको विस्तृत परियोजना निर्माण तथा सम्भाव्यता खोजीका लागि रु.१,००,०००/- र अन्य विविध सम्पत्ति निर्माणका लागि रु.१,५०,०००/- गरी रु.४,००,०००/- विनियोजन गरिएको छ ।

यसरी पुँजीगत खर्च तर्फ कुल बजेटको २८% रकम विनियोजन गरिएको छ ।

ख) क्याम्पसकोष..... (जम्मा रु.४,१२,५०,०००/-)

यस शीर्षकको विवरण माथि तालिका ६ खण्ड (२) मा उल्लेख गरिएको छ जसअन्तर्गत छात्रवृत्ति कोष, सामान्य जगेडाकोष, उपादान कोष र ह्रासकट्टी कोष, पुँजीगत सम्पत्ति कोष र धरौटी कोष स्थापना गर्न रु.४,१२,५०,०००/- रकम विनियोजन गरिएको छ । उक्त रकम कुल बजेटको २२% प्रतिसत रहेको छ ।

ग) धरौटी खर्च तथा भुक्तानी गर्नुपर्ने दायित्व

यस शीर्षकअन्तर्गत त्रि.वि., उ.मा.शि.प. दर्ता, परीक्षा, पुस्तकालय तथा प्रयोगशाला धरौटी, स्वयिु, त्रि.वि. सम्बन्धन र विद्यार्थी कल्याण र त्रिवि/राष्ट्रिय परीक्ष बोर्ड प्रयोगात्मक परीक्षा धरौटी सहित जम्मा धरौटी रु. **८२,३६,७९०/-** र विभिन्न क्षेत्रका लागि भुक्तानी गनुपर्ने दायित्व रु. **३५,५४,५४१/-** गरी जम्मा धरौटी तथा दायित्व रु.**१,२७,२४,१७०/-** रकम खर्चहुने अनुमान गरिएको छ । यसको सम्पूर्ण विवरण तालिका नं. ७ मा प्रस्तुत गरिएको छ ।

तालिका ७ : आ व २०७६/२०७७ को अनुमानित धरौटी खर्च तथा भुक्तानि दिनु पर्ने दायित्व

सुकुना बहुमुखी क्याम्पस सुन्दरहरैंचा, मोरङ

आ.व. २०७६।०७७ को अनुमानित धरौटी तथा दायित्व तर्फको खर्च

सि.नं.	बिवरण	आ.व. २०७५।२०७६ को अनुमानित	आ.व. २०७५।२०७६ को वास्तविक	आ.व. २०७६।२०७७ को अनुमानित
१	त्रि.वि./उ.मा.शि.प.दर्ता	४८८४००	५२९१००	५,९८,६००
२	त्रि.वि./उ.मा.शि.प.परीक्षा	४३३५२५०	४४७७०३१	५०,०८,७१५
३	पुस्तकालय धरौटी	५०००००	४०४४२५	९,५१,५००
४	प्रयोगशाला धरौटी	१०००००	७३५००	१,५४,०००
५	स्वतन्त्र विद्यार्थी युनियन	४१३१००	६०७१८०	३,०७,५००
६	अन्य विद्यार्थी धरौटी सम्बन्धन	२८९००००	२०२३१५०	१०,३९,४००
७	त्रि.वि./उ.मा.शि.प्रयोगात्मक परीक्षा	२०६१२५	०	१,७७,०७५
	जम्मा	**८९३२८७५**	**८११४३८६**	**८२,३६,७९०**
	भुक्तानी गर्नुपर्ने			
९	उ.मा.शि.परीक्षा सञ्चालन	२२००००		०
१०	दिनुपर्ने तलबभत्ता	०.००		३९,०००
११	भुक्तानी गर्नुपर्ने घरबिदा/ बिरामी बिदा	१०५३००१.००	१०३२०३१.००	८,४३,८३९
१२	ले.प.शुल्क	४६०००	४६०००	५०,०००
१३	सेक्युरिटी डिपोजिट	६४९२५.००	२४०५७३.००	८,३१,५५०
१४	आय तथा अन्य कर	११२४४९९.००		१८,६४,८५६
१५	निर्माण/खरिद सम्बन्धी दायित्व	०.००		४,२१,७२६
१६	प्राध्यापक कर्मचारी कल्याणकोष	३८८००.००		०
१७	अभ्यास शिक्षण/परीक्षा धरौटी	२४७८९८.००		९,०१३
१८	अन्य दायित्व	१११७८८९.००		०
१९	बचत बुद्धिकोष र प्राध्यापक कोष	२६२८०२.००	२७८०९८.००	४,२७,३९६
	जम्मा	**२८५६८१३.००**	**५,१८,६७१**	**३५,५४,५४१**
	कुल जम्मा	**१३१०८६८९.००**	**९७,११,०८८**	**१,२७,२४,१७०**

ग) सञ्चालन खर्च

यस शीर्षकअन्तर्गत मुख्यगरी शिक्षण तलब, प्रशासनिक तलब, कार्यालय सञ्चालन खर्च, छात्रवृत्ति तथा विद्यार्थी कल्याण खर्च, शैक्षिक सामग्री, अभ्यास शिक्षण, खेलकुद, अनुसन्धान, उत्सव समारोह, वृत्ति विकास, अवलोकन भ्रमण, तालिम गोष्ठी, प्रकाशन खर्च र उपादान खर्चहरू समावेश गरिएको छ । यस शीर्षकमा हुने खर्चलाई तालिका नं. ८ को क्रमसङ्ख्या १ देखि ४ सम्ममा प्रस्तुत गरिएको छ ।

तालिका ८ : आ.व. २०७६।२०७७ को अनुमानित सञ्चालन खर्च

सुकुना बहुमुखी क्याम्पस सुन्दरहरैँचा, मोरङ

आ.व. २०७६।२०७७ को अनुमानित सञ्चालन खर्चको विवरण

सि.नं.	बिवरण	आ.व. २०७५।२०७६ को अनुमानित	आ.व. २०७५।२०७६ को वास्तविक	आ.व. २०७६।२०७७ को अनुमानित
१	**तलव शिक्षण**	**४३६६८५९०**	**४३१४७११७**	**५,०८,४६,९११**
	तलव,ग्रेड, मंहगी भत्ता र संचयकोष थप	४२४८३५९०	४१९९०६७७	४९३५१७११
	घर बिदा/ बिरामी बिदा	७०००००	६६४४४०	९०००००
	भत्ता प्रशासनिक	४८५०००	४९२०००	५९५२००
२	**तलव प्रशासन**	**७१७३६४०.००**	**६५५५७५०.००**	**८७,३०,७५१**
	कर्मचारीतलव,ग्रेड,मंहगी भत्ता संचयकोष थप	७१७३६४०	६१,१७,६५३	८११८७५१
	घरबिदा / बिरामी बिदा		४२८१९७	६०००००
	भत्ता प्रशासनिक		९९००	१२०००
३	**कार्यालय सञ्चालन खर्च**	**५९५६०००**	**४५१३९९५**	**७२,९६,०००**
	परीक्षा संचालन	२००००००	१९३९५२४	२२,००,०००
	Non credit course and Remedial Class	०	०	८,००,०००
	फूलबारी तथा सजावट	०	०	३,००,०००
	विद्युत तथा पानी	२५००००	१३३३६१	२,५०,०००
	संचार	३०००००	९९९३९	३,००,०००
	मर्मत संभार	१००००००	५८५२३०	८,००,०००
	औषधि उपचार	२५०००	३०८०	२५,०००
	यातायात खर्च	७०००००	४२०६००	७,००,०००
	इन्धन	१५००००	५८५८१	१,५०,०००
	विज्ञापन तथा प्रचार/डकुमेन्ट्री	७०००००	५७९०८८	७,००,०००
	बैङ्क चार्ज /व्याज भुक्तानी	१०००		१,०००
	आर्थिक सहायता चन्दा/निर्माण	३०००००	१११०००	२,००,०००

	सहयोग			
	बैठक वापत यातायात खर्च	१५००००	२३०३००	३,००,०००
	पोशाक खर्च	८००००	११२५००	१,२०,०००
	सामाजिक सेवा कार्यक्रम	०	०	१,००,०००
	मसलन्द	३०००००	२४०७९२	३,५०,०००
	पत्रपत्रिका	५००००	२७९५०	५०,०००
	भ्रमण खर्च	५०००००	४६९४८०	५,००,०००
	थप शै. का. तयारी/प्रस्तावना र SSR खर्च	०	२६००००	६,००,०००
	उत्सव तथा समारोह/विज्ञान प्रदर्शनी	१०००००	१६०४४०	२,५०,०००
	अतिथि सत्कार	३०००००	२६४२६९	३,००,०००
	ओभरटाइम खर्च (कर्मचारी र शिक्षक)	१०००००	८९९८९	१,००,०००
	कार्यालय बिविध खर्च	१५१४०९.६८	१३३४९४	१,७७,५७२.१६
	छपाई	३०००००	२३१२१०	३,००,०००
	विद्यार्थी कल्याण खर्च	२००००००	१२२३१९०	१७,००,०००
	अक्षयकोषबाट विश्वविद्यालयकोषबाट सङ्घ संस्था/दाताहरूबाट क्याम्पसकोषबाट	१३०००००	१२०७७००	१५,००,०००
	शैक्षिक सामाग्री खर्च	५०००००	३६९५३७	५,००,०००
	अभ्यास शिक्षण	७०००००	४९४९३०	६,००,०००
	शोधकार्य	६०००००	८२६५८०	६,००,०००
	स्व वि यु निर्वाचन	४०००००	०.००	४,००,०००
	टाइवेल्ट तथा विद्यार्थी पोशाक/परिचयपत्र	२०००००	८८४५०	२,००,०००
	खेलकुद	६०००००	४०७००९	६,००,०००
	परिषद खर्च	५०००००	२४१८४५	३,००,०००
	अवलोकन भ्रमण	५०००००	१३७८८२	५,००,०००
	वृत्ति विकास (एम फिल र पिएच डी)	१५०००००	४०६२४४	१२,००,०००
	लेखा परीक्षण शुल्क	५००००	५००००.००	६०,०००
	पुरस्कार	१३००००	१४२८५.००	१,५०,०००
	उपदान खर्च	२७०६४५६	२७०६४५६	०
	सूचना प्रणालीको व्यवस्थापन, अनुगमन, निरीक्षण तथा मूल्याङ्कन	५००००		५०,०००
	सफ्टवेयरमा डाटा इन्ट्री/ नविकरण	७००००		५६,०००

	मासिक शुल्क छुट (क्याम्पस प्रमुख)	०	७१२१२५.००	१,००,०००
	ह्रासकट्टि खर्च	५२०००००		०
	क्याम्पस नवीकरण शुल्क	२०००००	१२००००	२,००,०००
	क) अनुसन्धान खर्च	७०००००		८,५०,०००
	ख) तालिम सेमिनार, गोष्ठी, अन्तर्क्रिया, अभिमुखीकरण तथा छलफल, रणनीतिक योजना तर्जुमा	५०००००	१८३९१०.००	७,००,०००
४	**प्रकाशन खर्च**	**८९०००**	**६२०००**	**१३,३०,०००**
	अभ्यास शिक्षण पुस्तिका, क्यालेण्डर, बुलेटिन, प्रोस्पेक्टस, परिषद् प्रतिवेदन,सुकुना सन्देश, स्मारिका	६८००००	६२०००.००	८,००,०००
	जर्नल			
	क) अनुसन्धान व्यवस्थापन एकाइ	१५००००		३,००,०००
	ख) नेपाली बिभाग/व्यवस्थापन	३००००		२,००,०००
	अन्य (सुकुना सौरभ)	३००००		३०,०००
	कुल जम्मा	**७७५९६०९५.६८**	**६,५१,०५,८३७**	**८,०७,४७,२३४.१६**

१) शिक्षण तलब तथा तलब प्रशासन

शिक्षण तलबअन्तर्गत क्याम्पसको शिक्षण कार्यमा संलग्न सबै सङ्काय तथा तहका सम्पूर्ण पूर्णकालीन प्राध्यापक, कोर्सकरारका प्राध्यापक, विहानी, दिवा र सन्ध्याकालीन सत्रका अंशकालीन प्राध्यापकको पारिश्रमिक/तलब/भत्ता, पूर्णकालीन प्राध्यापकहरूको बिरामी बिदा तथा क्याम्पस प्रमुख र सहायक क्याम्पस प्रमुखहरूको घरबिदा, प्रशासनिक भत्ता, महङ्गी भत्ता, सञ्चयकोष र ग्रेडखर्च आदिमा लाग्ने खर्च समावेश गरिएको छ। त्यसैगरी तलब प्रशासनअन्तर्गत सबै पूर्णकालीन कर्मचारीको तलब, भत्ता, ग्रेड, सञ्चय कोष, घर विदा तथा बिरामी बिदा, मङ्गी भत्ता, पोसाक खर्च, सिफ्टअन्तर भई कार्य गर्ने कर्मचारीको पारिश्रमिक, सुरक्षा गार्डको तलब, स्विपर मेतहरको पारिश्रमिक र फूलबारी गोडमेलको पारिश्रमिक भुक्तानि गर्नका लागि लाग्ने खर्च रकम विनियोजन गरिएको छ। यस शीर्षकको रकम विनियोजन गर्दा निम्न नीतिहरू अवलम्बन गरिएको छ।

क) शिक्षण तलव

१.१) शिक्षण तलबअन्तर्गत क्याम्पसको शिक्षण कार्यमा संलग्न सबै सङ्काय तथा तहका सम्पूर्ण पूर्णकालीन प्राध्यापक, कोर्सकरारका प्राध्यापक, विहानी, दिवा र सन्ध्याकालीन सत्रका अंशकालीन प्राध्यापकहरू तथा पूर्णकालीन प्राध्यापकको अतिरिक्त कक्षा, सबै तहका सेमेष्टर कार्यक्रम तर्फ कार्यरत प्राध्यापकले साविकमा खाइपाइ आएको आधारभूत तलव (शुरु तलव स्केल) को २०७६ श्रावण १ गते देखि लागुहुने गरी १८ (अठार)

प्रतिसतले तलवमान वृद्धि गरिएको छ । यसो गर्दा शिक्षण तलव तर्फ खर्चहुने जम्मा रु. ५,०८,४६,९११/- रकम विनियोजन गरिएको छ ।

१.२) विश्वविद्यालय अनुदान आयोग र त्रिभुवन विश्वविद्यालयका पदाधिकारीहरूले विभिन्न समयमा दिएको सुझाव, प्राज्ञिक उन्नयन, वृत्ति विकास, देशका विभिन्न क्षेत्रका QAA प्राप्त क्याम्पसहरूले गरेको व्यवस्था समेतका आधारमा क्याम्पस नियमावली २०५४ को तेस्रो संशोधन २०७४, शिक्षक सेवा आयोग विनियम २०७२ लाई आधार मानी क्याम्पस सञ्चालक समिति र शिक्षक सेवा आयोगले नीति, मापदण्ड र कार्यविधि तयारगरी लागु गर्नेगरी देहायअनुसारको व्यवस्था गरिएको छ ।

i) उपप्राध्यापकबाट सहप्राध्यापकमा बढुवा गरिने ८ जना ।

ii) शिक्षण सहायकबाट उपप्राध्यापकमा स्थायी गरिने ५ जना ।

iii) करारमा कार्यरत शिक्षण सहायकलाई निर्धारित कार्यभार (पिरियड) पुगेको अवस्थामा पूर्णकालिन अस्थायी गरिने ६ जना । जस अन्तर्गत बी.एस्सी. कक्षाको कार्यभारलाई आधार मानी विज्ञान तर्फ ३ जना, आई.सि.टि. कक्षाको कार्यभारलाई आधार मानी १ जना, स्नातक तह व्यवस्थापनका कक्षाको कार्यभारलाई आधार मानी १ जना र स्नातक तहको व्यवस्थापन तथा शिक्षशास्त्र सङ्काय तर्फको अर्थशास्त्रको कार्यभारलाई आधार मानी १ जना ।

iv) यसो गर्दा कुनै एकसत्रमा निर्धारित कार्यभार नपुगेमा अर्कोसत्रको कार्यभारलाई समेत समावेश गरी कार्यभार गणना गरिएको छ ।

v) कम्तिमा अंशकालीन रुपमा एक शैक्षिक सत्र अध्यापन गरी अविछिन्न सेवारत अंशकालीन प्राध्यापकहरूलाई मासिक रुपमा १२ (बाह्र) महिनासम्मको तोकिएको पारिश्रमिक भुक्तानी गरिने छ ।

vi) दुई घण्टीसम्म कोर्स करारमा कार्यरत प्राध्यापकहरूले अतिरिक्त कक्षा अध्यापन गर्नुपरेमा अतिरिक्त कक्षाका लागि १.२ (v) अनुसारको पारिश्रमिक भुक्तानी गरिने छ ।

vii) अंशकालीन पिरियड बेसिस प्राध्यापकहरूका लागि प्रति १०० पूर्णाङ्क प्रतिघण्टीका लागि रु. ३४०/- का दरले पारिश्रमिक रकम भुक्तानी गरिने छ ।

viii) पूर्णकालीन प्राध्यापकहरूले एउटै सिफ्टमा तोकिएको कार्यभारभन्दा बढि कक्षा अध्यापन गरेमा साविकको पारिश्रमिकमा १८ प्रतिसतले वृद्धिगरी भुक्तानी दिइने छ ।

ix) व्यवस्थापन सङ्काय तर्फ विहानी सत्रका पूर्णकालीन प्राध्यापकहरूको कार्यभार गणना गर्दा सोहीसत्रको एम.बि.एस. कक्षा अध्यापन गरेमा ३ क्रेडिट आवरका लागि दैनिक ०.७५ घण्टी (साप्ताहिक ४.५ घण्टी) मानिने छ तर तोकिएको कार्यभार अन्यत्र नै पूरा भई उक्त कक्षा अध्यापन गरेमा सेमेष्टर प्रणालीमा अध्यापन गर्ने अन्य शिक्षक सरह पारिश्रमिक हुनेछ ।

x) एउटै सत्रमा तोकीएको कार्यभार पूरा गरेका पूर्णकालीन प्राध्यापकहरूले वा बिहानी सत्रका दुई विषयसम्मका लागि कोर्स करारमा नियुक्त प्राध्यापकहरूले सिफ्टअन्तर हुनेगरी प्राध्यापन गरेमा + २ तहका लागि प्रति १०० पूर्णाङ्ककको प्रति विषयका लागि प्रति महिना रु.५,९००।- र स्नातक तहका लागि प्रति १०० पूर्णाङ्ककको प्रति विषयका लागि प्रति महिना रु. ६,३७५।- का दरले बाह्र (१२) महिनाको पारिश्रमिक भुक्तानी दिइनेछ ।

xi) बेलुकी सत्रका सहायक क्याम्पस प्रमुखको सोही सत्रको कार्यभार ६ (छ) क्रेडिट आवर हुनेछ र निजले अन्यसत्रमा अध्यापन गरेमा १.२ (x) अनुसारको पारिश्रमिक भुक्तानी दिइने छ ।

xii) पूर्णकालीन प्राध्यापकहरूको एउटैसत्रमा तोकिएको कार्यभार नपुगभएमा सिफ्टअन्तरमा गई कार्यभार पूरा गराइने छ ।

xiii) पूर्णकालीन स्थायी वा अस्थायी प्राध्यापकले तोकिएको कार्यभार पूरागर्न असमर्थ भएमा वा मञ्जुर नगरेमा वा तयार नभएमा वा कार्यभार पुऱ्याउन नसकिएमा त्यस्ता प्राध्यापकहरूका लागि खाइपाई आएको मासिक तलवभत्तामानलाई तोकिएको पूर्ण कक्षाभार सङ्ख्याले भागगर्दा प्राप्तहुने भागफल बराबर प्रतिघण्टीका दरले पारिश्रमिक भुक्तानी दिइने छ ।

xiv) क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, कार्यक्रम संयोजक, कार्यक्रम निर्देशक, विभागिय प्रमुख/विषय शिक्षण समितिका प्रमुख QAA फोकल पर्सन र आ.सि.टि. फोकल पर्सनको प्रशासनिक भत्ता साविकअनुसार हुनेछ ।

xv) दुई घण्टीका लागि कोर्स करारमा नियुक्त भएका प्राध्यापकहरूलाई अतिरिक्त कक्षा दिँदा त्यस्ता प्राध्यापकको कार्यसम्पादन मूल्याङ्कन, क्याम्पसको आश्यकता तथा औचित्य, सम्बन्धित प्राध्यापकले क्याम्पसलाई उपलब्ध गराउने समय, विषयविज्ञता र शिक्षणको प्रभावकारिताका आधारमा थप कक्षाभार दिन सकिने छ ।

xvi) माथिको बुँदा नं. १.१ वा १.२ को क्रमसङ्ख्या (i) देखि (xv) सम्ममा जुसुकै व्यवस्था गरिएको भएता पनि वा जुनसुकै कुरा लेखिएको भएता पनि सामान्यतया कुनै पनि शिक्षक वा प्राध्यापकहरूलाई एउटै सिफ्टमा चार (४) घण्टीभन्दा बढी वा ४०० पूर्णाङ्कभन्दा बढी कार्यभार दिइने छैन । तर कारणवस तत्काल अर्को जनशक्तिको व्यवस्था गर्न नसकिएमा वा तत्काल अर्को थप जनशक्तिको अभाव भएमा वहालमा रहेका विषय मिल्ने जुनसुकै प्रकृतिका शिक्षक वा प्राध्यापकलाई अर्को व्यवस्था नहुन्जेलसम्मका लागि प्रति १०० पूर्णाङ्क प्रति पाँचौं विषयको लागि शिक्षण गरेको भएमा प्रति घण्टी रु.३४०।-का दरले पिरियड बेसिसमा पारिश्रमिक भुक्तान गरिने छ ।

xvii) अन्य जुनसुकै प्रकृति वा तह वा सङ्काय वा कक्षाका शिक्षक भएता पनि साविकमा तोकिएको आधारभूत

पारिश्रमिकमा बुँदा नं. १.१ अनुसारले हिसाव गर्दा हुनआउने पारिश्रमिक भुक्तान गरिने छ ।

xviii) क्याम्पस प्रमुखलाई सबैसत्रको पूर्णकालीन (Whole Timer) कार्यगर्न २०७६ श्रावण १ गते देखि लागु हुनेगरी निजको शुरु तलब मानको छैसट्ठी प्रतिसत (६६%) थप पारिश्रमिकको व्यवस्था गरिएको छ ।

ख) प्रशासनिक तलव

१.३) प्रशासनिक तलबअन्तर्गत क्याम्पसमा कार्यरत पूर्णकालीन स्थायी, अस्थायी र अंशकालीन विभिन्न तह तथा सिफ्टका कर्मचारीहरू, सुरक्षा गार्ड, स्वीपर, मेतर र मालीको साविकमा खाइपाइ आएको आधारभूत तलव (शुरु तलव स्केल) को २०७६ श्रावण १ गते देखि लागुहुने गरी २० (बीस) प्रतिसतले तलवमान वृद्धि गरिएको छ । यसो गर्दा प्रशासनिक तलवभत्ता तर्फ खर्चहुने जम्मा रु. ८७,३०,७५१/- रकम विनियोजन गरिएको छ ।

१.४) क्याम्पस सञ्चालक समिति र कर्मचारी सेवा आयोगले आवश्यक नीति, मापदण्ड र कार्यविधि तयारगरी लागू हुने गरी देहाय-अनुसारको व्यवस्था गरिएको छ ।

i) मिति २०७६ श्रावण १ गतेदेखि लागुहुने गरी कार्यरत मध्येका जेष्ठतम १ जना नायव सुब्बा कर्मचारीलाई प्रोत्साहनस्वरुप खाइपाइ आएको दुई ग्रेड थप गर्ने ।

ii) मिति २०७६ मङ्सिर देखि लागुहुने गरी कार्यरत एकजना मुखियालाई स्थायी गर्ने ।

iii) मिति २०७६ मङ्सिर देखि लागुहुने गरी कार्यरत एकजना अंशकालीन कर्मचारीलाई अस्थायी मुखियामा नियुक्त गर्ने ।

iv) मिति २०७६ मङ्सिर देखि लागुहुने गरी खरिदार सरहको रेसिप्सनिष्ट (Receiptionist) दरवन्दी कायम गरी एकजना नयाँ नियुक्त गर्ने ।

v) मिति २०७६ मङ्सिर देखि लागुहुने गरी नायवसुब्बा सरहको विज्ञान सङ्कायको लागि ल्याव असिष्टेन्ट (Lab Assistant) नयाँ दरवन्दी कायम गरी नियुक्ति गर्ने ।

vii) मिति २०७६ मङ्सिर देखि लागुहुने गरी अधिकृतको दरबन्दी कायम गरी अधिकृत नियुक्त गर्ने ।

viii) मिति २०७६ मङ्सिर देखि लागुहुने गरी एकजना कार्यालय सहयोगी नियुक्त गर्ने ।

ix) मिति २०७६ चैत्र देखि लागुहुने गरी कार्यरत तीनजना मुखियालाई खरिदारमा बढुवा गर्ने ।

x) पूर्णकालीन कर्मचारीहरूलाई साविकमा दिइँदै आएको पोशाक खर्चलाई यस पटक पनि निरन्तरता दिइएको छ र यसका लागि साविकको खर्च समावेश गरिएको छ ।

२) अन्य सञ्चालन खर्च

अन्य सञ्चालन खर्च अन्तर्गत माथि तालिका नं. ८ मा उल्लेख गरिएको कार्यालय सञ्चालन खर्चमा समावेश गरिएका उप शीर्षकहरू पर्दछन् । यी उप शीर्षकहरू मध्ये स्पष्ट पार्नुपर्ने उप शीर्षकहरू यस प्रकार छन्

२.१) परीक्षा सञ्चालन अन्तर्गत क्याम्पसको वार्षिक कार्यपात्रोमा उल्लेख गरिएका समयमा अध्ययनरत विद्यार्थीहरूको आन्तरिक परीक्षाको व्यवस्थापन, सञ्चालन, नतिजा प्रकासन र पृष्टपोषण वापतको खर्च समावेश गरिएको छ ।

२.२) क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूको प्राज्ञिक ज्ञानका अतिरिक्त व्यवहारिक ज्ञान तथा सीप विकासका लागि Non-credit Course को तर्जुमा गरी विद्यार्थीहरूको समेत लागत सहभागितामा कार्यक्रम सञ्चालन, कार्यान्वयन र सो को प्रमाणिकरण गर्न लाग्ने खर्च समावेश गरिएकोछ । यसकासाथै सिकाइमा कमजोर विद्यार्थीहरूका लागि खास-खास विषयमा उपचारात्मक कक्षा (Remedial Clases) सञ्चालन गर्दा लाग्ने खर्च समावेश गरिएको छ ।

२.३) मर्मत संभार अन्तर्गत डेक्सबेञ्च, भ्यालढोका, इलेक्ट्रोनिक मेडिया, भवन तथा कार्यालयमा हुने टुटफुट खर्च समावेश गरिएको छ ।

२.४) यातायात खर्च अन्तर्गत विहानी सत्रका विद्यार्थीहरूका लागि पूर्वमा कानेपोखरी चोक र पश्चिममा इटहरी चोकबाट विद्यार्थीहरूलाई यातायात सुविधा पुऱ्याउने कार्यका लागि बसभाडा वापत खर्च विनियोजन गरिएको छ

२.५) विज्ञापन खर्च अन्तर्गत क्याम्पसमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमहरूको प्रचार-प्रसार, डकुमेन्ट्रि तथा विज्ञापनमा लाग्ने खर्च समावेश गरिएको छ ।

२.६) पोशाक खर्च अन्तर्गत क्याम्पसका पूर्णकालिन कर्मचारीहरूलाई क्याम्पस पोशाकका लागि विगतमा दिइँदै गरेको साविक कै खर्च समावेश गरिएको छ ।

२.७) सामाजिक सेवा अन्तर्गत क्याम्पसले सामाजिक सेवामा समेत योगदान पऱ्याउने कार्यका लागि यस सुन्दरहरैचा नगरपालिका वडा नं. १० मा रहेको श्री चण्डेश्वरी आधारभूत विद्यालयमा अध्ययनरत अनाथ, असहाय, सिमान्तिकृत, दलित र विपन्न बालबालिकाहरूको शैक्षिक, सामाजिक र प्राविधिक क्षमता अभिवृद्धि र विद्यालयका शिक्षकहरूको शैक्षणिक क्षमता अभिवृद्धिका लागि समेत सहयोग पुऱ्याउन रकम विनियोजन गरिएकोछ ।

२.८) थप शैक्षिक कार्यक्रमको तयारी, विभिन्न कार्यक्रमका लागि प्रस्तावना लेखन तथा कार्यक्रमको तयारी, विश्वविद्यालय अनुदान आयोगमा पेश गरिने कागजात तथा प्रतिवेदनको तयारी तथा QAA नविकरणका लागि SSR Report को तयारीका लागि लाग्ने खर्च समावेश गरिएको छ ।

२.९) विद्यार्थी कल्याण कार्यक्रम अन्तर्गत क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूको लागि विगतमा निर्धारण गरिएको कोटा, मूल्याङ्कन प्रक्रिया र मापदण्डका आधारमा शुल्क सहुलियतका लागि रकम विनियोजन गरिएको छ ।

२.१०) छात्रवृत्ति शीर्षक अन्तर्गत दाताहरूले प्रदान गर्नुभएको अक्षय कोषको व्याज, दाताहरूबाट प्रदान गरिने अनुदान, विभिन्न सङ्घ/संस्थाहरू, विश्वविद्यालय अनुदान आयोगको अनुदानबाट प्राप्तहुने छात्रवृत्ति कोष र क्याम्पस कोषबाट समेत सदा वर्ष भरै शैक्षिक उपलब्धिमा उत्कृष्टता हासिल गर्ने विद्यार्थीहरूलाई प्रदान गर्ने छात्रवृत्ति रकम समावेश गरिएको छ ।

२.११) अभ्यास शिक्षण अन्तर्गत शिक्षाशास्त्र सङ्कायका विद्यार्थीहरूले गर्ने अभ्यास शिक्षण कार्यक्रमको खर्च समावेश गरिएको छ ।

२.१२) शेधकार्य अन्तर्गत स्नातक तथा स्नातकोत्तरतहका विद्यार्थीहरूले गर्ने शोधपत्र तथा प्रोजेक्टवर्क वापतको खर्च समावेश गरिएको छ ।

१.१३) अवलोकन भ्रमण अन्तर्गत क्याम्पस सञ्चालक समिति, लेखा समिति, पुनरावेदन समिति तथा क्याम्पस प्रशासनबाट प्रतिनिधिमूलक ढङ्गले विभिन्न उत्कृष्ट क्याम्पसहरूको अवलोकन तथा अनुभव आदानप्रदान कार्यक्रम गर्दा लाग्ने खर्चविनयोजन गरिएको छ ।

१.१४) वृत्ति विकास उप शीर्षकअन्तर्गत यस क्याम्पसबाट सङ्कायगत रुपमा एम.फिल., पिएच. डि.गर्न जाने, प्राज्ञिक तथा प्राविधिक सभा सम्मेलन, तालिम, सेमिनार, प्रबोधिकरण, नवप्रवर्द्धन, विषेशज्ञता प्राप्तिका लागि प्रोत्साहन गर्न लाग्ने अनुमानित रकम विनियोजन गरिएको छ ।

२.१५) अनुसन्धान खर्चअन्तर्गत अनुसन्धान व्यवस्थापन एकाईले क्याम्पसका प्राध्यपक तथा कर्मचारीहरू मध्येबाट अनुसन्धान प्रस्तावनाको उत्कृष्टताको आधारमा प्रति लघुअनुसन्धान रु.४०,०००।- का दरले बढीमा ५ वटा सम्म लघु अनुसन्धान गराउने र वृहत (Rigorus) अनुसन्धानका लागि कम्तिमा एक (१) वटा अनुसन्धानका कार्य गर्न गराउनका लागि रु.१,५०,०००।- रकम विनियोजन गरिएको छ । यसका साथै स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरू मध्ये विगत वर्ष सञ्चालक समितिले गरेको निर्णयअनुसार शोधपत्र तयार गर्ने

विद्यार्थीहरू मध्ये उत्कृष्टताका आधारमा ४ जना छात्रा र ४ जना छात्रलाई प्रति शोधपत्र रु. १०,०००।- का दरले "शोधपत्र प्रोत्साहन" रकम विनियोजन गरिएको छ ।

२.१६) अनुसन्धान खर्च अन्तर्गत "लघु अनुसन्धान र वृहत अनुसन्धानका" लागि विशेषज्ञ सेवा र अनुसन्धान सहजिकरणका लागि लाग्ने रकम समावेश गरिएको छ ।

२.१७) क्याम्पसमा प्राध्यापन गर्ने प्राध्यापकहरूलाई अनुसन्धानमुलक लेखका लागि प्रोत्साहन गर्न रकम विनियोजन गरिएको छ । यसबाट अन्तर्राष्ट्रिय स्तरको अनुसन्धानमुलक जर्नलमा लेख प्रकाशन गर्ने तीन जना प्राध्यापकलाई प्रति लेख २५,०००।- र राष्ट्रिय स्तरको जर्नलमा लेख प्रकाशन गर्ने पाँच (५) जना प्राध्यापकलाई प्रति लेख रु.१०,०००।-का दरले "अनुसन्धानमुलक लेख प्रोत्साहन" रकम प्रदान गर्ने रकम विनियोजन गरिएको छ ।

२.१८) तालिम/सेमिनार खर्च अन्तर्गत यस वर्ष हुने पाठ्यक्रम अभिमुखीकरण कार्यक्रम, शोधपत्र अभिमुखीकरण कार्यक्रम, आईसीटी तालिम, स्नातक तहका लागि विषयगत अभिमुखीकरण, पुस्तकालय तथा सफ्टवेयर तालिम, बैङ्किङ तथा उद्यमशिलता तालिम,अनुसन्धान गोष्टि, पुनर्ताजगी तालिम र अन्य तालिम सञ्चालन गर्न आवश्यक पर्ने रकम विनियोजन गरिएको छ ।

२.१९) जर्नल प्रकाशन शीर्षकअन्तर्गत क्याम्पसको अनुसन्धान व्यवस्थापन एकाइले प्रकाशन गर्ने Peer Reviewed जर्नल, व्यवस्थापन सङ्काय तथा नेपाली शिक्षण विभागबाट प्रकासन हुने जर्नलका लागि रकम विनियोजन गरिएको छ ।

२.२०) प्रकासन खर्च अन्तर्गत क्याम्पसले प्रकासन गर्ने अभ्यास शिक्षण पुस्तिका, शैक्षिक पात्रो (Academic Calender), सुकुना सन्देश नामको बुलेटिन, प्रोस्पेक्टस र वार्षिक प्रतिवेदन (Annual Progress Report) प्रकासन गर्दा लाग्ने अनुमानित रकम विनियोजन गरिएको छ ।

सुझावहरू

क्याम्पसको वर्तमान संरचना, आर्थिक अवस्था र बढ्दो शैक्षिक कार्यक्रमका आधारमा निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।

१. नेपाल सरकार तथा त्रिविका वर्तमान ऐन, नियम र निर्देशिकाअनुसार क्याम्पसमा कार्यरत जनशक्तिलाई सामाजिक सुरक्षा योजनामा सहभागिता गराउन र सो योजना कार्यान्वयन गर्न पहलकदमी गर्नुपर्ने ।

२. क्याम्पसमा कार्यरत एउटै तहमा शिक्षकको तलव मानमा भएको असमानता न्यूनिकरण गर्न आवश्यक नीति बनाई कार्यान्वयन गर्नुपर्ने ।

३. क्याम्पसको दिगो विकासका लागि आम्दानीका वैकल्पिक स्रोतहरूको खोजीगरी त्यसको सुनिश्चिता कायम गर्नुपर्ने ।

४. वित्तिय अनुसासन, पारदर्शिताका र जवाफदेहिता कायम गर्न आर्थिक निर्देशिका तथा खर्च कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने ।

५. क्याम्पसको ख्याति, प्रभाव र आर्थिक अभिवृद्धिका लागि प्राविधिक, व्यवसायिक, सीपमूलक र विकाउ जनशक्तिको उत्पादन गर्न प्राविधिक प्रकृतिका नयाँ विषयहरूको सम्वन्धन लिई सञ्चालन गर्नुपर्ने ।

६. यस क्याम्पसको पूर्व विद्यार्थी सङ्गठनलाई प्रभावकारी बनाई क्याम्पसको विकासमा उनीहरूलाई सहभागी गराउनु पर्ने ।

७. यस क्याम्पसलाई प्रदेश नं. १ को उत्तम र सफल क्याम्पस बनाई प्रादेशिक विश्वविद्यालयको केन्द्रविन्दु बनाउन सर्वपक्षिय पहलकदमि गर्नुपर्ने ।

अन्त्यमा प्रस्तुत बजेट तयार गर्न सहयोग गर्ने सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामि दिनमा पनि अझै सिर्जनात्मक सहयोगको अपेक्षा गर्दछु । प्रस्तुत बजेटलाई गहन छलफल र विश्लेषण गर्दै पारित गरिदिनु हुन सञ्चालक समितिका सम्पूर्ण पदाधिकारीहरूलाई हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद !

बजेट मस्यौदा समिति २०७६ को तर्फबाट

प्रस्तोता

चन्द्रमणि राई

क्याम्पस प्रमुख

क्याम्पस प्रमुख

एवम्

संयोजक

बजेट मस्यौदा समिति २०७६

सुकुना बहुमुखी क्याम्पस

सुन्दरहरैंचा, मोरङ

बजेटका आवश्यक थप विवरणहरूअनुसूची १ देखि ६ सम्ममा समावेश गरिएका छन् ।

Annex 17: Calculation of Unit Cost

Sukuna Multiple Campus

Sundarharaincha, Morang

Calculation of Unit Cost of the Institution

Total Amount of Annual Expenditure: NPR- 118282479/-

(Source: Budget Book, 2075/76)

a. Amount of Current Expenditure: 65105837/-

(Source: Budget Book, 2075/76)

b. Amount of Capital Expenditure 15660176/-

(Source: Budget Book, 2075/76)

c. **Unit Cost** = $\frac{\text{total annual expenditure budget}}{\text{number of students}}$

$= \frac{80766013}{1905}$

= Rs.42397 per student (Total Expenditure)

Unit cost calculated excluding salary component = $\frac{\text{total annual expenditure budget - salary}}{\text{number of students}}$

$= \frac{80766013-49702867}{1905}$

$= \frac{31063146}{1905}$

= Rs.16306 per student (Excluding Salaries)

Campus Chief

Annex 18: Academic Calendar 2076/077

सुकुना बहुमुखी क्याम्पस

सुन्दरहरैंचा-१२, मोरङ
स्था.: २०४८

Ph.No.: 021-545617, 021-545717
Notice Board No.: 1618021-545717
E-mail: sukunac@yahoo.com
website:www.sukuna.edu.np

शैक्षिक क्यालेण्डर २०७६/०७७ (Academic Calendar 2019/020)

स्नातक तहमा सञ्चालित कार्यक्रमहरू
शिक्षा, व्यवस्थापन, विज्ञान र मानविकी

स्नातकोत्तर तहमा सञ्चालित कार्यक्रमहरू
शिक्षा र व्यवस्थापन

स्नातक र स्नातकोत्तर तहका अन्तिम परीक्षाहरू त्रि.वि.को कार्यक्रमअनुसार सञ्चालित हुनेछन् । यसबाट प्रभावित कार्यक्रमहरूलाई क्याम्पसले व्यवस्थापन गर्नेछ ।



२०७६ साउन (July-Aug. 2019)

आइतबार SUNDAY	सोमवार MONDAY	मंगलवार TUESDAY	बुधवार WEDNESDAY	बिहीवार THURSDAY	शुक्रवार FRIDAY	शनिवार SATURDAY
			१ 17	२ 18	३ 19	४ 20
५ 21	६ 22	७ 23	८ 24	९ 25	१० 26	११ 27
१२ 28	१३ 29	१४ 30	१५ 31	१६ Aug.1	१७ 2	१८ 3
१९ 4	२० 5	२१ 6	२२ 7	२३ 8	२४ 9	२५ 10
२६ 11	२७ 12	२८ 13	२९ 14	३० 15	३१ 16	३२ 17

HOLIDAYS

30ᵃᵉ - Rakshya Bandan

Shrawan 1ˢᵗ week:
- B.Sc. 4ᵗʰ year class begins
- B.Sc. 3ʳᵈ year practical, B.B.S., B.Ed., B.Sc. and B.A. 1ˢᵗ year free ship interview
- B.Ed. ICT 2ⁿᵈ 5ᵗʰ and 7ᵗʰ semester class continuation, 4ᵗʰ Semester course commencement, 5ᵗʰ and 7ᵗʰ Semester internal exam
- Workshop on term paper writing for B.B.A., Result publication of 2ⁿᵈ semester first internal exam
- Practical examination of B.Sc. 3ʳᵈ year Zoology
- Commencement of academic season for B.Sc. 3ʳᵈ year
- Department meeting for Routine preparation B.Ed. Mathematics
- Discussion about annual plan of Dept. of Nepali
- Beginning of classes for M.Ed. 3ʳᵈ semester
- Management and Enhancement of Library and Reading room
- Preparation of AQAR

Shrawan 2ⁿᵈ week:
- M.B.S. and M.Ed. course completion
- B.B.S. B.Ed. and B.Sc. Final Examination
- First Aid Service
- Faculty Meeting of Nepali Department
- Thesis writing of M.Ed. English
- Practical exam of B.Sc. 3ʳᵈ year students
- Annual plan of Extracurricular Activities

Shrawan 3ʳᵈ week:
- B.B.S., B.Ed. and B.A. First year Entrance Examination
- Freeship Interview for B.Ed. B.A. and B.Sc.2ⁿᵈ Year
- 2ⁿᵈ Internal Examination of B.B.A.

Shrawan 4ᵗʰ week:
- Final Observation of B.Ed. one year, B.Ed. three year and M.Ed. 2ⁿᵈ year (partial)
- Department Meeting for Routine preparation for B.Ed. Mathematics
- Last examination of M.B.S. 1ˢᵗ semester
- B.B.A. 1ˢᵗ semester class begins
- Commencement of Campus council Meeting of B.B.A. Examination Committee

२०७६ भदौ (Aug.-Sept. 2019)

आइतबार SUNDAY	सोमवार MONDAY	मंगलवार TUESDAY	बुधवार WEDNESDAY	बिहीवार THURSDAY	शुक्रवार FRIDAY	शनिवार SATURDAY
१ 18	२ 19	३ 20	४ 21	५ 22	६ 23	७ 24
८ 25	९ 26	१० 27	११ 28	१२ 29	१३ 30	१४ 31
१५ Sept.1	१६ 2	१७ 3	१८ 4	१९ 5	२० 6	२१ 7
२२ 8	२३ 9	२४ 10	२५ 11	२६ 12	२७ 13	२८ 14
२९ 15	३० 16	३१ 17				

HOLIDAYS

16ᵃᵉ - Haritalika Teej

Bhadra 1ˢᵗ week:
- Result publication of B.B.S., B.A. and B.A.1ˢᵗ year Entrance exam
- Admission of B.B.S., B.A. and B.A.1ˢᵗ year Entrance exam
- Department meeting of All Faculties
- Orientation of B.B.S., B.A. and B.A.1ˢᵗ year students
- Course continuation of B.Ed. ICT 2ⁿᵈ 4ᵗʰ and 7ᵗʰ Semester class continuation
- Internal Examination of 5ᵗʰ and 7ᵗʰ semester B.Ed. ICTE
- Interactive program on Contemporary issues for B.B.A.
- Practice teaching for B.Ed. one year
- Meeting of teaching practice committee
- Assistance to the B.Ed. 1ˢᵗ year students for classroom teaching

Bhadra 2ⁿᵈ week:
- B.B.S., B.A. and B.Ed. 1ˢᵗ year and 3ʳᵈ year class begin
- M.B.S. 2ⁿᵈ semester class begins
- Staff meeting of B.Ed. ICTE
- Commencement of class for B.Ed. 4ᵗʰ semester ICTE
- Announcement of distribution of Entrance exam form for B.Ed. ICTE1ˢᵗ semester
- Interaction between the teachers and students of M.B.S. and M.Ed.
- On campus program for B.Ed. 4ᵗʰ year
- Interaction program for 4ᵗʰ year students of B.Sc.

Bhadra 3ʳᵈ week:
- Interactive program between the students of B.Sc. 4ᵗʰ year
- Result publication of B.Ed. ICTE 7ᵗʰ semester
- CMAT for admission in B.B.A. 1ˢᵗ semester
- Interaction between the students of B.Ed. 1ˢᵗ 2ⁿᵈ 3ʳᵈ and 4ᵗʰ year students
- Issue of Notice for Scholarship
- Interview for selection of students for Scholarship
- Meeting of extracurricular activities committee
- Preparation of Academic calendar and approval

Bhadra 4ᵗʰ week:
- Publication of CMAT results of B.B.A.
- Pre-board examination of 2ⁿᵈ semester B.B.A.
- Unit exam of B.Sc. 4ᵗʰ year

Meeting of Department of Health and Population
Council Meeting of SMC.

"A well-educated mind will always have more questions than answers." - Helen Keller

Scanned with CamScanner

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त
विश्वविद्यालय अनुदान आयोगद्वारा गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) प्राप्त

सुकुना बहुमुखी क्याम्पस

सुन्दरहरैंचा-१२, मोरङ
स्था. २०४८

Ph.No.: 021-545617, 021-545717
Notice Board No.: 1618021-545717
E-mail: sukunac@yahoo.com
website:www.sukuna.edu.np

शैक्षिक क्यालेण्डर २०७६/०७७ (Academic Calendar 2019/020)

स्नातक तहमा सञ्चालित कार्यक्रमहरू
शिक्षा, व्यवस्थापन, विज्ञान र मानविकी

स्नातकोत्तर तहमा सञ्चालित कार्यक्रमहरू
शिक्षा र व्यवस्थापन

स्नातक र स्नातकोत्तर तहका अन्तिम परीक्षाहरू त्रि.वि.को कार्यक्रमअनुसार सञ्चालित हुनेछन् । यसबाट प्रभावित कार्यक्रमहरूलाई क्याम्पसले व्यवस्थापन गर्नेछ ।





२०७६ असोज Sep.-Oct 2019

आइतबार SUNDAY	सोमबार MONDAY	मंगलबार TUESDAY	बुधबार WEDNESDAY	बिहीबार THURSDAY	शुक्रबार FRIDAY	शनिवार SATURDAY
			१ Sept. 18	२ 19	३ 20	४ 21
५ 22	६ 23	७ 24	८ 25	९ 26	१० 27	११ 28
१२ 29	१३ 30	१४ Oct.1	१५ 2	१६ 3	१७ 4	१८ 5
१९ 6	२० 7	२१ 8	२२ 9	२३ 10	२४ 11	२५ 12
२६ 13	२७ 14	२८ 15	२९ 16	३० 17		

HOLIDAYS

3rd - Constitution Day 12th-30th - Dashain Vacation

२०७६ कार्तिक Oct.-Nov. 2019

आइतबार SUNDAY	सोमबार MONDAY	मंगलबार TUESDAY	बुधबार WEDNESDAY	बिहीबार THURSDAY	शुक्रबार FRIDAY	शनिवार SATURDAY
					१ 18	२ 19
३ 20	४ 21	५ 22	६ 23	७ 24	८ 25	९ 26
१० 27	११ 28	१२ 29	१३ 30	१४ 31	१५ Nov.1	१६ 2
१७ 3	१८ 4	१९ 5	२० 6	२१ 7	२२ 8	२३ 9
२४ 10	२५ 11	२६ 12	२७ 13	२८ 14	२९ 15	३० 16

HOLIDAYS

1st-12th - Dashain-Tihar Vacation 16th - Chhait Puja

Ashwin 1st week:
- B.Sc. 2nd year class begins
- First internal exam of B.B.S. 1st year
- Class commencement of B.Ed. ICTE 6th semester
- Course continuation of 2nd and 4th semester B.Ed. ICTE
- Practical exam of B.Sc. 2nd year
- Approval of Working plans of all Departments

Ashwin 2nd week:
- Research orientation to the teachers for Academic article writing
- Comprehensive research guidelines development
- Formation of Organizational structure and approval of Campus

DASHAIN TIHAR and CHHATH begin from Ashwin 11 2076 to Kartik 12, 2076
Meeting of FoD

Kartik 1st week:
- Vacation continues

Kartik 2nd week:
- Classes resume for all faculties
- Course commencement of B.Ed. ICTE
- Meeting of all faculties teaching staffs
- Orientation and Welcome Program for B.Ed. ICTE1st semester
- Meeting of nature club: plantation of flower and plants
- Commencement of Academic session for B.Sc. 2nd year
- Appointment of Academic Auditor
- Formation of SQC, SAT, RMC, EMIS, Clubs, Units, ALUMNI Association

Kartik 3rd week:
- Review meeting of Nepali Department
- Commencement of classes for B.Ed. ICTE 3rd semester
- Orientation and Welcome program for B.B.A. 1st semester
- Commencement of regular class B.B.A. 1st and 3rd semester
- Meeting of Health and Population faculty
- Interaction program between Campus chief, Assistant campus chief and 3rd year students
- Beginning of classes for M.Ed. 2nd semester

Kartik 4th week:
- Welcome program by BBA 3rd semester
- Entrance examination intended for admission in B.Sc. 1st year
- Internal examination and result publication B.Ed. 2nd and 4th semester
- Commencement of classes for B.Ed. ICT 1st 6th and 8th semester
- Continuation of classes for B.Ed. ICT 4th semester
- Admission and form fill up of M.B.S. 4th semester
- Knowledge sharing on Research management
- Connection of multimedia projector in the classrooms
- Analysis and recommendation on Curriculum and Suggestions from various Departments

Scanned with CamScanner

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त
विश्वविद्यालय अनुदान आयोगद्वारा गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) प्राप्त

सुकुना बहुमुखी क्याम्पस

सुन्दरहरैंचा-१२, मोरङ
स्था. २०४८

Ph.No.: 021-545617, 021-545717
Notice Board No.: 1618021-545717
E-mail: sukunac@yahoo.com
website:www.sukuna.edu.np

शैक्षिक क्यालेण्डर २०७६/०७७ (Academic Calendar 2019/020)

स्नातक तहमा सञ्चालित कार्यक्रमहरू
शिक्षा, व्यवस्थापन, विज्ञान र मानविकी

स्नातकोत्तर तहमा सञ्चालित कार्यक्रमहरू
शिक्षा र व्यवस्थापन

स्नातक र स्नातकोत्तर तहका अन्तिम परीक्षाहरू त्रि.वि.को कार्यक्रमअनुसार सञ्चालित हुनेछन् । यसबाट प्रभावित कार्यक्रमहरूलाई क्याम्पसले व्यवस्थापन गर्नेछ ।





२०७६ मंसिर Nov.-Dec. 2019

आइतबार SUNDAY	सोमबार MONDAY	मंगलबार TUESDAY	बुधबार WEDNESDAY	बिहीबार THURSDAY	शुक्रबार FRIDAY	शनिबार SATURDAY
१ 17	२ 18	३ 19	४ 20	५ 21	६ 22	७ 23
८ 24	९ 25	१० 26	११ 27	१२ 28	१३ 29	१४ 30
१५ 1	१६ 2	१७ 3	१८ 4	१९ 5	२० 6	२१ 7
२२ 8	२३ 9	२४ 10	२५ 11	२६ 12	२७ 13	२८ 14
२९ 15	३० 16					

HOLIDAYS

२०७६ पुस Dec. 2019- Jan 2020

आइतबार SUNDAY	सोमबार MONDAY	मंगलबार TUESDAY	बुधबार WEDNESDAY	बिहीबार THURSDAY	शुक्रबार FRIDAY	शनिबार SATURDAY
		१ 17	२ 18	३ 19	४ 20	५ 21
६ 22	७ 23	८ 24	९ 25	१० 26	११ 27	१२ 28
१३ 29	१४ 30	१५ 31	१६ Jan.1	१७ 2	१८ 3	१९ 4
२० 5	२१ 6	२२ 7	२३ 8	२४ 9	२५ 10	२६ 11
२७ 12	२८ 13	२९ 14				

HOLIDAYS

9th - Christmas Day
16th-29th - Winter Vacation

Mangsir 1st week:
- Course continuation of B.Ed. ICTE 4th 6th 8th semester
- Workshop on case analysis for BBA first semester
- First internal exam of B.Ed. 4th year
- Meeting of exam committee
- Admission of M.Ed. Mathematics 1st semester
- Interaction on new course for B.A. 4th year
- Practical exam of B.Sc. 1st year
- Conduct of Extempore oratory
- Establishment of inter-organizational relation
- Distribution of self appraisal forms

Mangsir 2nd week:
- Meeting of teaching and non teaching staff of B.Sc.
- Notice on scholarship
- Educational tour of MBS 4th semester
- Orientation program for B.Sc. 1st year

Mangsir 3rd week:
- First internal exam of BBA 1st semester
- Irrigation and plantation programme of Nature Club
- On campus program for B.Ed. 4th year
- Subject wise interaction of Sociology and Economics
- Internal Examination of M.Ed. 3rd semester

Mangsir 4th week:
- Class completion of B.Ed. ICTE 4th semester
- Class commencement of B.Ed. ICTE 3rd semester
- Result publication and teacher meeting of BBA
- Result analysis, review and interaction among students Management of Guest lecture

Meeting of HoD.

Poush 1st week:
- Class continuation of B.Ed. ICTE 3rd 6th 8th semester
- Excursion Tour for BBA 3rd semester
- Scholarship interview of all the students
- Seminar on Business Establishment and Motivation of BBA
- Peer teaching of B.Ed. 4th year
- Admission and form filling of MBS 1st year
- Internal examination of B.Ed. ICTE 6th and 8th semester
- Analysis of Academic Audit

Poush 2nd week:
